# अध्याय: एक
# परिचय

## १.१ पृष्ठभूमी

नेपालमा बि.सं.२०४६ साल पछिको परिवर्तनको क्रमलाई हेर्ने हो भने शिक्षित युवायुवतीहरुको संख्या वर्षेनी बढ्दै गएको तर सो अनुपातमा राष्ट्रले रोजगारी खपत हुने क्षेत्रहरुको विकास गर्न नसिकी रहेको यथार्थले बेरोजगार एउटा समस्याको रूपमा रहेको छ । देशको अधिकांश जनशक्ति कृषिमा निर्भर रहेको र अन्य वैकल्पिक रोजगार सृजना गर्न नसक्दा ठूलो उत्पादनशिल जनशक्ति दिनानुदिन विदेशिने क्रम बढिरहेको छ । यसलाई नेपाल सरकारले विश्वासिलो र व्यवस्थित बनाउन नीति, नियम, ऐन बनाएको भएता पनि व्यवस्थित गर्न सकेको छैन् । नेपाल सरकारले वैदेशिक रोजगारबाट हुने वार्षिक आय र रोजगारीमा जानेको मात्र साङ्ख्यिकीय रेकर्ड राख्ने मात्र काम गरेको छ । तर वैदेशिक रोजगारले कामदारको पारिवारीक, आर्थिक, सामाजिक तथा साँस्कृतिक पक्षमा पारेको प्रभाव एवं सीप र दक्षतामा परेको प्रभाव, प्रविधि हस्तान्तरण, वैदेशिक रोजगारप्रति उनीहरूको धारणाको बारेमा अनुसन्धान गर्न सकेको छैन । यो आफैमा एउटा अनुसन्धानको विषयवस्तु हुनसक्छ ।

परिवार प्रणालीको क्रमिक विकासको क्रममा समाज विकासका बिभिन्न चरणहरु पार हुँदै आउँदा पारिवारिक कार्य बिभाजन वा श्रम बिभाजनका रणनीतिहरु पनि बदलिंदै आएका छन् । घर भित्रको काम गर्ने र घर बाहिरको काम गर्ने, घरको कार्यमा मात्र खट्ने र मौद्रिक आर्जनका लागि घर बाहिर काम गर्ने, देश भित्र काम गर्ने र आर्जनका लागि देश बाहिरको श्रम बजारमा काम गर्ने बिभिन्न रणनीतिहरु विकास हुँदै आए । बजारमूखी उत्पादन प्रणालीले कमाईलाई आर्थिक मूल्यमा अनुवाद गरेर सामाजिक मूल्य दिन थाले पछि घर भित्रको गैह्र मौद्रिक काम गर्नेको तुलनामा घर बाहिर काम गरि मौद्रिक आर्जन गर्नेलाई उच्च मुल्य दिने सामाजिक परिपाटी बस्न थाले देखि परिवारका सदस्यहरुमा घर बाहिरको मौद्रिक आर्जन प्रति आकर्षण बढायो । यो परिस्थितिले घर बाहिरको मौद्रिक आर्जनका निम्ती देश बाहिरका काममा पनि परिवारका सदस्यहरु पठाउन वा जानका लागि प्रेरित हुन थाले । यहि प्रकृयाले नै बैदेशिक रोजगारको अभ्यास शुरु भयो । यस्ता बैदेशिक रोजगारमा नागरिकहरुको सहभागिता र सुरक्षा व्यवस्थापनका लागि आफ्नो देशले बैदेशिक रोजगार नीति, कानून र परराष्ट्र सम्वन्धका सवालमा पनि कानुनी व्यवस्था गरेर बैदेशिक रोजगारलाई परिवार प्रणालीको दायरा भन्दा माथी राष्ट्रिय अर्थतन्त्रको रुपमा बैदेशिक मुद्रा आर्जनको रणनीतिको रुपमा पनि हेर्न थालियो । अझ मुद्रा सटही प्रणालीले विकासोन्मूख देशका बजारमा विकसित भनिएका देशको मौद्रिक मुल्य उच्च हुनका कारण बैदेशिक रोजगारमा युवा जनशक्तिको आकर्षण बढ्न थाल्यो । यसकारणले अधिकांश ग्रामीण र शहरी क्षेत्रमा परिवारका सदस्यहरुमा बैदेशिक रोजगार एक स्वभाविक आर्थिक गतिविधी र अवसरका रुपमा हेर्न थालियो । यो खालको सामाजिक, आर्थिक सम्वन्ध र अवसरले कतिपय पारिवारिक चुनौति थपिएका छन भने परिवार प्रणालीका अन्तर-सदस्य बीचको सम्वन्ध प्रणालीमा पनि प्रभाव पारिरहेको छ । राष्ट्रिय अर्थतन्त्र बिप्रेषणमा आधारित भएको बेला स्वभाविक रुपमा चलिरहेको अर्थतन्त्र पनि विप्रेषण उन्मूख

बन्दै गएको छ । यसले युवाहरुलाई वैदेशिक रोजगारमा धकेल्न र तान्न प्रेरित गरिरहेको परिस्थिति संगै परिवारका सदस्य बीचको अन्तर-सम्वन्ध प्रणाली पनि बदलिँदै गएको छ । नेपाली समाजमा पनि अधिकांश युवाहरु बैदेशिक रोजगारतर्फ उन्मूख हुने दर बढेको कुरा बैदेशिक रोजगार सुचना केन्द्रले देखाई रहेको छ । कामको खोजीमा युवा जनशक्ति विदेशिने क्रम बढ्दै गएपछि घरभित्र र देशभित्र काम गर्ने परम्परागत जीवीका रणनीति देशबाहिर काम गर्ने रणनीतिमा रुपान्तरण हुन थालेपछि, परिवार प्रणालीका सदस्यहरु बीचको अन्तरसम्वन्ध प्रणाली सँगसँगै परिवारको सामाजीकीकरण प्रकृयामा के परिवर्तन आईरहेको छ भन्ने विषयमा अनुसन्धान गर्नु पर्ने खाँचो देखिएको छ । बैदेशिक रोजगार प्रणालीमा बढ्दो आकर्षण र अभ्यासका कारण नेपाली समाजको परिवार प्रणालीका सम्वन्धगत ढाँचाहरुमा पारेको असर पनि समाजशास्त्रीय अनुसन्धानको चासोको विषय बन्न पुगेकाले सोही विषयमा केन्द्रित भएर वैदेशिक रोजगार प्रतिको आकर्षण तथा समस्याहरुको विषयमा शोधकार्य गरिएको हो ।

## १.२ समस्याको कथन

विश्वको कुनै पनि क्षेत्र वा मुलुकहरूमा रहेको वेरोजगार श्रमशक्ति विश्वको अर्को क्षेत्र वा मुलुकमा रोजगारको लागी जाने क्रमलाई वैदेशिक रोजगारी भनिन्छ । एक मुलुकको श्रम बजारको श्रमशक्ति अर्को मुलुकको श्रमबजारमा व्यवस्थित रूपमा गई रोजगारी गर्नुलाई वैदेशिक रोजगार सेवा भनिन्छ । विश्व बजारमा रहेको श्रमशक्तिको व्यवस्थित निर्यात गर्ने अथवा काममा लगाईदिने कार्यलाई वैदेशिक रोजगार व्यवसाय भनिन्छ (वै.रो.ऐ.,२०६४) ।

अन्तराष्ट्रिय श्रम संगठनले सन् १९८३ मा रोजगारीको अन्तराष्ट्रिय परिभाषा तयार पारेको छ । जसअनुसार काम गर्ने उमेरका आर्थिक क्रियाकलापमा संलग्न मानिसहरू जो कुनै निश्चित समयसम्म काम गर्दछन् भने त्यसलाई रोजगारी भन्दछन् । नगद वा वस्तुमा ज्याला लिएर काम गर्नुलाई ज्याला भुक्तानी लिने रोजगारी र आफ्नै व्यवसायमा ज्याला नलिई काम गर्नुलाई स्वरोजगार भनिन्छ (रेग्मी, २०५६:२) ।

नेपालको सन्दर्भमा हेर्ने हो भने यहाँ रहेको जनशक्तिको पूर्णरुपमा परिचलान हुन सकेको छैन । कृषिमा संलग्न ७९.९१ प्रतिशत जनसंख्या अर्ध बेरोजगार अवस्थामा छन् भने अन्य शिक्षित, दक्ष बेरोजगार समेत बढ्दो अवस्थामा छ । यसरी देश भित्रको जनशक्ति, श्रमशक्ति बेरोजगार रहेको र पूर्ण खपत गराउन सकिने माध्यमको कमि रहेको अवस्थामा विश्व श्रमशक्तिको माग धेरै रहेका राष्ट्रहरुसँग श्रम सम्झौता गरि बेरोजगार श्रमशक्तिलाई उक्त बजारमा खपत गराउने नीति नेपाल सरकारले लिएको छ । जस अनुसार हाल ११० मूलुकहरुमा वैदेशिक रोजगारीका लागि जान ईजाजत दिईएको छ । एक मूलुकको श्रमशक्ति अर्को मूलुकको श्रम बजारमा व्यवस्थित रुपले गई काम गर्नुलाई बैदेशिक रोजगार सेवा र विश्व बजारमा रहेको श्रम शक्तिको व्यवस्थित निर्यात (काम लगाईदिने) गर्ने कार्यलाई वैदेशिक रोजगार व्यवसाय भनिन्छ (वै.रो.वि.,२०६९) ।

विकासशील राष्ट्रहरूको सुचीमा पर्ने नेपाल, शिक्षा, स्वास्थ्य, गरिबी जस्ता समस्यावाट अझै माथी उठ्न सकेको छैन । कृषि प्रधान देशको रूपमा रहेता पनि कृषि क्षेत्रको उचित रूपमा विकास हुन

सकेको छैन । कृषि क्षेत्रमा निर्भर बहुसंख्यक जनताको आर्थिकस्तर अझै पनि आधारभूत आवस्यकता परिपूर्तिका लागि भौतारिनु पर्ने अबस्था छ (के.सी.,२०६६:११९) ।

वैदेशिक रोजगार व्यवसायिक रूपमा वि.सं.२०४२ सालबाट शुरु भएता पनि Employment Permit System (EPS) द्वारा दक्षिण कोरियामा रोजगारको लागी नेपाली युवायुवती श्रमिकको रुपमा वि.सं.२०६४ श्रावण ७ को नेपाल सरकार मन्त्रिपरिषदको निर्णयबाट रोजगारीको लागि जान खुला गरिएको हुँदा वि.सं. २०६४/०६५ देखि वि.सं.२०७४ असोज मसान्तसम्मको तथ्याङ्कलाई यस अध्यायमा समेट्ने प्रयास गरिएको छ । यस अध्ययनमा वैदेशिक रोजगारमा जाने युवा युवतीहरुको क्रम किन दिन प्रतिदिन बढ्दै गईरहेको छ भन्ने कुरालाई सकेसम्म उजागर गर्ने प्रयास गरिएको छ। वर्तमान परिप्रेक्ष्यमा पनि वैदेशिक रोजगारमा जाने युवाहरूको संख्या दिनप्रतिदिन वृद्धि हुँदै गईरहेको सन्दर्भमा विदेशी कामदारहरुको हक-हित र सुविधा कानूनबाटै व्यवस्थित गरिएको र यसको उल्लंघन भएमा प्रभावकारी उपचारको व्यवस्था भएको, न्यूनतम लागतमा आकर्षक पारिश्रमिक एवं पारदर्शी र स्वच्छ रोजगार प्रणाली भएको कारणले आकर्षक रोजगार गन्तव्यका रुपमा दक्षिण कोरिया लोकप्रिय बन्दै गएको हो । दक्षिण कोरियाले हालसम्म भ्एक द्वारा कामदार ल्याउन दक्षिण एसियाका १६ देशहरु सँग श्रम सम्झौता गरेको छ। अहिले पनि पचास हजार भन्दा बढि युवा युवतिहरु दक्षिण कोरियामा कामदारको रुपमा रहेका छन् । आर्थिक वर्ष २०६४/०६५ देखि आर्थिक वर्ष २०७०/०७१ सम्ममा भ्एक द्वारा दक्षिण कोरियामा रोजगारको लागी जानेको संख्या ६०२८ जना रहेको थियो, यसमा महिला कामदार सख्या ४४१ र पुरुष कामदारको सख्या ५५८७ रहेको थियो भने रोजगार अनुमति प्रणाली लागु भए पश्चात २०७४ असोज मसान्तसम्म कामदारको रुपमा दक्षिण कोरिया जानेको सख्या ५०,१९८ रहेको छ जसमा महिला ३०८३ को सख्यामा छन् भने पुरुष ४७११५ को सख्यामा छन् (ई.पि.एस.कोरिया शाखा, सन् २०१७) ।

Employment Permit System (EPS) भनेको कोरियन कामदार नपाएका कोरियाका साना तथा मझौला कम्पनीहरुलाई कानूनीरुपमा विदेशी कामदार प्रयोग गर्न दिने प्रणाली हो । कोरियाले सन् १९८३ देखि लागू गरेको प्रशिक्षार्थी कामदार प्रणालीमा देखिएका कमी-कमजोरी हटाई विदेशी कामदारहरुको आधारभूत मानव अधिकार सुदृढ गर्दै उनीहरुमाथि गरिने भेदभावपूर्ण व्यवहार अन्त गर्न कानूनी व्यवस्था गरी यो प्रणाली अवलम्बन गरिएको हो । सरकारी क्षेत्रबाट नै नियन्त्रण र नियमनको व्यवस्था गरिएकोले यो प्रणाली गैह्रकानुनी दलालहरुबाट हुने अनियमितता र हस्तक्षेपबाट मुक्त छ।

यस अध्ययनमा विशेषगरी (EPS) द्वारा दक्षिण कोरियामा रोजगारको लागि संलग्न घरपरिवार र रोजगारीबाट फर्केर आएका स्वयम व्यक्तिलाई उत्तरदाताको रूपमा लिईएको छ । यसरी वैदेशिक रोजगारीमा संलग्न भइसकेपछि सम्बन्धित क्षेत्रको परिवार तथा समाजमा कस्तो आर्थिक प्रभाव पारेको छ । यसैगरि वैदेशिक रोजगारीले पारिवारिक सम्वन्ध प्रणालीमा के-कस्तो प्रभाब पारेको छ र वैदेशिक रोजगार सम्बन्धी उनिहरूको धारणा के कस्तो छ र आकर्षणका कारणहरु के के हुन भन्ने कुरा यस अध्ययनमा प्रष्ट्याउने प्रयास गरिएको छ।

यसरी विभिन्न तथ्याङ्कलाई हेर्ने हो भने नेपालमा वैदेशिक रोजगारमा जाने क्रम बढ्दो रहेको छ । जसको मुख्य कारण भनेको नेपालमा भएको बेरोजगार समस्या जल्दोबल्दो रूपमा रहेको छ। जसले गर्दा

नेपालमा युवा जनशक्ति विदेशिएकोले युवाको कमि भएको कुरा विभिन्न सर्वेक्षणबाट थाहा हुन आएको छ।

नेपाल सरकारले वैदेशिक रोजगारलाई व्यवस्थित बनाउन ऐन नियमावली बनाएको छ । वैदेशिक रोजगार ऐन,२०४२ को दफा ४ मा, नेपाल सरकारले राजपत्रमा सूचना प्रकाशन गरी वैदेशिक रोजगार व्यवसाय संचालन गर्न पाउने मुलुक तोक्ने व्यवस्था गरेको छ । नेपाल सरकारबाट वैदेशिक रोजगारको लागि ११० वटा मुलुकमा श्रम स्वीकृति दिएको छ । नेपाल सरकारले वि.सं.२०३८ सालमा श्रम मन्त्रालयको स्थापना गरी श्रमलाई व्यवस्थित रूपमा अगाडी बढाएको पाइन्छ । नेपाल सरकारले वि.सं.२०४० सालमा आयोग गठन गरेको थियो । यसरी सरकारले श्रम स्वीकृति दिएपछि प्रक्रियागत रूपमा विदेश जाने व्यक्तिहरूको मात्र तथ्याङ्क राखिएको पाइएको छ । नेपाल वैदेशिक रोजगार विभागको तथ्याङ्क अनुसार ३० लाख भन्दा बढि जनशक्ति वैदेशिक रोजगारमा गईसकेको तथ्य सार्वजनिक गरेको छ । पाँच लाख भन्दा बढि नेपाली युवायुवतिहरु अहिले पनि बैदेशिक रोजगारका रुपमा खाडी तथा दक्षिण कोरिया र अन्य मूलुकमा कार्यरत छन् । दैनिक रुपमा १५०० भन्दा बढी कामदार वैदेशिक रोजगारमा जाने गरेको तथ्याङ्क रहेको छ । यसरी वैदेशिक रोजगारमा जाने कामदारहरूमा संस्थागत रूपमा ,व्यक्तिगत रूपमा र गैर कानूनी रूपमा जाने गरेको पाइन्छ । पछिल्लो जानकारी अनुसार संस्थागत रूपमाभन्दा व्यक्तिगत रूपमा बढी गएको पाइन्छ । तर पनि गैरकानूनी रूपमा कति वैदेशिक रोजगारमा जान्छन् भन्ने कुराको तथ्याङ्क पाउन सकिएको छैन ।

यसरी वैदेशिक रोजगारीबाट नेपालमा मासिक करौडौंको विप्रेषण (Remittance) आउने गर्दछ । त्यसको तुलनामा दक्षिण कोरियाबाट राम्रो Remittance आईरहेको छ । यसरी आएको रकमलाई उत्पादनशील क्षेत्रमा लगानी नगरी आफ्नो परिवारको पालनपोषण, शिक्षा, स्वास्थ्यमा खर्च भएकोले त्यस परिवारको आर्थिक अवस्थामा मात्र सुधार आएको छ त्यसैले समग्र समाजमा विकास हुन सकेको छैन । नेपालमा आर्थिक क्षेत्रमा विकास भएको छ, तर यो लामो समयको लागी भने स्थायीत्व हुन सकेको छैन (वै.रो.वि.,२०६८) ।

दशक लामो सशस्त्र दन्द्वबाट गुज्रिएको मुलुक भएकोले देशमा विकासका कामहरू राम्रोसँग संचालन हुन नसक्दा वेरोजगारी तथा अर्ध-बेरोजगारीको संख्यामा वृद्धि भएकोले नेपाली श्रमिकहरू रोजगारीको खोजीमा वैदेशिक रोजगारीमा जान बाध्य छन् (के.सी.,२०६६:५५) । त्यसमा पनि रोजगार अनुमति प्रणालीबाट दक्षिण कोरिया आम्दानीको हिसाबले आकर्षक बनेको छ । यसै सन्दर्भमा, वर्तमान अवस्थामा समस्याको बोधात्मक अध्ययनको लागि नेपाली श्रमिक युवायुवतिहरू रोजगार अनुमति प्रणालीबाट दक्षिण कोरियाको रोजगारप्रति आकर्षण हुनुको मुख्य कारण खोज्दै नेपाली समाज र परिवारको वास्तविक अवस्था एवं यसले पारिवारिक सम्वन्ध प्रणालीमा पारेको प्रभावको विश्लेषण गर्दै निम्न प्रश्नहरुको वास्तविक उत्तर प्राप्त गर्ने प्रयास गरिएको छ ।

(क) दक्षिण कोरियाको रोजगारप्रति आकर्षण हुनुको मुख्य कारणहरु र श्रमिकले कोरियामा भोल्नु परेका समस्याहरु के-के हुन ?

(ख) वैदेशिक रोजगारमा जोडिनाले श्रमिक परिवारको सम्वन्ध प्रणालीमा के कस्ता प्रभाव पारेको छ ?

(ग) रोजगारबाट प्राप्त रकम उनीहरूको पारिवारले कुन-कुन क्षेत्रमा खर्च गरेका छन् ?

(घ) वैदेशिक रोजगारबाट प्राप्त रकमले सम्वन्धित समाज र परिवार तथा नातेदारमा पारेको असर र प्रभाव कस्तो छ ?

(ङ) परिवारमा सिर्जना भएका समस्याहरू के-के हुन सक्छन् ?

## १.३ अध्ययनको उद्देश्य

यस शोधको सामान्य उदेश्य रोजगार अनुमति प्रणालीबाट दक्षिण कोरिया जाने श्रमिकहरुको पारिवारिक अवस्थाको साथै त्यसको कारण र असर खोज्ने राखिएको छ भने विशिष्ट उदेश्य निम्नानुसारको लिईएको छ।

(क) नेपाली समाजमा दक्षिण कोरिया जान आकर्षण बढ्नुको कारण र श्रमिकले झेल्नु परेको समस्याका बारे खोजी गर्नु ।

(ख) रोजगारीको निम्ती दक्षिण कोरिया जाने अभ्यासले श्रमिकको परिवारिक सम्बन्ध प्रणालीमा पारेको प्रभाव बारेमा खोजी गर्नु ।

## १.४ अध्ययनको महत्व

कुनै पनि राष्ट्रको विकास र सम्वृद्धिको सम्भावना मेलमिलाप, लैङ्गिकमैत्रि वातावरण, मानव अधिकारको संवर्द्धन, समान हक र अधिकारको बितरण, सन्तुष्ट समाज र परिवारबाट नै प्राप्त हुन्छ । देशलाई केहि हदसम्म आर्थिकरुपमा सम्पन्न बनाउन यस प्रकारको क्षेत्र कार्य अध्ययनले केहि मार्ग निर्देशनहरु र मानव स्रोतको स्वदेशमै उपयोग गरि बेरोजगारीको समस्या समाधान गर्न हाम्रो वर्तमान सामाजिक सन्दर्भमा एउटा कोसेढुङ्गाको भुमिका निर्वाह गर्ने विश्वास गरिएको छ । अर्को अर्थमा यस अध्ययनले नेपाली समाजमा विद्यमान बेरोजगारीका तथ्य, कारण, विशेषता, बाटाहरुको अवस्था र कारणहरुको वास्तविक अवस्थालाई प्रष्ट पार्ने कोसिस गरेको छ । यस अध्ययनले एउटा ठूलो नेपाली समूदायको बेरोजगारी र गरिवीको वास्तविक झलक देखाउदै अनुसन्धानकर्ता, योजनाविद र नीतिनिर्मातालाई नीति निर्माण गर्न र कार्यान्वयन गर्न उपयोगी भूमिका समेत खेल्ने अनुमान गरिएको छ । आगामी दिनमा यसै विषयवस्तुहरूमा अध्ययन अनुसन्धान गर्न चाहनेहरूका लागी यो महत्वपूर्ण द्धितिय स्रोत हुनसक्छ । यसका साथै दक्षिण कोरियामा रोजगार अनुमति प्रणालीद्धारा प्राप्त रोजगारीले पारिवारिक सम्वन्ध प्रणालीमा पारेको प्रभाव र झेल्नु परेको समस्याको मूल्याङ्कन गरी नेपालीको बैदेशिक रोजगारी व्यवस्थापनमा समेत सम्बन्धित पक्षको ध्यान केन्द्रित गराउन सहयोग पुग्न सक्ने आशा गरिएको छ ।

## १.५ अध्ययनको सिमा

जुन सुकै अध्ययनका पनि आफ्नै खालका सिमा र अवरोधहरु हुन्छन् । यस अध्ययनमा पनि शोधकर्ता विद्यार्थी भएकाले समय र आर्थिक अपर्याप्तताका कारणले लम्जुङ्ग जिल्लाको सुन्दरबजार

नगरपालिकाको ११ वडाहरु मध्ये वडा नं. ६, ७ र ८ बाट दक्षिण कोरियामा रोजगार अनुमति प्रणाली लागु भए पश्चात रोजगार अनुमति प्रणालीद्धारा दक्षिण कोरियामा काम गरि आर्थिक वर्ष २०७४ असोज मसान्त सम्ममा फर्केका युवायुवतीहरुलाई अध्ययनको मूख्य स्रोतका रुपमा लिईएको छ।

यस अन्तर्गत अध्ययनको उद्देश्य अनुसार अगाडी सारिएका प्रश्नहरूलाई आधार बनाएर समाजशास्त्रीय अवधारणा अनुसार विभिन्न तथ्याङ्क, विधिहरू (अन्तर्वार्ता अनुसूचि, अवलोकन, समूह छलफल र वैयक्तिक अध्ययन) प्रयोग गरी अध्ययन क्षेत्रमा रोजगार अनुमति प्रणालीले पारेको पारिवारिक सम्वन्ध प्रणालीमा पारेको प्रभाव र भोल्नु परेको समस्या एवमं वैदेशिक रोजगारीको आकर्षणको कारणको वारेमा विभिन्न किसिमका सुचना तथा तथ्यहरूको आधारमा प्राप्त निष्कर्षलाई सैद्धान्तिक एवं अनुभाविक आधारमा प्रस्तुत गरिएको छ । तर विभिन्न कारणले गर्दा यस अध्ययनले रोजगार अनुमति प्रणाली द्धारा दक्षिण कोरियामा गएका श्रमिकहरु बाहेक अन्य किसिमबाट दक्षिण कोरियामा रोजगारीमा वा अन्य काममा गएका व्यक्तिहरुलाई भने समेट्न सकेको छैन ।

**तालिका**

| समेटिएका क्षेत्र | नसमेटिएका क्षेत्र |
|---|---|
| १.ई.पि.स. मार्फत गएका | १. विद्यार्थी भिसामा गएका |
| २. सुन्दर बजार न.पा.को वार्ड नं. ६,७ र ८ | २. वैवाहिक भिसामा गएका |
| ३. | ३. ट्रेनिङ भिसामा गएका |
| ४. | ४. सुन्दर बजार (वार्ड ६,७ र ८) बाहिर |

## १.६ अध्ययनको सांगठनिक रुपरेखा

यो शोधलाइ सातवटा अध्यायमा बाँडिएको छ । पहिलो अध्यायमा अनुसन्धानको पृष्ठभूमि, समस्याको कथन, अध्ययनको उद्देश्य, महत्व र सीमाको बारेमा उल्लेख गरिएको छ । जसमा बैदेशिक रोजगारको विकासक्रम त्यसले पारीवारिक सम्बन्ध प्रणालीमा देखाएको प्रभाव त्यसका साथै रोजगार अनुमती प्रणालीबाट दक्षिण कोरीयामा नेपाली युवायुवतीहरु जाने प्रक्रिया र त्यसका केही विशेषताहरुको बारेमा समिक्षा गरिएको छ ।

दोस्रो अध्यायमा नेपालमा वैदेशिक रोजगारीको इतिहास, बैदेशिक रोजगारीका पहुँच, नेपालमा विप्रेषणको अवस्था, बैदेशिक रोजगार सम्बन्धि विद्यमान कानून जस्ता विषयहरु समेटिएको छ । यसैक्रममा नेपालबाट रोजगार अनुमती प्रणालीद्धारा दक्षिण कोरीयामा श्रमिकको रुपमा काम गर्न जाने प्रक्रियालाई रिभेन्टाइनको बसाइसराइको सिद्धान्त र वालेस्टाइनको विश्व व्यवस्थाको सिद्धान्तसँग जोडेर व्याख्या गरिएको छ । जसले परनिर्भरताको सिर्जना गरेको कुरालाई पुष्टि गर्न सहयोग गरेको छ ।

तेस्रो अध्यायमा यस शोध अध्ययनमा उपयोग गरिएका अनुसन्धानका विधिहरु तथा अनुभवहरु समेटिएको छ । यस क्रममा अध्ययन क्षेत्र छनौटको औचित्य, अनुसन्धानको प्रकृति, समग्र र नमुना

छनौट, तथ्याङ्कको संकलन विधिहरुको विवेचना गरिएको छ । स्थलगत अवलोकनका क्रममा गरिएका अभ्यासहरुको संक्षेपीकृत विवरण र स्थलगत अवलोकनमा आइपरेका जोखिम व्यवस्थापनका लागि अपनाइएका उपायहरु समेतलाइ यस अध्यायमा समेटिएको छ ।

चौथो अध्यायमा अध्ययन क्षेत्रको परिचयका साथसाथै अध्ययन क्षेत्रबाट रोजगार अनुमति प्रणालीद्धारा दक्षिण कोरीया जाने श्रमिकहरुको उमेरगत विश्लेषण, जातीगत अवस्था, धार्मिक अवस्था, रोजगारीमा जानुपूर्व श्रमिकको पेशागत अवस्था, शैक्षिक स्तर, लैङ्गक अवस्था र उनीहरुको पारीवारिक स्वरुपका विषयमा विश्लेषणात्मक प्रस्तुति गरिएको छ ।

अध्याय पाँचमा अनुसन्धानमा उठाइएका मूल प्रश्नहरुको उत्तर खोज्ने प्रयास गरिएको छ । जस अर्न्तगत रोजगारीका आकर्षणका कारणहरु, अन्य देशको तुलनामा रोजगारीका निम्ती दक्षिण कोरिया प्रमुख गन्तव्य बन्नुका कारणहरु एवं रोजगारीमा जानुपर्नाको बाध्यता तथा खर्चको व्यवस्थापनको बारेमा विश्लेषणात्मक विवरण प्रस्तुत गरिएको छ ।यसै अध्यायमा नेपालीहरुले रोजगारीका क्रममा दक्षिण कोरियामा श्रम गर्नुपर्ने क्षेत्र र उक्त क्षेत्रमा भोग्नुपरेका समस्याहरुका किसिमका बारेमा समेत समिक्षा गरिएको छ । छैटौ अध्यायले अनुसन्धानमा उठाइएका प्रश्नहरुको उत्तरका रुपमा वैदेशिक रोजगारीले पारिवारीक सम्वन्ध प्रणालीमा देखाएका प्रभावका बारेमा विवेचना गरिएको छ । यसक्रममा वैदेशिक रोजगारीले अभिभावक र सन्ततिको सम्बन्धका विचमा पारेको प्रभाव, नातेदार तथा परिवारका अन्य सदस्यहरु  बीच पारेको प्रभाव र वैदेशि जोडीको सम्वन्धमा देखिएको परिवर्तनमा बारेमा विश्लेषणात्मक समिक्षा गरिएको छ ।

सातौ अध्यायमा अनुसन्धानमा उठाइएका विषयका मूल प्रश्नहरुको ठोस उत्तरका रुपमा अध्ययनको सारांश र निष्कर्षलाई उल्लेख गरिएको छ । यस क्रममा सैद्धान्तिक निष्कर्ष र सैद्धान्तिक दावी समेत प्रस्तुत गरिएको छ ।

# अध्यायः दुई
# सन्दर्भ साहित्यको समीक्षा

## २.१ नेपालमा वैदेशिक रोजगारको इतिहास

नेपालमा वैदेशिक रोजगारीको शुरुवात १६औं शताब्दीमा राम शाहको पालाबाट भुटानको राजाको गुम्बा निर्माण गर्न सिकर्मी, डकर्मी र धातुकर्मीको रूपमा कामदार आपूर्ती र चीनमा अरनिकोलाई मुर्ति बनाउन लगेपश्चात शुरु भएको भएता पनि मुलतः भारत, संयुक्त अधिराज्य, ब्रुनाई मलायमा काम गर्ने लाहुरेहरूबाट प्रथम विश्वयुद्धताका यसको विकास भएको पाइन्छ (शाही, (२०७०) ।

वास्तवमा छिमेकी मुलुक भारतबाट शुरु भएको वैदेशिक रोजगार सन् १९५० को दशकमा आएर अन्य मुलुकहरूमा पनि शुरु भयो । नेपाल र भारत विचको खुल्ला सिमानाको कारण भारतसँगको सम्बन्ध ऐतिहासिक कालदेखि रहेको पाइन्छ। सन् १८१४/।१५ मा नेपाल र अंग्रेज विच भएको युद्ध पछि नेपालको शाहस र बहादुरीताको कारण नेपालीहरू भारतमा वीर गोर्खालीको नामबाट परिचित छन् ।

वास्तवमा वैदेशिक रोजगारको शुरुवातको इतिहास धेरै पहिला देखि शुरु भएता पनि नेपालबाट विदेश जाने थालनी करिव २०० वर्ष पहिला अर्थात सन् १८१४ मा नेपाल र ईष्टइन्डिया कम्पनी सरकार बीच भएको युद्ध समाप्ति पछि देखि  भएको पाईन्छ । यसरी सर्वप्रथम वैदेशिक रोजगारको शुरुवात ब्रिटिस गोर्खा सेनाबाट भएको हो । संगठित र असंगठित रुपमा विदेशी सैनिक सेवा र अन्य कामदारको रुपमा नेपालीहरु विदेश जाने क्रम धेरै  लामो  समय सम्म चलिरहेको पाईन्छ। विगत २० वर्ष यता देखि नेपाली कामदारहरु मुख्यरुपमा खाडी  मूलुक तथा मलेसियामा संस्थागत रुपमा वैदेशिक रोजगारका लागि जाने गरेको पाईन्छ। वैदेशिक रोजगार हाल बाध्यात्मक हुनुको प्रमूख कारण देशमा भएको वेरोजगारी समस्या, आन्तरिक द्वन्द तथा स्वदेशी उद्योग र कलकारखाना क्रमशः बन्द हुदै जानु पनि हो । नेपालीहरु विदेशिनुमा शिक्षित तथा बौद्धिक वर्गले पनि आफ्नो क्षमता अनुसारको रोजगार नपाउनु, गरिवी, मौसमी रोजगार, साथीभाई गएको देखेर, धेरै कमाई गर्न र भर्खरै वामे सर्न लागेको घरेलु उद्योगबाट उत्पादित सामानले विदेशी उत्पादन सित प्रतिस्पर्धा गर्न नसकेर धरासायीमा पर्न गयो । यसरी नेपालीहरु रोजगारको लागि विदेश जाने प्रचलन शुरु भएको हो (शाही, २०७०) ।

सन् १८१५ भन्दा अगाडी पनि नेपालीहरू भारतको आसाम, मेघालय, मणिपूर, भुटान, वर्मा, दार्जलिङ जस्ता मुलुकमा रोजगारीको लागि गएको पाइन्छ। ती स्थानमा नेपालीले रबर उधोग, खानी, चियावगान जस्ता क्षेत्रमा काम गरेको पाइन्छ । यसै सिलसिलामा काम सिकी केही मजदुर नेपालमा आएर काम शुरु गरेको पाइन्छ। यसको ज्वलन्त उदाहरण नेपालको पूर्वी क्षेत्रमा भएको चिया बगानलाई लिन सकिन्छ (पण्डित, २०५६:४२) ।

पाकिस्तान र भारतको सिमाना छुट्टिनु अघि लाहोरमा पन्जावी सेनाको क्याम्प थियो । नेपाल-अंग्रेज युद्धमा नालापानी किल्लाको नेतृत्व गरेका गोरखाली सेनाका कप्तान वलभद्र कुँवरले अंग्रेजलाई दुइ पटक धुलो चटाए पनि तेस्रो पटक लड्न सकेनन् र नालापानी किल्ला छाडेर भागे । उनी लाहोर

पुगेर पन्जावी सेनामा भर्ती भए । संभवतः पहिलो लाहुरे उनै थिए । यसरी नेपाली लाहोर जाने र लाहुरे बनेर फर्कने क्रम शुरु भयो । पन्जावी सेनामा रहेर बलभद्र लगायतले देखाएको वीरता र वलिदानले त्यहाँ नेपालीहरुलाई विशिष्ट सम्मान दिन थालियो । त्यसपछि नेपाली युवाको लाहोर जाने क्रम ह्वात्तै बढ्यो । वलभद्र कुँवरको पदचाप पछ्याउदै थुप्रै नेपाली लाहोर जान  थाले । वलभद्र पन्जावी सेनामा भर्ति हुँदा नेपालले सुगौली सन्धि मार्फत अंग्रेज सँग आत्मसमर्पण गरिसकेको थियो अंग्रेजसँग लड्ने धोको पुरा गर्न वलभद्र पन्जावी सेनामा भर्ति भएको भनिन्छ । यसरी शुरु भएको नेपालीहरुको लाहोर जाने परम्पराले कालन्तर सम्म निरन्तरता पाउन थाल्यो । भारतका अन्य शहरका तुलनामा लाहोर नेपालबाट नजिक रहेकाले पनि नेपालीहरु त्यहाँ गएर भर्ति हुन्थे । लाहोर गएर सैन्य सेवामा भर्ति हुने युवालाई नेपालमा ‘लाहुरे’ भन्न थालियो (घर्तिमगर,२०७१:११) ।

वि.सं.२०५४ बैशाखमा पूर्व न्यायधिशको संयोजकत्वमा तीन सदस्यीय वैदेशिक रोजगारी जाँचबुझ आयोग वि.सं.२०५४ सालमा गठन गरी काम अगाडी बढाएको थियो (पोखरेल, २०५७:२६) । यसरी संस्थागत तरिकाले यस व्यवसायलाई विकास गरेर वेरोजगारी समस्या समाधान हुने अपेक्षा गरिएता पनि अपेक्षाकृत रूपमा सफल भई रहेको छैन, किनकी यसमा राष्ट्रिय तथा अन्तराष्ट्रिय प्रतिस्पर्धाहरू बढिरहेका छन् । ऐन, निति, नियम बनेता पनि कार्यान्वयन फितलो भएको छ ।

वि.सं.२०५४ सालमा बनेको आयोगलाई पूनः गठन गरी श्रम मन्त्री वा राज्यमन्त्रीको अध्यक्षतामा रोजगार प्रवर्द्धन विकास समिती गठन गरी रोजगारीको सम्बन्धमा रोजगारीको नयाँ-नयाँ क्षेत्र, ठाउँको पहिचान गर्न र त्यस्तो क्षेत्रलाई आवश्यक पर्ने दक्ष जनशक्ति तयार गर्न आवश्यक तालिमको व्यवस्था गर्न भन्ने कुरा उल्लेख गरिएको छ (नेपाल राजपत्र खण्ड ४७, २०५४:३,४) ।

वैदेशिक रोजगार सम्बन्धी विभिन्न तथ्याङ्क अनुसार विश्वभरिमा २० करोड ५० लाख भन्दा बढी नागरिक आफु जन्मेको भूमिछाडी कामको लागि अन्य मुलुकमा गएको पाइन्छ । नेपालको सन्दर्भमा पनि कामको लागि विदेशिने क्रम बढ्दो रहेको छ  (वैदेशिक रोजगार विभाग, २०६८) ।

हरेक समाज मानविय सम्बन्ध, अर्थतन्त्र, संस्कार र त्यसबाट निर्मित संस्कृतिको अन्तर सम्बन्धबाट समाज निर्देशित भएको हुन्छ । यसै सन्दर्भमा वैदेशिक रोजगारको प्रक्रियाको बारेमा अध्ययन गर्दा कुनै पनि व्यक्ति एकैचोटि रोजगारमा संलग्न नभई विभिन्न किसिमको सञ्जालबाट प्रक्रिया अगाडि बढाएको पाईन्छ । यसमा आफ्नो समाजका व्यक्तिहरू कसरी वा कुन प्रक्रियाबाट वैदेशिक रोजगारमा संलग्न हुने गर्दछन्, त्यसै कुराले पनि वैदेशिक रोजगारीको प्रक्रियामा प्रभाव पारेको हुन्छ  (के.सी., २०६६:६८) ।

नेपालमा वैदेशिक रोजगारमा जाने प्रचलन धेरै अगाडिबाट सुरु भए पनि सन् १९५० पछि नेपालीहरू कामको शिलशिलामा वैदेशिक रोजगारमा संलग्न हुन थालेको देखिन्छ (दाहाल, २०५५:१८) ।

## २.२ वैदेशिक रोजगारका पहुँचहरु

सन् १८१५ मा तत्कालिन ब्रिटिश साम्राज्यले भारतमा गोर्खा सैनिकको बटालियन स्थापना गरेपछि नेपालमा बैदेशिक रोजगारीको सुरु भएको पाइन्छ (पोखरेल, २०५७:४) ।

नेपालमा सैनिक र गैरसैनिक दुवै क्षेत्रबाट सँगसँगै वैदेशिक रोजगारको सेवाको विकास भएको पाईन्छ। यसैले गोर्खाली फौज वीरता र इमान्दारीको प्रर्याय हुन पुगे। यही कारणले गर्दा आजसम्म पनि गोर्खालीका नामबाट नेपालीहरु मलेसिया, वर्मा, हङकङ्ग, ब्रुनाई आदि मुलुकहरुको सेना एवम प्रहरीमा कार्यरत भएको पाईन्छ। यसरी नेपालीहरु विभिन्न मुलुकहरुमा सेनामा कार्यरत रहँदा आफ्ना परिवारलाई पनि सोहि ठाउँमा लगी काममा लगाए। काममा लागेका व्यक्तिहरुले पनि आफ्ना नातेदारहरु पनि बोलाएर त्यही काममा लगाउने र कोही उंही बस्ने गर्दा सानो गाउँ नै बनाएको पाईन्छ। यसको उदाहरण हङकङ्गबासी नेपालीहरु, बर्मेली नेपालीहरु, मलेशियन नेपालीहरु, पाकिस्तानी नेपालीहरु, श्रीलंकाली नेपालीहरु आदि हुन्। नेपालमा सन् १९५० मा प्रजातन्त्र आएपछि वैयक्तिक स्वतन्त्रताका साथै चेतनाको विकास हुँदै गयो। जनसंख्या बृद्धि र उत्पादन बृद्धिमा आएको अस्थीरताले गर्दा देशमा बेरोजगारी सिर्जना भयो। यी समस्याले गर्दा मानिसहरु वैयक्तिक रुपमा रोजगारीको खोजीमा विदेश जान थाले। यो क्रम सन् १९७३ (वि.सं.२०३०) सालबाट झन द्रुत गतिमा बढ्न थाल्यो। भारत लगायत विभिन्न मुलुकमा गई काम गर्ने नेपालीहरुले विभिन्न किसिमका दुःख भोग्नु परेका कुराहरु पत्र पत्रिकामा आउन थाल्यो। तर पनि बेरोजगारी समस्या बढ्दै गएकोले विदेश जाने क्रम झन बढ्न थाल्यो। समस्या झन बढ्दै गएकाले सरकारले पनि यस बारेमा सोच्न वाध्य भयो। आर्थिक व्यवसायमा निजी क्षेत्रको सहभागिता बढाउन नीति नियम बनाउने कार्य गर्न सन् १९८१ (वि.सं. २०३८) सालमा श्रम तथा समाज कल्याण मन्त्रालयको स्थापना भयो। त्यसपछि भारत बाहेकका वैदेशिक रोजगारीलाई कसरी व्यवस्थित गराउन सकिन्छ र विदेशमा जाने नेपाली कामदारहरुको हक हित संरक्षण कसरी गर्न सकिन्छ भन्ने विषयमा वि.सं.२०४० सालमा तत्कालिन श्रम सचिवको अध्यक्षतामा पाँच सदस्यीय एक समिति बन्यो र यसैको प्रतिवेदन बमोजिम हालको वैदेशिक रोजगार ऐन २०४२ मिति २०४२ साल कार्तिक ४ गते लालमोहर तथा प्रकाशन भै मिति २०४३ साल असार २ गते बाट लागु भयो। त्यसपछि वि.सं. २०४९ र २०५४ सालमा प्रथम र दोस्रो संसोधन भई कार्यान्वयनमा आएको छ। यसरी भारत बाहेकका देशहरुमा वैदेशिक रोजगारीमा जाने चलन संस्थागत रुपबाटै संचालन हुदै आएको पाईन्छ (पण्डित,२०५६:६)।

## २.३ नेपालमा विप्रेषण (Remittance) को अवस्था

नेपाल विप्रेषण (Remittance)मा सबैभन्दा बढी निर्भर मुलुक बनेको छ। सन् २०१६ को तथ्याङ्कलाई आधार बनाएर विश्व बैंकले गरेको अध्ययनमा नेपाली अर्थतन्त्रको ठूलो हिस्सा Remittance ले ओगटेको देखिएको हो। अन्य मुलुकले भने Remittance माथिको निर्भरता घटाउँदै लगेको देखिएको छ। नेपाल भने कूल ग्रार्हस्थ उत्पादन (न्मए) मा Remittance को प्रतिशत निरन्तर बढाउने मुलुकमा सूचीकृत भएको छ। सेवा अर्थात् आफ्नो जनशक्ति निर्यात गरेर आयात गरिने रकम हो, Remittance अर्थात विप्रेषण। विश्व बैंकले सन् २०१६ मा संसारभरको Remittance आप्रवाह केलाएको छ र GDP मा Remittance को हिस्सा विश्लेषण गरेको छ। Remittance ले मात्रै नेपालको अर्थतन्त्र थेग्दै गरेको विज्ञहरुले बताउँदै आएका छन्। तर, पछिल्ला दिनमा सामान आयातका लागि हुने खर्चको तुलनामा Remittance को आप्रवाहमा कमी आउन थालेको छ। नेपाल राष्ट्र बैंकका अनुसार गत मंसिरसम्म आप्रवाह ऋणात्मक भएर दुई खर्ब ८५ अर्बमा खुम्चिएको छ। अर्थात, अब Remittance बढ्ने अवस्थामा

छैन । आयात भने अनियन्त्रित दरमा उकालो लाग्दैछ । बर्सेनि करिब १० खर्ब रुपैयाँका सामान तथा सेवा विदेशबाट पैठारी गर्ने नेपालले Remittance भने मुस्किलले सात खर्ब मात्रै भित्र्याउँदै छ । त्यो पनि, ऋणात्मक विन्दुमा झरिसकेको छ । राष्ट्र बैंकका अधिकारीहरु यसलाई विप्रेषणको शिखर अर्थात् परिपूर्णताको तहका रुपमा व्याख्या गर्छन्, जहाँबाट उकालिने होइन, तल झर्ने क्रम शुरु हुन्छ । Remittance को वृद्धिदर घट्न थालेको दुई वर्ष अघिदेखि नै हो । यस वर्ष भने त्यसवापत आउने रकम नै ह्रासोन्मुख देखिएको छ । राष्ट्र बैंकका तत्कालिन कार्यकारी निर्देशक पनि Remittance 'Saturation' पुगेको विश्लेषण गर्छन् । विज्ञहरुले पनि 'अर्थतन्त्रको चाँडै मक्किन सक्ने मौसमी टेको'का रुपमा व्याख्या गरिरहेका छन् यसलाई । यही बेलामा विश्व बैंकले नेपाली अर्थतन्त्र Remittance मा कुन हदसम्म निर्भर छ भन्ने प्रमाण दिएको छ । यसको आप्रवाह बाह्य परिस्थितिमा निर्भर हुने भएकाले सम्बन्धित मुलुकमा आउने समस्याको असर नेपालमा देखिने अर्थ-राजनीतिक विश्लेषक बताउँछन् । 'साउदी अरेबियामा समस्या आउँदा हामी प्रभावित भएका छौं । १२ खर्बको बजेट भए पनि नेपालमा ६ खर्बकै हाराहारीमा नगद कारोबार भइरहेको छ,' तत्कालिन अर्थ-राजनीतिक विश्लेषक भन्छन् 'यसले देशको अर्थतन्त्र पूर्ण रुपमा Remittance मै निर्भर भएको संकेत गर्छ ।' यस वर्ष वैदेशिक रोजगारीमा जाने युवा घटिरहँदा GDP मा उत्पादनमुलक समूहको योगदान बढ्दो दरमा देखिँदैन । जनशक्ति बिक्री गरेर मात्रै आएको पैसाले अर्थतन्त्रलाई कति समय थेग्ला ? सरकार र राजनीतिक दलहरुले हालसम्म यसबारे चिन्ता गरेको पाइँदैन । विश्व बैंकको अध्ययनमा GDP को तुलनामा सबैभन्दा बढी Remittance भित्र्याउने मुलुकमा नेपाल पहिलो स्थानमा 'पहिलो पटक' नै आएको हो । यस अघि सधैं अग्रभागमा रहने गरेको थियो, पहिलो बनेको थिएन । यस पटक भने 'Top on list' मा आइपुग्यो । झट्ट सुन्दा राम्रो लागे पनि यसले सकारात्मक सन्देश नदिने अर्थविद्हरु बताउँछन् । Remittance को सदुपयोग नभइरहेको सन्दर्भमा GDP को एक तिहाई हिस्सा ओगट्नुले शोधनान्तरमा जोखिम ल्याएको वाग्ले बताउँछन् । विज्ञहरुको भनाइमा यसले अर्थतन्त्रमा छाएको कमजोरी पनि चित्रण गर्छ । 'सम्बन्धित देशको उत्पादन, रोजगारी र सामाजिक परिस्थितिले अर्थतन्त्र कस्तो छ भन्ने संकेत गर्छ,' विज्ञहरु भन्छन्, 'Remittance जति आए पनि हामीले यी तीन वटै पाटोमा सुधार गर्न सकेका छैनौं । त्यसैले अर्थतन्त्र डच डिजिज सिन्ड्रोममा पुगेको छ ।' आफू उत्पादन नगर्ने, उपभोगमा धेरै खर्च गर्ने र अन्त्यमा अवसर नभएपछि देश छाडेर हिँड्ने अवस्था नेपालमा पनि देखिएको उनको भनाइ छ । उत्पादनमुलक क्षेत्रमा उपयोगको नीति नबन्दासम्म विप्रेषणले जनशक्तिको निर्यात र उपभोग्य सामानको आयातकै चक्रमा मुलुकलाई घुमाइरहने निश्चित छ । र, काम गर्ने उमेरको जनशक्तिलाई स्वदेशमा अवसर नभएको स्पष्ट सन्देश पनि दिइरहनेछ (वि.बै.प्र., २०१८) ।

विश्व बैंकको रिपोर्टअनुसार नेपालको GDP मा Remittance को योगदान ३१.३ प्रतिशत छ । सन् २०१६ मा नेपालको GDP को आकार २१.१ खर्ब थियो । त्यसमध्ये एकतिहाइ हिस्सा Remittance को छ । अध्ययनको आधार वर्षमा नेपालले ६.६ खर्ब रुपैयाँभन्दा बढी Remittance भित्रायाएको थियो । विश्वमा आप्रवासी कामदारहरुले एक वर्षमा कुल पाँच सय ७४ खर्ब रुपैयाँबराबरको Remittance कारोबार गर्छन् । त्यसमा नेपालको हिस्सा साढे ६ खर्बभन्दा बढी देखिन्छ । यसलाई कम मान्न सकिँदैन । किनभने, आर्थिक महाशक्ति अमेरिका आफैं पनि सात खर्ब रुपैयाँ मात्रै Remittance भित्र्याउँछ (वि.बै.प्र., २०१८) ।

यस अघि सन् २०१५ मा ताजिकिस्तानको न्मए मा च्भmष्ततबलअभ को योगदान सबैभन्दा धेरै ४२ प्रतिशत थियो । २९ प्रतिशत हिस्साका साथ नेपाल त्यतिबेला तेस्रो स्थानमा थियो । अहिले ताजिकिस्तान तेस्रो स्थानमा ओर्लिएको छ । उसको GDP मा Remittance को योगदान २६.९ प्रतिशत छ । दोस्रोमा किर्गिस्तान छ, जसको GDP मा Remittance को हिस्सा ३०.४ प्रतिशत छ । सन् २०१६ मा किर्गिस्तानले दुई खर्ब र ताजिकिस्तानले एक खर्ब ९० अर्ब रुपैयाँ Remittance का रुपमा भित्र्याएका थिए । यस्तै, हाइटी र लाइबेरियासहित अन्य नौ मुलुकले GDP को अनुपातमा १५ देखि २५ प्रतिशतसम्म Remittance भित्र्याएको विश्व बैंकको रिपोर्टमा उल्लेख छ । विश्वमै सबैभन्दा धेरै Remittance भित्र्याउने मुलुक हो, भारत । भारतले सन् २०१६ मा ६७ खर्ब ७० अर्ब रुपैयाँ बराबरको Remittance भित्र्याएको थियो । दोस्रो स्थानमा रहेको चीनले ६१ खर्ब भित्र्याएको रिपोर्टमा उल्लेख छ । यस सूचीमा भने नेपालको स्थान २३ नम्बरमा छ । फिलिपिन्स तेस्रो स्थानमा रहँदै २९ खर्ब ७० अर्ब Remittance भित्र्याएको छ । चौथो स्थानको मेक्सिकोले २५ खर्ब ७० अर्ब, पाँचौं फ्रान्सले २४ खर्ब ६० अर्ब र छैटौं नाइजेरियाले २० खर्ब ८० अर्ब रुपैयाँ बराबरको विप्रेषण आफ्नो अर्थतन्त्रमा मिसाएका छन् । यस्तै, सातौं स्थानको इजिप्टले २० खर्ब ४० अर्ब, आठौं पाकिस्तानले २० खर्ब १० अर्ब, नवौं जर्मनीले १७ खर्ब ५० अर्ब र दशौं बंगलादेशले १५ खर्ब ८० अर्ब रुपैयाँ आयात गरेको पाइएको छ । तथापि, ती मुलुकका अर्थतन्त्र धेरै गुणा भएकाले नेपालको तुलनामा GDP मा योगदानको हिस्सा कम रहने गरेको छ । नेपालकै आकारको विप्रेषण आयात गर्छन्, थाइल्यान्ड, डोमिनिकन रिपब्लिक, बेलायत, हंगेरी र कम्बोडियाले पनि (वि.बै.प्र., २०१८) ।

नेपालले वैदेशिक रोजगारीका लागि एक सय १० भन्दा बढी मुलुक खुला गरेको छ । मलेसिया, कतार, साउदी अरेबिया, संयुक्त अरब इमिरेट्स, कुवेत लगायत मुलुकमा अधिकांश अदक्ष कामदार जाने गरेका छन् ।

विश्व बैंकको रिपोर्टमा सबैभन्दा कम खर्चमा Remittance भित्रिने मुलुकमा पनि सूचीकृत भएको छ, नेपाल । साउदी अरेबियाबाट नेपाल पैसा पठाउन सबैभन्दा सस्तो पर्ने उल्लेख छ । यद्यपि, Remittance आप्रवाह ओरालो लाग्दै गर्दा GDP मा आश्रित अनुपात बढ्नुलाई 'आर्थिक आँखा'ले मात्र विश्लेषण गरेर सुख पाइने अवस्था छैन (वि.बै.प्र., २०१८) ।

चालु आर्थिक वर्षको जेठसम्ममा नेपालमा विदेशबाट ६ खर्ब ३३ अर्ब  रूपैयाँ Remittance वैधानिक बाटोबाट भित्रिएको थियो । असार सकिँदा यो वैधानिक Remittance को रकम ६ खर्ब ९० अर्ब रूपैयाँको हाराहारीमा पुगेको थियो । तर, विदेशबाट आउने सबै Remittance वैधानिक बाटोबाट आउने हो भने यो आँकडा वर्षमा ९ खर्ब रूपैयाँमा पुग्ने जानकारहरु बताउँछन् । Remittance कम्पनी सञ्चालकहरुका अनुसार अहिले पनि देशमा कुल आउनेमध्ये ३० प्रतिशत Remittance अवैध बाटो अर्थात हुण्डीबाट आउँछ । हुण्डीलाई अवैध र असुरक्षित कारोबार मानिएपनि केही देशबाट हुने हुण्डीको कारोबार झन उकालो लागिरहेको छ । तत्कालिन व्यवस्थापिका संसदको अर्थ समितिको बैठकमा बोल्दै IME का अध्यक्ष तथा नेपाल उद्योग बाणिज्य महासंघका तत्कालिन उपाध्यक्षले करिब ३० प्रतिशत रकम अबैध बाटोबाटै भित्रिने गरेको जानकारी दिएका थिए । उनले भने 'कति रकम हुण्डीबाट आउँछ भन्ने बारेमा वास्तविक तथ्यांक छैन । तर, करिब ३० प्रतिशत रकम अबैध बाटोबाटै आउने गरेको हाम्रो

अध्ययनले देखाएको छ।' अहिले वर्षमा झण्डै ७ खर्ब Remittance वैधानिक रुपमा भित्रिए पनि झण्डै २ खर्ब १० अर्ब रुपैयाँ अवैध रुपमा आउने गरेको छ । विदेशमा गएका कामदारहरुले अवैध रुपमा पैसा पठाउँदा कम शुल्क लाग्ने गरेका कारण हुण्डी नै रोज्ने गरेका छन् । तर, यसरी अबैध रुपमा रकम भित्र्याँदा भने राज्यलाई नोक्सानी हुन्छ । यसरी अवैध बाटोबाट रकम भित्र्याँदा देशमा कुल कति रकम भित्रियो भन्ने राज्यले आँकडा नै राख्न सक्दैन । तर, कतार मलेसिया र साउदी अरेबिया जस्ता देशहरुबाट भने अहिले धेरैजसो रकम वैध बाटोबाट आउने गरेको नेपाल राष्ट्र बैंक बताउँछ । तर दुबई तथा दक्षिण कोरियाबाट भने अधिकांश रकम अवैधबाटो बाटै भित्रिने गरेको छ । तत्कालिन श्रममन्त्रीका अनुसार दक्षिण कोरियाबाट भित्रने कुल रकम मध्ये ९० प्रतिशत रकम हुण्डीबाटै भित्रिने गरेको छ । सन् २०१६ को जनवरी देखि सोही वर्षको डिसेम्बरसम्ममा कोरियाबाट आउने रकममा ०.८४ प्रतिशत मात्रै बृद्धि भएको राष्ट्र बैंकको आँकडामा उल्लेख गरिएको थियो । नेपालबाट विदेशमा जाने कामदारहरुमध्ये दक्षिण कोरियामा जाने कामदारहरुले अन्य देशमा भन्दा बढि कमाउँछन् । तर त्यहाँबाट भित्रने गरेको रकममा भने खासै वृद्धि भएको छैन । त्यस्तै दुबईबाटै आउने रकममा पनि ७.५२ प्रतिशत मात्रै वृद्धि भएको छ । जुन अघिल्लो वर्षमा १४ प्रतिशतले बृद्धि भएको राष्ट्र बैंकको आँकडामा उल्लेख गरिएको छ । मलेसिया र कतारबाट आउने Remittance मा भने उच्च बृद्धि भएको राष्ट्र बैंकको आँकडामा देखिन्छ । किनकी यि देशबाट धेरैजसो रकम बैधानिक बाटो हुँदै नेपाल आउने गर्दछ । सन् २०१६ को जनवरी देखि डिसेम्बर सम्ममा कतारबाट आउने रकममा १६.९५ प्रतिशत वृद्धि भएको छ भने मलेसियाकोमा करिब १३.४२ प्रतिशत वृद्धि देखिन्छ (वि.बै.प्र., २०१८) ।

नेपालबाट अहिले करिब ४० लाख युवाजनशक्ति कामको खोजीमा विदेश गएका छन् । ति कामदारको आँकडा सरकारसँग भएपनि यि मध्ये कति फर्किए भन्ने आँकडा भने उपलब्ध छैन । वैधानिक तबरले देशमा पठाउँदा भन्दा हुण्डीबाट पठाउँदा केही सस्तो पर्छ । जसका कारण नै कामदारहरुले अवैध बाटोबाट रकम पठाएको तत्कालिन सांसदहरुको भनाइ थियो । शुल्ककै कारण रकम अबैधबाटोबाट भित्रिएको भन्दै यसमा लाग्ने शुल्कमा कटौति गर्न उनीहरुले सुझाव दिएका थिए । तत्कालिन अर्थसमितिको बैठकमा बोल्दै सांसद तथा पूर्व अर्थमन्त्रीले भनेका थिए । पाकिस्तानले विदेशी मुद्राको निक्षेप कम भएपछि विदेशबाट आउने रकमको शुल्क आफैले व्यहोर्ने व्यवस्था गरेको थियो । अवैध बाटोबाट पठाउँदा भन्दा वैध बाटोबाट पठाउँदा सस्तो परेपछि पाकिस्तानमा अधिकांश रकम वैध बाटोबाटै भित्रिएको थियो । सरकारले हुण्डीमार्फत देशमा भित्रने पैसालाई नियन्त्रण गर्न खोजेपनि सफल भएको छैन । यसमा लाग्ने शुल्कका कारण केहिले अबैधबाटोबाटै रकम पठाउने गरेका छन् । साथै विदेशमा रहेका कामदारको नजिकमा बैंक तथा वित्तीय संस्था नहुने र कामको व्यस्तताका कारण पनि उनिहरुले हुण्डीमार्फत रकम पठाउने गरेका छन् । दुई वर्ष अघि गएको भूकम्पपछि विदेश जाने कामदारको संख्यामा गिरावट आएको छ । जसका कारण Remittance को वृद्धिदर खुम्चिएको राष्ट्र बैंक बताउँछ (ने.रा.बै.,वा.प्र., २०७४) ।

## २.४ बैदेशिक रोजगार सम्बन्धी विद्यमान कानूनी व्यवस्था

वि.स.०३८ सालमा वैदेशिक रोजगारलाई व्यवस्थित रूपमा अगाडी बढाउन श्रम मन्त्रालयको स्थापना भयो । यसरी बैदेशिक रोजगारीमा भैपरी आउने समस्या समाधान गर्नको लागि वि.सं.२०४२

असार २ गतेबाट वैदेशिक रोजगार ऐन २०४२ लागु गरियो । अहिले आएर यस ऐन लाई संशोधन गरी वि.सं.२०६४ भाद्र ९ गते देखि संशोधित वैदेशिक रोजगार ऐन २०६४ तथा वैदेशिक नियमावली २०६४ तयार पारिएको छ । यस ऐनमा वैदेशिक रोजगार सम्बन्धि कानुनलाई संशोधन गर्न बनेको ऐनको प्रस्तावनामा नै उल्लेख छ कि, वैदेशिक रोजगार व्यवसायलाई प्रवद्धन गरी सुरक्षित र मर्यादित बनाउन तथा वैदेशिक रोजगारमा जाने कामदार र वैदेशिक रोजगार व्यवसाहीको हक-हितको संरक्षण गर्नका लागि वैदेशिक रोजगार सम्बन्धी कानुनलाई संशोधन र एकिकरण गर्न वान्छनिय भएकाले व्यवस्थापिका संसदले ऐन बनाएको छ (वै. रो. ऐन, २०६४) ।

वैदेशिक रोजगार ऐन २०६४ को दफा ३ मा नेपाल सरकारले नेपाल राजपत्रमा सूचना प्रकाशन गरी वैदेशिक रोजगार संचालन गर्न पाउने मुलुक तोक्ने व्यवस्था रहेको छ । उपरोक्त तोकिएका मुलुकहरू मध्ये नेपाल सरकारले कुनै मुलुकमा वैदेशिक रोजगार व्यवसाय सञ्चालन गर्न नपाउने गरी खास समयका लागि स्थगन (रोक्न) सकिने छ भनी उल्लेख गरिएको छ। यस सन्दर्भमा नेपाल सरकारले ११० वटा मुलुकको लागि श्रम स्वीकृति दिएको छ। यसको लागि आर्थिक वर्ष २०६७०६८ मा श्रम तथा रोजगार प्रवर्द्धन मन्त्रालयबाट ८५० वटा म्यानपावर संस्थाले इजाजत प्राप्त गरेकोमा २३७ वटा Manpower संस्थाको इजाजत रद्ध गरेको छ । यसै ऐनको परिधी भित्र रहि Employment Permit system (EPS) द्धारा दक्षिण कोरियामा रोजगारको लागी नेपाली युवायुवती श्रमिकको रुपमा वि.स.२०६४ श्रावण ७ को नेपाल सरकार मन्त्रिपरिषदको निर्णयबाट रोजगारीको लागि जान खुला गरिएको थियो ।

“विभाग” भन्नाले वैदेशिक रोजगार विभाग सम्भनुपर्छ । “संस्था” भन्नाले वैदेशिक रोजगार संञ्चालन गर्न प्रचलित कम्पनि ऐन वमोजिम स्थापना भएको संस्था सम्भनुपर्दछ । “इजाजत पत्र” भन्नाले वैदेशिक रोजगार व्यवसाय संञ्चालन गर्दा दफा १० वमोजिम दिएको इजाजत पत्र सम्भनु पर्छ । “इजाजत पत्रवाला” भन्नाले दफा १० वमोजिम इजाजत पत्र प्राप्त संस्था सम्भनुपर्छ । “सेवा मुलक” भन्नाले वैदेशिक रोजगार व्यवसायीले कामदार विदेश पठाए वापत लिने रकम सम्भनुपर्छ (वै. रो. ऐन, २०६४) ।

## २.५ सैद्धान्तिक पुनरावलोकन

समाजको एउटा महत्वपूर्ण चरित्रको रूपमा रहेको अत्यन्त चलबस्तु भनेको श्रम हो । परम्परादेखि आजसम्म पनि विभिन्न दृष्टिकोणबाट श्रमलाई परिभाषित र निर्देशित गर्ने गरिएको छ। समय अनुकुल परिमार्जित हुँदै जाने समाजमा श्रमको वस्तुस्थिति र परिपाटीले एउटा सैद्धान्तिक दृष्टिकोण ल्याउने गर्दछ। यसलाई विभिन्न दार्शनिक, समाजशास्त्र र अन्य विद्धान वर्गले विभिन्न दृष्टिकोणबाट समाजमा स्थापित गर्दै पूर्णमान्यता दिइ पुष्टि गरेका छन् । यी विभिन्न मान्यताहरू मध्ये अध्ययनसँग सम्वन्धित समाजशास्त्रिय दृष्टिकोण यहाँ प्रस्तुत गरिएको छ।

### वसाईसराईको सिद्धान्त

वसाइसराईका कारणहरु खोजी गर्दै जाने क्रममा सन् १८७१ र १८८१ मा वेलायतमा सम्पन्न भएका दुवै जनगणनाका तथ्याङकहरुको तुलना गर्दै प्रसिद्द विद्धान इभेसट जर्ज रिभेन्टाईनले बसाईसराइ

सम्वन्धी सिद्धान्तको प्रतिपादन गरे । उनको विचारमा अधिकांश वसाईसराई छोटो दुरीका लागि हुने गर्दछ । बसाईसराई कर्ता एकीकृत हुने क्षेत्र तर्फ जाँदा उनी-हरुले खाली गरेको ठाउँलाई अन्य दुर्गम क्षेत्रका मानिसद्धारा पुर्ति हुने गर्दछ । लामो  दुरीमा बसाई सर्नेहरुले ठूला शहर वा औधोगिक क्षेत्र तर्फ वसाईसराईलाई प्राथमिकता दिन्छन भने शहरी क्षेत्रमा वसोवास गर्नेहरु ग्रामिण क्षेत्रमा वसोवास गर्नेका तुलनामा कम वसाई सर्दछन् । छोटो दुरीमा पुरुषहरुको तुलनामा महिलाहरु बढि वसाईसराईमा संलग्न हुन्छन् तर लामो दुरिमा भने पुरुषहरु बढि वसाईसराइ गर्दछन् (रिभेन्टाईन,सन् १८८९) ।

त्यसैगरि वसाइसराइकै क्रममा आफ्नो मौलिक थलो छाड्न र गन्तव्य स्थानमा पुग्न थुप्रै तत्वहरुले दुवै तर्फ प्रभावित गर्दछन् । वास्तवमा मौलिक थलोको यथार्थ जानकारी गन्तव्य स्थानमा जानेहरुलाई भएता पनि गन्तव्य स्थानका वारेमा भने धेरै हदसम्म उनीहरु अनविज्ञ हुन्छन् भन्ने ईमरेसट एस.को धारणा रहेको छ । अतः बसाइसराइले अन्तिम रुप लिनु पूर्व थुप्रै आन्तरिक अवरोधहरु रहेका हुन्छन्, जसमा दुरी र यातायातको महत्वपूर्ण भुमिका हुन्छ । यो आधुनिक युगमा प्राविधिक तत्वहरुले वसाइसराइमा खासै प्रभाव पार्छन भन्न सकिदैन, किनकी यसको प्रभाव प्रायःसबै स्थानमा हुन थालेको छ । त्यसैले वसाइसराइका लागि व्यक्तिगत तत्वहरु नै अति महत्वपूर्ण मानिन्छन् । किनभने यी तत्वहरुले गर्दा नै मौलिक तथा गन्तव्य स्थान बारेमा व्यक्तिहरुले बुझि मूल्याङ्कन गरेर उनीहरु बसाई सर्न सफल हुन्छन् । व्यक्तिगत गुणमा रहेको भिन्नता कै कारण सी.ले वसाईसराईको निर्णयलाई कहिल्यै पनि पूर्ण विवेकीकरणमा आधारित हुन्छ भनि स्वीकार्दैनन् । सी.का विचारमा सम्पूर्ण बसाइसराइ कर्ताहरु आफ्नै निर्णयमा वसाइ सर्दैनन् । उदाहरणको लागि अभिभावकका साथमा उसका वालवच्चाहरु स्वतः वसाइसराइमा संलग्न रहन्छन् । जसलाई Sequential Migration भनिन्छ । सी.का अनुसार बसाइसराइ नकारात्मक तत्वमा बाध्यात्मक, सकारात्मक तत्वमा आकर्षणका साथै तटस्थका कारणले गर्दा अवरोधजन्य कारणबाट तथा यातायातको सम्वन्धबाट प्रभावित हुन्छन् । यहाँ मानिसहरु यी नै तत्वहरुलाई आधार बनाई फाईदा र वेफाइदालाई आधार बनाई त्यसमा विचार गरि वसाइसराइ गर्ने वा नगर्ने निर्णय गर्दछन् (सि. पेसिनो, १९९१) ।

नेपालमा आन्तरिक वसाईसराइको प्रचलन धेरै पहिले देखि शुरु भएको इतिहासले देखाउछ । तर पनि विगत ५ वटा जनगणना वर्षहरु देखि मात्र नेपालमा वसाइसराइका तथ्याङक संकलन गर्न थालिएको हो । नेपालमा वसाइसराइका तथ्याङकहरु संकलन गर्न सन् १९६१ देखि शुरु गरिएको पाईन्छ । नेपालमा आन्तरिक वसाइसराइको प्रवृति दिनप्रतिदिन बढ्दो क्रममा रहेको देखिन्छ । सन् १९६१ मा ४,२२,४०२ जना नेपालीहरुले देश भित्रै वसाईसराइ गरेका थिए थोरै संख्यामा बाह्य देशमा वसाइसराई गरेका थिए । पहाडी क्षेत्रमा मानिसहरु विदेशमा गई काम गर्न थालेको पाईन्छ । आफ्नो देशबाट बसाइ सरि अन्य देशमा जाने प्रक्रियालाई प्रवासन भनिन्छ । शुरुशुरुमा यस्ता व्यक्तिहरुको संख्या कम भएता पनि हाल यसको सख्या तिव्ररुपमा बढ्दै गएको पाईन्छ । त्यसैगरि पर्यटकीय एवं अन्य उदेश्यले नेपाल भित्रिने विदेशिहरुको संख्या पनि विगतको तुलनामा बढ्दै गएको पाईन्छ । अन्य देशहरुबाट वसाइ सरि कुनै देश भित्र आउने प्रक्रियालाई आप्रवासन भनिन्छ । नेपालमा बिगत चार दशक देखि आप्रवासीहरुको संख्यामा उल्लेखनिय बृद्धि भएको पाईन्छ (के.त.वि. सन् २०१४) ।

## विश्वव्यवस्था सिद्धान्त

आधुनिकीकरण सिद्धान्तले देखाएको सामाजिक संस्थाप्रतिको वेवास्ताको स्थिती, आधुनिक बन्नलाई पश्चिमी आर्थिक र सामाजिक शैलिको नक्कल गर्नु पर्ने अवस्था तथा विभिन्न देशहरू बीच विकासका अवास्तविक सम्बन्धहरूको सृजनाको बारेमा विश्लेषण गर्दै तेस्रो विश्व वा गरीब राष्ट्रहरू किन र कसरी शोषणमा परेका छन् भन्ने देखाउन विश्व व्यवस्था सिद्धान्तको विकास गरिएको हो । जसका मुख्य व्याख्याकार ईमान्युल वालेस्ट्राइन हुन । यसलाई नव मार्क्सवादी सिद्धान्त वा परनिर्भरताको सिद्धान्त पनि भनिन्छ । खास गरेर विश्वव्यवस्था सिद्धान्त अनुसार शुरुमा भौगोलिक विस्तार भयो र त्यसपछिको पृष्ठभूमिमा विश्वव्यापी रूपमा श्रम विभाजन भयो । यसै गरि १६औं शताब्दीमा आइपुग्दा पुँजीवाद नै शक्तिशाली बन्न पुग्यो । तर विश्वमा पुँजीवादको विकास समानरूपले भएन (वालेस्ट्राइन उद्धृत रिट्जर,१९९२) ।

यस सिद्धान्त अनुसार विश्वव्यवस्था अन्तर्गत यसका विभिन्न भागहरू (केन्द्र, अर्धपृष्ठ र पृष्ठ क्षेत्र) विभिन्न कुराका लागि महत्वपूर्ण हुँदै गएर विशिष्ठ कार्यहरू (श्रमको उत्पादन, खाद्यान्न उत्पादन, कच्चा पदार्थको उपलब्धता र प्रयोगका वस्तुको निर्माण) गर्दै गए । जस्तैः अफ्रिकाले दासको उत्पादन, पश्चिम र दक्षिण युरोपले किसानको उत्पादन र पश्चिम युरोपमा ज्यालादार कामदार शासन गर्ने वर्ग र सिप युक्त प्रशासकहरू रहन पुगे (रिट्जर,१९९२) ।

यसै गरि वालेस्ट्राइनका अनुसार केन्द्र क्षेत्रमा स्वतन्त्र मजदुर (Free Labor), अर्धपृष्ठ क्षेत्रमा किसानहरू (Share cropping) र पृष्ठ क्षेत्रमा बाध्यात्मक वा बाधा मजदुर (Force Labor) रहन गए । यसरी केन्द्रमा सिपमुलक र स्वतन्त्र मजदुरहरूको बाहुल्यता हुन पुग्यो । यसका साथै केन्द्र क्षेत्रसँग भएका सिपमुलक मजदुरलाई प्रयोग गरी विकशित राष्ट्रले विश्वका विभिन्न ठाउँहरूमा उद्योगधन्दा सञ्चालन गरी पुँजीवादलाई विस्तार गर्न थाले (रिट्जर,१९९२) ।

यसरी ती उद्योगधन्दाहरू एशियाका दक्षिण कोरिया र अरवियन मुलुकहरूमा पुँजीवादी राष्ट्रले स्थापना गरेपछि उद्योग निर्माण तथा कार्य सञ्चालन र उत्पादन गर्नका लागि अदक्ष र अर्धदक्ष कामदारहरूको आवश्यकता भएकोले रोजगारीका लागि जान थाले । यसरी विश्वपुँजीवाद व्यवस्था अन्तर्गत नेपाल एउटा अदक्ष र अर्धदक्ष मजदुर उत्पादन गर्ने राष्ट्रका रूपमा विकसित हुन पुग्यो ।

यस अनुसन्धानमा वैदेशिक रोजगारका लागि रोजगार अनुमति प्रणालीद्धारा दक्षिण कोरियामा कामदारको रुपमा संलग्न व्यक्तिहरूको बारेमा अध्ययन गर्दा कसरी लम्जुङ्ग जिल्लाको सुन्दर बजार नगरपालिका वार्ड नं. ६,७ र ८ (अध्ययन क्षेत्र) बाट दक्षिण कोरियामा रोजगारीमा संलग्न भई फिर्ता भएका व्यक्तिहरूको आधारमा विश्व व्यवस्था सिद्धान्तसँग जोडिएको छ। दक्षिण कोरियाका लागि रोजगार अनुमति प्रणालीले विशेषगरी आर्थिक क्षेत्रमा प्रभाव पारेको छ। यस प्रणालीद्धारा प्राप्त आम्दानी उत्पादन मुलक क्षेत्रमा लगानी हुन सकेको छैन । त्यस आम्दानीलाई परिवारले खाद्यान्न, लत्ताकपडा, शिक्षा, स्वास्थ्य, घरनिर्माण जस्ता क्षेत्रमा खर्च गरेका छन् । दक्षिण कोरियाका लागि रोजगार अनुमति प्रणालीले परिवारको जीवनशैली, रहनसहन एवम पारिवारिक सम्बन्ध प्रणालीमा समेत प्रभाव पारेको छ र

समाजलाई आधुनिकता तर्फ लगेको देखिन्छ । यसका साथै यस्तो रोजगारबाट कमाएर ल्याएको आम्दानी वा पुँजी पुन: केन्द्र स्तरमा वा अन्य मुलुकहरूमा जान्छ भन्ने कुराको बारेमा अध्ययन गरिएको छ।

## २.६ पूर्व साहित्यको पुनरावलोकन

वि.सं.२०१३ सालमा जव नेपाल अन्तराष्ट्रिय श्रम संगठन (अ.श्र.सं) को वैधानिक सदस्य बन्यो त्यसपछि नेपालका श्रमजीवी बर्गहरुको नीतिगत संरचनाहरु बन्दै जान थाल्यो । जब वि.सं.२०२८ सालमा श्रम विभागको गठन भयो, तत्कालिन अवस्थामा यो बिभाग उद्योग वाणिज्य मन्त्रालय अन्तर्गत थियो । श्रम प्रशासनमा काम गर्न केन्द्रिय स्तरमा एक संगठनको आवस्यकता महसुस गरि वि.सं.२०३८ सालमा श्रम तथा सामाजिक कल्याण मन्त्रालयको गठन भयो । यसै अन्तर्गत रोजगार प्रवर्द्धन शाखाको स्थापना भएको थियो (वै.रो.ऐन,दोस्रो संसोधन,२०५४:दफा २) ।

भारतमा गएर रोजगारी गर्नुलाई वैदेशिक रोजगारी मानिएको छैन । वास्तवमा विदेश जाने चलनको विकास सन् १९५० पछि भएको हो (दाहाल, २०६६:१८) । नेपाल सरकारले वैदेशिक रोजगारलाई सुरक्षित र विदेशमा रहँदा आईपरेका समस्यालाई समाधान गर्नको लागि १८ वटा मुलुकमा नेपाली दुतावास सञ्चालन गरेको छ (दाहाल, २०६६:४२) ।

यसपछि नेपाल खुल्ला अर्थ-व्यवस्थामा अगाडि बढ्यो । वि.सं २०२० सालपछि नेपाली कामदारले विदेशमा दु:ख पाएको कुराहरू आउन थालेपछि नेपाल सरकारले वैदेशिक रोजगारलाई व्यवस्थित र सुरक्षित वनाउनको लागि वि.सं.२०२८ सालमा श्रमविभाग र वि.सं २०३८ सालमा श्रम मन्त्रालयको स्थापना गरी वैदेशिक रोजगारलाई व्यस्थित रूपमा अगाडि बढाई, परिमार्जित गर्दै जाने नीति लिएको हो (डाँगी, २०६७:६) ।

वैदेशिक रोजगार ऐन वि.सं.२०४२ सालदेखि लागु भएको हो । ऐन लागु भएपछि वैदेशिक रोजगार व्यवसायलाई संस्थागत रूपमा विकास गर्न छैटौं योजना देखि शुरु भएको हो (राष्ट्रिय योजना आयोग,२०३७) । यसरी विभिन्न पञ्चवर्षिय योजना लगायत त्रि-वर्षीय योजनामा समेत नेपाली श्रमिकहरूको सुरक्षाको लागि नेपालका कुटनैतिक नियोगको रूपमा अन्य सरकारी निकायलाई परिचालन गरिने कुरा उल्लेख छ (रा.यो.आ.,२०६५) ।

बैदेशिक रोजगार ऐन २०४२, बमोजिम कार्य क्षेत्र बिस्तार गरी श्रम तथा रोजगार प्रवर्द्धन विभाग नामाकरण गरिएको हो । बैदेशिक रोजगारीलाई अझ मर्यादित, व्यबस्थित र सुरक्षित बनाउनको लागि मिति २०६५ पौष १६ गते बैदेशिक रोजगार प्रवर्द्धन बिभागलाई अलग गरि बैदेशिक रोजगार विभागको छुट्टै स्थापना भएको छ । हाल बैदेशिक रोजगार विभाग अन्तर्गत अन्तराष्ट्रिय विमानस्थलमा श्रमकक्ष १, आगमन कक्ष १, तथा कोरियाका लागि रोजगार अनुमति प्रणाली (EPS) शाखा समेत रहेको छ।

नेपालबाट वैदेशिक रोजगारको लागि जाने कामदारहरू संस्थागत रूपमा, व्यक्तिगत रूपमा र गैरकानुनी रूपमा गईरहेको पाइन्छ । व्यक्तिगत प्रयासबाट वैदेशिक रोजगारीमा जाने व्यक्तिको हकमा ऐनमा स्पष्ट व्यवस्था गरेको छ । व्यक्तिगत प्रयासमा जान चाहने व्यक्तिले आफु जान चाहेको मुलुक, रोजगार दाता संस्था र त्यसले दिएको “काम गर्ने अनुमति पत्र” साथै सो संस्थाले दिने मासिक

पारिश्रमिक, कामको किसिम र कार्य, समय रोजगारीका शर्तहरू र अन्य सुविधा सहित श्रम विभागमा निवेदन दिएमा नेपाल सरकारले आवश्यक कुराबुझी निवेदकलाई वैदेशिक रोजगारमा जान स्वीकृति दिन सक्ने व्यवस्था छ (श्रम डेस्क रजिष्ट्रार, १९१८:१ ) ।


थापा (२०७०), "वैदेशिक रोजगारले समाजमा पारेको प्रभाव" भन्ने शिर्षकको शोधपत्रमा देशको राजनीतिक अस्थिरता, आन्तरिक खिचातानी र व्यक्तिगत स्वार्थको कारणले गर्दा देश विकास निर्माणको काममा सुस्तता आउनु जसले गर्दा देशमा बेरोजगारी बढ्दै गएको, समाजमा बेरोजगारीले गर्दा बिहान बेलुका हात मुख जोड्न समेत धौ-धौ को अवस्थाले गर्दा युवा श्रम शक्तिले विकल्पको माध्यमको रुपमा वैदेशिक रोजगारलाई प्रमुख गन्तव्य बनाएको, वैदेशिक रोजगारमा जाने नमुना परिवारको रुपमा हेर्दा उक्त नमुना परिवारको स्थिती राम्रो र सुखसयलमा बसेका, नागरिकको जीवीकोपार्जनको माध्यम कृषि हो भने समाजका श्रम शक्ति बाह्र महिनामा दुई महिना मात्र कृषिमा तल्लिन भएको देखिन्छ भने बाँकी दश महिना फुर्सदिलो रहेको पाईयो । यस्तो स्थितीले वर्ष दिनमा चार महिना पनि घर खर्च पुग्न गाह्रो भएकोले कालन्तरमा युवा श्रम शक्ति जीवन धान्न वैदेशिक रोजगार नै प्रमुख गन्तव्य बनेको छ भन्ने कुराको निष्कर्ष निकालेको देखिन्छ।

शर्मा (२०७३), "वैदेशिक रोजगारीले ग्रामिण जीवनमा पारेको प्रभाव" भन्ने शिर्षकको शोध पत्रमा वैदेशिक रोजगारबाट धेरैको जीवन निर्वाहको साथै केहि आर्थिक उन्नती भएको पाईयो । हिजोको अवस्थामा गरिवीका कारण गास, वास, कपास, शिक्षा र स्वास्थ्य जस्ता आधारभुत आवस्यकताका कुराबाट बञ्चित व्यक्तिहरु अहिलेको अवस्थामा आर्थिक सुधार भई यिनै आधारभुत आवस्यकताहरु परिपूर्ति भएको पाईयो । एकातिर गाउँ घरबाट बसाँई सरी शहर तर्फ लागेको पाईन्छ भने आम्दानी भएका घर परिवारले आफ्ना वालबच्चालाई संस्थागत विद्यालयमा पढाएको पाईयो । कतिपय वैदेशिक रोजगारकर्मी आफु वैदेशिक रोजगारीबाट फर्केपछि व्यवसायिक रुपमा कुखुरा पालन, बाख्रा पालन, तरकारी खेती गरेको र घर जग्गा तथा अन्य उत्पादनशील क्षेत्रमा लगानी गरेको पाईयो । यस कारण परम्परादेखि चलिआएको संस्कार र संस्कृतिमा पनि केहि हदसम्म परिवर्तन भएको पाईयो । प्रायः सबै घर परिवारमा शौचालय निर्माण गरि खुल्ला दिशा मुक्त समाज निर्माण गरि उदाहरणीय कार्य गरेको पाईयो । लैङ्गिक बिभेदका धारणाहरु बिस्तारै कम हुदै गएको अवस्था पाईयो भने जातीय बिभेदका स्वरहरु केहि हदसम्म कम भएको देखियो । समाज रुपान्तरणमा धेरै जसो व्यक्तिहरु संलग्न भएको गाउँ गाउँ टोल टोलमा मोटर बाटो निर्माण भएको, आर्थिक रुपमा सम्पन्न व्यक्तिहरुको सामाजिक हैसियत अलि उच्च रहेको भेटियो । संचारका साधनहरु टेलिभिजन, मोवाईल फोन, रेडियो, पत्रपत्रिका आदीको अधिक प्रयोग भएको पाईयो । वास्तवमा वैदेशिक रोजगारीले नेपालको चरम बेरोजगारी र गरिबी घटाएको छ भने अर्को तर्फ बसाँई सराईको कारण गाउँ घरका जग्गा जमिन खेतिपाती बिहिन बन्न पुगेका छन् । यसै गरि परनिर्भरता बढेको, खर्चमा बृद्धि भएको, विदेशि संस्कृति भित्रिएको, नेपाली संस्कृति लोप हुँदै गएको, घरमा बृद्ध आमा बुबा बेसहारा बन्दै गएको पाईयो भने केहिको श्रीमान र श्रीमती बिच सम्वन्ध बिग्रेको, सम्पति हिनामिना भएको, सम्वन्ध विच्छेद र अन्तरजातीय विवाह जस्ता घटना क्रमहरु बृद्धि हुँदै आएको पाईयो भन्ने खालको विश्लेणात्मक निष्कर्ष सहितको समिक्षा प्रस्तुत गरेका देखिन्छ।

घले (२०७२), “गोरखा भर्तीले नेपाली जनजीवनमा पारेको प्रभाव” भन्ने शोध पत्रमा स्वाभिमानी रुपले भन्नु पर्दा गोरखा भर्ती परम्परा स्वभाविक देखिदैन किन भने पराई देशको भुमिमा नेपाली युवाहरुको रगत तथा पसिना बग्नु आफैमा राम्रो होईन । गोरखा भर्ती नेपालको गरिवी तथा पछौटेपनसँग गाँसिएको छ । जसले गर्दा यसको महत्व रहन गएको पुष्टी हुन्छ । ब्रिटेन जस्तो विशाल साम्रज्यवादी मुलुकले गोरखालीको बीरगाथालाई पाउण्डमा खरिद गरि अन्य विश्वका स्वाभिमानी मुलुकको सामु कलंक छाडेको छ । पृथ्वी नारायण शाहको शासनकालमा भएको नेपाली एकीकरण अभियानमा स्थापित बीर गोरखाली गाथालाई अंग्रेज शासकहरुले गोरखा सैनिकलाई ''टाउको कटुवा'' उपमा दिएर दानवीकरण गरिदिएको छ । यो दुखद पक्ष हो, विगत देखि वर्तमान सम्मको २०० वर्षको गोरखा भर्तीको इतिहासमा नेपाली शासकहरुले आफ्नो अदुरदर्शिता, गैह्र जिम्मेवारीपना, भ्रष्ट राजनैतिक अवस्था नेपाली युवाहरुको अनिश्चित भविष्यको कारणले गर्दा नेपाली जनजाती युवाहरु यो पेशाप्रति अझै पनि मोहित छन् । यस गोरखा भर्ती परम्पराले नेपाली सामाजिक, आर्थिक अवस्थामा एउटा बिभेदपुर्ण तथा परनिर्भरमुखी जीवन पद्धति प्रदान गरेको छ । पूर्व गोरखाज् समुदायमा पढाईलाई भन्दा विदेशी सैनिक सेवामा प्रवेश गर्नु तथा अन्य वैदेशिक नोकरी गर्न बढी महत्व दिने गरेको कुरा उल्लेख भएको पाईन्छ।

## २.७ अवधारणात्मक खाका

अवधारणात्मक खाकाले एउटा विषयवस्तु सँग सम्बन्धित धारणाहरुको साझा भावलाई संगठित रुपमा एउटै खाका भित्र प्रस्तुत गर्दछ । यस शोध पत्रमा पनि वैदेशिक रोजगारका लागि रोजगार अनुमति प्रणालीद्वारा दक्षिण कोरियामा कामदारको आकर्षण कारण र प्रभावका साझा अवधारणाहरुलाई एउटै खाका भित्र राखेर हेर्ने प्रयास गरिएको छ । यसरी कारण र असर बीचको सम्वन्धलाई व्याख्या गर्ने प्रयास गरिएको छ। जुन कुरा तलको खाकाले परिभाषित गरेको छ।



## २.८ वैदेशिक रोजगारसँग सम्वन्धित शोधमा देखिएका अभावहरु

यस शोधपत्र तयारीको क्रममा त्रिभुवन विश्व विद्यालय समाजशास्त्र विभाग किर्तीपुर एवं पृथ्वीनारायण क्याम्पस पोखरामा प्रस्तुत गरिएका 'वैदेशिक रोजगार र समाज तथा परिवारमा यसको प्रभाव' शिर्षकका विभिन्न शोधपत्रहरुमा आर्थिक, सामाजिक, सांस्कृतिक र शैक्षिक पक्षहरुमा वैदेशिक रोजगारीबाट प्राप्त आम्दानीको कारणले देखिएका परिवर्तनहरुलाई तत्कालिन परिस्थिती, समय र शोधकर्ताको उदेश्य अनुरुप सशक्तरुपमा प्रस्तुत गर्न खोजिएता पनि उपर्युक्त शोध पत्रहरुमा वर्तमान अवस्थाको सामाजिक, सांस्कृतिक र राजनैतिक परिवेशमा वैदेशिक रोजगारीमा जाने अभ्यासले पारिवारिक सम्वन्ध प्रणालीमा पारेको प्रभावका केही महत्वपूर्ण पक्षहरुको अनुसन्धानमा अभाव खड्कीएको महसुश गरी खुलाउन बाँकी निम्नानुसारका समस्याहरुलाई कार्यक्षेत्रमा नै गई समस्याको गहिराईमा पुगेर तथ्यपरक ढङ्गबाट समयसापेक्ष उजागर गर्ने प्रयास गरिएको छ।

- पहिलो कुरा त वैदेशिक रोजगारीका नाममा प्रस्तुत गरिएका शोधपत्रहरुमा खाडी मूलुक र मलेसियालाई वाहेक अन्य देशहरु (दक्षिण कोरिया, जापान तथा युरोपका देशहरु) जहाँ हजारौं नेपाली नागरिकहरु श्रमिकका रुपमा कार्यरत छन् अनुसन्धानको नमूनाको पक्षका रुपमा समावेश गर्न छुटाईएको पाईएकोले वैदेशिक रोजगारीका लागि दक्षिण कोरियामा गएका श्रमिकहरुलाई विषयवस्तुका रुपमा लिईएको छ।
- वैदेशिक रोजगारीमा गरिने कामको प्रकृतिको बारेमा ।
- वैदेशिक रोजगारीबाट प्राप्त आम्दानीले पारिवारिक सम्वन्ध प्रणालीमा पारेको प्रभावको बारेमा ।
- वैदेशिक रोजगारीबाट प्राप्त आम्दानीलाई स्वदेशमा लगानी गरी उत्पादन र व्यावसायीक क्षेत्रमा पारेको प्रभाव ।
- वैदेशिक रोजगारको शिलशिलामा के-कस्तो शैक्षिक योग्यता भएका व्यक्तिहरुको आकर्षण दक्षिण कोरियामा छ भन्ने बारे ।
- वैदेशिक रोजगारीको शिलशिलामा श्रमिकले दक्षिण कोरियामा भोल्नु परेका समस्याहरु र त्यसको न्यूनिकरणका उपाय  बारेमा ।
- वैदेशिक रोजगारी पश्चात उनीहरुले अवलम्वन गरेको पेशा-व्यवसायका बारेमा ।

# अध्याय:तीन
# अनुसन्धान पद्धति

## ३.१ अध्ययन क्षेत्रको छनौंटको औचित्य

यस अध्ययनको क्षेत्र लम्जुङ्ग जिल्लाको सुन्दरबजार नगरपालिका वार्ड नं. ६,७ र ८ लाई छनौट गरिएको छ। ग्रामिण क्षेत्र भएकाले पनि अन्य रोजगारीका लागि प्रशस्त संभावना नभएकाले कृषिमा मात्रै निर्भर रहनुपरेको हुँदा वैकल्पिक रूपमा युवा जनशक्ति वैदेशिक रोजगारमा जाने क्रम निरन्तर चलिरहेको छ जसमा रोजगार अनुमति प्रणालीद्धारा रोजगारीका लागि दक्षिण कोरिया आकर्षक गन्तव्य बनेको छ। जसले गर्दा यस क्षेत्रमा वैदेशिक रोजगारले व्यक्तिगत, पारिवारिक तथा सामाजिक जीवनमा प्रभाव पारेको देखिन्छ। यस अध्ययन क्षेत्रमा रोजगार अनुमति प्रणालीद्धारा रोजगारीमा दक्षिण कोरियामा संलग्न घरपरिवार एवमं स्वयं रोजगारीबाट फर्केर आएको व्यक्तिले समाजमा कस्तो प्रभाव पारेको छ त भन्ने बारेमा बुझ्नको लागि यस अध्ययन क्षेत्रको छनौट गरिएको छ। यस स्थानलाई नै अध्ययन क्षेत्र छनौट गर्नुको कारण निम्न अनुसार छन्।

- यस स्थानबाट रोजगार अनुमति प्रणालीद्धारा रोजगारीमा दक्षिण कोरियामा संलग्न हुनेको संख्या दिनप्रतिदिन वृद्धि हुँदै गएकाले।
- रोजगार अनुमति प्रणालीद्धारा रोजगारीमा दक्षिण कोरियामा संलग्न व्यक्तिहरूको पारिवारिक जीवनमा परिवर्तन भई यसको प्रभाव पारिवारिक सम्वन्ध प्रणालीमा देखिएकाले।
- शोधकर्ता यस स्थानमा स्थायी बसोबास गर्ने भएको हुनाले प्रत्यक्ष अवलोकन विधिद्धारा तथ्याङ्क संकलन गर्न सजिलो हुनाले।

## ३.२ अनुसन्धानको प्रकृति

यस अनुसन्धानमा उद्देश्यको आधारमा तथ्याङ्क संकलन गर्दा गुणात्मक र संख्यात्मक प्रकृतिको सूचनाहरु प्रयोग गरी विश्लेषण गरिएको छ। जसको लागि अनुसन्धानमा सबै सूचना संख्यामा गणना गर्न नमिल्ने खालको भएकाले पनि तथ्याङ्कको प्रकृतिको आधारमा विश्लेषण गरि वर्णनात्मक विधीको समेत अवलम्वन गरिएको छ। यसका अतिरिक्त शोधकर्ताले रोजगार अनुमति प्रणालीद्धारा रोजगारीमा दक्षिण कोरियामा संलग्न व्यक्तिहरूको समग्र अवस्था, त्यसले पारिवारिक सम्वन्ध प्रणाली अन्तर्गत श्रमिकको नातेदार, जोडी र अभिभावकको बीच पारेको प्रभाव र त्यसको समाधानको उपायहरुको खोजीको प्रयास गरिएको छ।

## ३.३ समग्र र नमूना छनौट

अध्ययनको लागि लम्जुङ्ग जिल्लाको सुन्दरबजार नगरपालिका वार्ड नं. ६, ७ र ८ बाट रोजगार अनुमति प्रणालीद्धारा रोजगारीका लागि दक्षिण कोरियामा संलग्न भएका व्यक्तिहरूको परिवार तथा

वैदेशिक रोजगारबाट फर्किएका व्यक्तिलाई लिईएको छ । यस वडाहरुमा रोजगार अनुमति प्रणालीद्धारा रोजगारीमा दक्षिण कोरियामा संलग्न व्यक्तिहरूको घरधुरी संख्या ५० रहेकोमा सबै घरधुरीलाई सघनगणना विधीद्धारा नमूना आकारको रुपमा छनौट गरिएको छ जुन परिवारका सदस्य लगभग पाँच वर्ष जति दक्षिण कोरियामा श्रमिकको रुपमा काम गरेर फर्केका छन् । सिमित स्रोत र उत्तरदाताको समय अभावका कारण नमूना छनौट गर्दा आकस्मिक र उदेश्यमूलक विधीको अवलम्वन गरिएको छ । दक्षिण कोरियामा सबै भन्दा लामो समयसम्म काम गरि फर्किएका पाँच जना अनुभवि युवायुवतीहरुलाई वैयक्तिक अध्ययनको लागि लिइएको छ।

## ३.४ तथ्याङ्कको स्रोत र प्रकृति

अध्ययनको उद्देश्यको आधारमा तथ्याङ्क संकलन गर्दा प्राथमिक स्रोत तथा द्धितिय स्रोतबाट तथ्याङ्क संकलन गरिएको छ । प्राथमिक स्रोत अन्तर्गत अध्ययन क्षेत्रमा प्रत्यक्ष रूपमा सहभागी भई अन्तर्वार्ता अनुसूचि, अवलोकन, वैयक्तिक अध्ययन र समूह छलफलको माध्यमबाट तथ्याङ्क संकलन गरिएको छ । द्धितिय स्रोत अन्तर्गत नगरपालिका, जिल्ला विकास समिति, र विभिन्न सरकारी कार्यालय, विभिन्न सरकारी तथा गैह्र-ससरकारी संस्थाद्धारा प्रकाशित प्रतिवेदन, तथ्याङ्क विभाग, ई.पि.एस. सेक्सन ग्वार्को ललितपुर, वैदेशिक रोजगार विभाग तथा विभिन्न पत्रपत्रिका, पुस्तक, प्रतिवेदन, विभिन्न सञ्चार माध्यमका सूचना एवम वेभ पेजहरु, समाजशास्त्र तथा मानवशास्त्रका विद्धानबाट लेखिएका पुस्तकहरू साथै विषयवस्तुसँग सम्बन्धित भएर तयार पारिएका शोधपत्र आदिको अध्ययन गरिएको छ।

## ३.५ तथ्याङ्क संकलनको विधि

यस विषयको अध्ययनको लागि आवश्यकता अनुसार सम्वन्धित क्षेत्रमा नै बसोबास गरी विषयसँग सम्वन्धित व्यक्तिहरु सँग आत्मिय सम्बन्ध कायम गर्दै निम्नानुसारका विधिहरूको प्रयोग गरिएको छ।

### ३.५.१ अन्तर्वार्ता अनुसूची

अनुसन्धानको उद्देश्यको आधारमा प्रश्नहरु तयार गरी अध्ययन क्षेत्रमा गई सामाजिक, साँस्कृतिक विवरण, हालको पेशा, रोजगारमा जानु भन्दा अगाडीको पेशा, शिक्षा, आर्थिक विवरण आदिको बारेमा तथ्याङ्क संकलन गरिएको छ । यस अन्तर्गत सम्बन्धित क्षेत्रका व्यक्तिसँग प्रत्यक्ष रूपमा भेटेर तयार पारिएका प्रश्नावलिका आधारमा उत्तरदाता र शोधकर्ताबिच दोहोरो वार्तालापको माध्यमबाट तथ्याङ्क संकलन गरिएको छ । जहाँ व्यक्तिगत तहमा रहेर शोधकर्ताले उत्तरदात्तासँग प्रत्यक्ष रूपमा भेटघाट गरि आवश्यक सूचना लिईएकोले संकलित सूचनामा विश्वासनियता र सत्यता रहने अनुमान गरिएको छ । यस क्रममा ५० घरधुरीलाई अन्तर्वार्ताको लागि समावेश गरिएको छ।

### ३.५.२ अवलोकन

यस अध्ययनको फिल्ड वर्क प्रत्यक्ष रूपमा सहभागी मूलक अवलोकन विधिबाट तथ्याङ्क संकलन गरिएको छ । यस विधिबाट अध्ययन क्षेत्रमा रोजगार अनुमति प्रणालीद्धारा रोजगारीमा दक्षिण कोरियामा

संलग्न परिवार र रोजगारबाट फर्किएका स्वयं व्यक्तिको घरमा रहेको, परिवारक सम्वन्ध, शैक्षिक स्थिति र वर्तमान पेशा र आर्थिक अवस्थाको बारेमा अवलोकन गरिएको छ ।

### ३.५.३ समूह छलफल

यस अन्तर्गत रोजगार अनुमति प्रणालीद्धारा रोजगारीमा दक्षिण कोरियामा संलग्न घरपरिवारको सदस्य र रोजगारबाट फर्किएका व्यक्तिलाई एउटा समूहमा भेला बनाएर निश्चित स्थानमा बसेर उनीहरूले रोजगार अनुमति प्रणालीद्धारा रोजगारीमा दक्षिण कोरियामा संलग्न हुनुको कारण, दक्षिण कोरियाको रोजगारीले उनीहरूको आर्थिक क्षेत्रमा पारेको प्रभाव, सामाजिक तथा पारिवारिक सम्बन्ध प्रणालीमा परेको प्रभाव, रोजगार अनुमति प्रणालीद्धारा दक्षिण कोरियामा रोजगार सम्बन्धिमा असर र प्रभावका बारेमा वैयक्तिक अन्तर्वार्ता विधीद्धारा प्राप्त हुन नसकेका प्रश्नहरुमा छलफल गरि समूह छलफलको आधारमा तथ्याङ्क संकलन गरि निष्कर्ष निकालिएको छ।

### ३.५.४ वैयक्तिक अध्ययन

उत्तरदाताको जीवन वृतान्त, रोजगार अनुमति प्रणालीको सवल र दुर्वल पक्ष, रोजगारीको क्रममा भोलेका समस्या र पूर्व सावधानी एवम सामाजिक, आर्थिक, सांस्कृतिक र पारिवारिक अवस्थाका बिभिन्न पक्षहरुको वैयक्तिक अध्ययनको माध्यमद्धारा केलाउने प्रयास गरिएको छ ।

## ३.६ तथ्याङ्क विश्लेषण तथा प्रस्तुतीकरण

यस शोध कार्यमा गुणात्मक र संख्यात्मक दुवै खाले तथ्याङ्कको प्रयोग गरिएको छ । शोधपत्रको उद्देश्यसँग सम्बन्धित भएर संकलित विभिन्न किसिमका तथ्यहरूको प्रकृति अनुसार वर्गिकरण गरि गुणात्मक तथ्यलाई व्याख्या गरी मात्रात्मक तथ्यलाई तालिका बनाएर विश्लेषण गरिएको छ । गुणात्मक तथ्याङ्कले उत्तरदाताको सामाजिक, पारिवारिक तथा अभौतिक अवस्थालाई जनाएको छ भने संख्यात्मक तथ्याङ्कले सम्पति, उमेर, लिङ्ग तथा शैक्षिक स्तरलाई जनाएको छ । तालिकामा देखाउन सकिने तथ्याङ्कलाई तालिकामा प्रस्तुत गरिएको छ भने तालिकामा देखाउन नसकिने कुराहरुलाई वर्णनात्मक विधिको प्रयोग गर्दै व्याख्या गरिएको छ।

# अध्याय:चार
# अध्ययन क्षेत्रको परिचय तथा उत्तरदाताको पृष्ठभूमि

## ४.१ परिचय

लम्जुङ्ग जिल्ला ४ नम्वर प्रदेश अन्तर्गत गण्डकी अञ्चलमा रहेको एक पहाडी जिल्ला हो । राजधानी काठमाण्डौबाट १६० किमी पूर्वमा रहेको यो जिल्ला पृथ्वी राजमार्गको डुम्रेबाट मनाङतर्फ २६ किमी उत्तरतर्फको यात्रा पछि प्रवेश गर्न सकिन्छ । नया संरचना अनुसार यस जिल्लामा ४ वटा नगरपालिका (वेसीशहर नगरपालीका,सुन्दरवजार नगरपालीका,मध्य नेपाल नगरपालिका र राइनास नगरपालिका) र ४ वटा गाउपालिका (क्व्होलासोथार, दुधपोखरी, मर्स्याङ्दी र दोर्दी) रहेका छन, यी मध्य सुन्दर बजार नगरपालिकाको वार्ड नं. ६, ७ र ८ लाई लिईएको छ, जहाँ ब्राह्मण, क्षेत्री, गुरुङ, मगर, नेवार, दमाई, सार्की, कामी र कुमाल जस्ता जातजातीको बाहुल्यता रहेको पाईन्छ। धार्मिकरुपमा हिन्दु, बौद्ध, मुस्लिम र क्रिस्चियन धर्मावलम्बीहरु मिलेर बसोवास गर्दै आएकाको देखिन्छ। यस जिल्लाको पूर्वमा गोर्खा जिल्ला, पश्चिममा कास्की जिल्ला, उत्तरमा मनाङ जिल्ला र दक्षिणमा तनहुँ जिल्ला पर्दछ। जिल्लाको कुल क्षेत्रफल १६९२ वर्ग किमी रहेको छ। नेपालको प्रसिद्द मर्स्याङ्गदी नदी यो जिल्लाको बिच भाग भएर बहन्छ । जलस्रोत र पर्यटनका हिसावले लम्जुङ्ग जिल्ला महत्वपूर्ण र उर्वर क्षेत्र मानिन्छ । अन्नपूर्ण पदमार्गको प्रवेशद्वारको रूपमा यो जिल्लालाइ चिनिन्छ । यस जिल्लाको खेतीयोग्य जमिन ४५९४० हेक्टर रहेको छ। जिल्लामा कुल ३७ किमी मात्र पक्की सडक छ। जिल्लाको कुल ७६ प्रतिशत जनसंख्याले राष्ट्रिय प्रसारणको विद्युत सेवा प्राप्त गरेका छन् भने १० प्रतिशतले लघु जलविद्युत सेवा लिएका छन् । यस जिल्लाले ८३.४ मेगावट विद्युत राष्ट्रिय प्रसारणमा योगदान दिएको छ भने ५० मेगावाटको विद्युत योजना सम्पन्न हुने अवस्थामा छ (जि.स.स. लम्जुङ,२०७४)।

उपर्युक्त स्थानिय निकायहरु मध्ये सुन्दर बजार नगरपालिकाको वार्ड नं. ६, ७ र ८ लाई अध्ययन क्षेत्रको रुपमा छनौट गरिएको छ जसको कूल जनसंख्या २०,४७५ बाट वैदेशिक रोजगारीको शिलसिलामा रोजगार अनुमति प्रणालीद्धारा रोजगारीमा दक्षिण कोरियामा संलग्न व्यक्तिहरूको घरधुरी संख्या ५० मध्ये ५० वटै घरधुरी सघनगणना विधीद्धारा नमूना आकारको रुपमा छनौट गरिएको छ जुन परिवारका सदस्य लगभग पाँच वर्ष जति दक्षिण कोरियामा श्रमिकको रुपमा काम गरेर फर्केका थिए । जसमा बिभिन्न धर्म, जातजाति र फरक-फरक उमेर समूहका युवायुवतिहरु रहेका छन् ।

## ४.२ उमेरगत विश्लेषण

कुनै पनि क्षेत्रको जनसङ्ख्यामा उमेर एक महत्वपूर्ण सामाजिक तत्व मानिन्छ। जसले गर्दा बिभिन्न कार्यमा विविधता ल्याउछ । उमेरले सामाजिक विकास, चेतना, परिवर्तन, निर्णय गर्ने क्षमता आर्थिक क्रियाकलाप जस्ता क्षेत्रमा प्रत्यक्ष वा अप्रत्यक्ष रुपमा प्रभाव पारेको हुन्छ। उमेर समूह अनुसार मानिसको सोचाई, काम गर्ने तरिका र आवश्यकता समेत फरक-फरक किसिमको हुने भएकोले उत्तरदातालाई उनीहरुको उमेर अनुसार भिन्दाभिन्दै तीन समूहमा वर्गिकरण गरि तलको तालिकामा प्रस्तुत गरिएको छ ।

**तालिका ४.१ उत्तरदाताको उमेर सम्वन्धी विवरण**

| उमेर समूह | श्रमिक | प्रतिशत | घर मुलि | जोडी | प्रतिशत |
|---|---|---|---|---|---|
| २३-२८ | ११ | २२.०० | | १० | २६.६० |
| २८-३३ | ३० | ६०.०० | | २० | ५७.१० |
| ३३ भन्दा माथी | ९ | १८.०० | ५० | ५ | १४.३० |
| जम्मा | ५० | १००% | ५० | ३५ | १००% |

*स्रोतःस्थलगत अध्ययन २०७४*

तालिका ४.१ अनुसार अध्ययन क्षेत्रका उत्तरदाताहरुको उमेर समुहको स्थितिलाई हेर्दा सबैभन्दा बढी श्रमिक उत्तरदाता २८-३३ वर्ष उमेर समूहका ६०.०० प्रतिशत अर्थात ३० जना, जोडी उत्तरदाता सोही उमेर समूहका २० जना अर्थात ५७.१० प्रतिशत र सबैभन्दा कम ३३ वर्ष देखि माथिका उमेर समूहका श्रमिक र जोडी क्रमशः १८.०० र १४.३० प्रतिशत अर्थात ९ र ५ जना रहेको पाईयो । यसबाट के स्पष्ट हुन्छ भने नेपाली युवायुवतीहरुले २८ वर्षसम्म स्वदेशमै आफुलाई राखिराख्न बिभिन्न प्रयासहरु गर्दा पनि सफल हुन नसकि र भैहाले पनि दैनिक जीवीकोपार्जन गर्न आम्दानीको स्रोत पर्याप्त नभए पछि विदेशिन बाध्य भएको देखिन्छ। अर्को तर्फ नेपालमा सानोतिनो स्थायी जागिर हुँदा हुँदै पनि परिवारको बढ्दो खर्च तथा आवश्यकतालाई पूरा गर्न नसकि कोरियाको रोजगारी रोजेको देखिन्छ।

## ४.३ जातीगत अवस्था

सामाजिक अध्ययनको सिलसिलामा बिभिन्न जातजातीहरुको अध्ययन गर्नु पनि महत्वपूर्ण कार्य मानिन्छ। यस अध्ययन क्षेत्रमा पनि बिभिन्न जातजातीहरुको वसोवास रहेको हुँदा जातीगत अवस्थाले पनि समाजका बिभिन्न पक्षहरुलाई प्रभाव पारेको हुन्छ। कतै जातीगत रुपमा पनि मानिसहरुले आफ्नो परम्परागत पेशालाई अंगालि राखेको हुन्छ भने कतै परम्परागत पेशाले दैनिक जीवीकोपार्जन गर्न नसकि विकल्पहरु खोज्न बाध्य भएको पनि पाईन्छ। त्यसैले यस क्षेत्रबाट रोजगारीका निम्ती दक्षिण कोरियामा सहभागी युवायुवतीहरुको जातीगत विवरणलाई यसप्रकार देखाईएको छ।

**तालिका ४.२ जातीय आधारमा उत्तरदाताहरु**

| जातजाती | श्रमिकको सङ्ख्या | प्रतिशत |
|---|---|---|
| ब्राह्मण | ७ | १४.०० |
| क्षेत्री | १५ | ३०.०० |
| दलित | ५ | १०.०० |
| जनजाती | २३ | ४६.०० |
| जम्मा | ५० | १००% |

*स्रोतःस्थलगत अध्ययन २०७४*

तालिका ४.२ अनुसार अध्ययन क्षेत्रबाट जातीगतरुपमा रोजगारीका निम्ती दक्षिण कोरियामा संलग्न युवायुवतीहरुको स्थितिलाई हेर्दा सबैभन्दा कम दलित १०.०० प्रतिशत अर्थात ५ जना र सबैभन्दा बढी जनजाती ४६.०० प्रतिशत अर्थात २३ जना रहेको पाईयो। यसबाट के बूझ्न सकिन छ

भने अध्ययन क्षेत्रबाट वैदेशिक रोजगारीमा जाने अन्य जातीहरुको तुलनामा जनजातीहरुकै बाहुल्यता रहेको छ । वाहुन क्षेत्रीहरु पढाई र सरकारी जागिरमा बढि आकर्षित हुने र दलितको संख्या अध्ययन क्षेत्रमा कम रहनुको साथै यस सम्वन्धीत पहुँच समेत कम भएकोले कोरिया जाने जनजातीहरुको तुलनामा दलितहरुको संख्या कमै रहेको देखिन्छ।

## ४.४ धार्मिक अवस्था

कुनै पनि व्यक्ति तथा समाजको सोचाईको महत्वपूर्ण आधारको रुपमा उनीहरुले अवलम्बन गर्ने धर्मलाई लिन सकिन्छ । राज्यले पनि धार्मिक स्वतन्त्रताको ग्यारेण्टी गरेको हुँदा हरेक नागरिकलाई विना रोकतोक धार्मिक क्रियाकलाप संचालन गर्ने हक छ । धार्मिक आस्थालेनै मानिसले गर्ने पेशा र कर्मलाई निर्दिष्ट गरेको हुन्छ । कहाँ र कुन काम गर्ने भन्ने सम्मको निर्णय धार्मिक आस्थाका आधारमा नै गर्ने गरेको समेत भेटिएको सन्दर्भमा पनि कुन धर्म मान्ने श्रमिकहरु वैदेशिक रोजगारीका लागि दक्षिण कोरियामा बढि र कम सहभागी छन् र त्यसको कारण के हुन सक्छ भन्ने जान्नका लागि अध्ययन क्षेत्रका श्रमिकहरुले कुन -कुन धर्म मान्दै आएका छन् भन्ने कुरालाई तलको तालिकामा प्रस्तुत गरिएको छ।

**तालिका ४.३ धर्मका आधारमा उत्तरदाताहरु**

| धर्म | श्रमिकको सङ्ख्या | प्रतिशत |
|---|---|---|
| हिन्दु | २८ | ५६.०० |
| बौद्ध | १६ | ३२.०० |
| क्रिश्चियन | ६ | १२.०० |
| मुस्लिम | - | - |
| जम्मा | ५० | १००% |

*स्रोतःस्थलगत अध्ययन २०७४*

तालिका ४.३ अनुसार अध्ययन क्षेत्रका उत्तरदाताहरुको स्थितिलाई हेर्दा सबैभन्दा कम क्रिश्चियन १२.०० प्रतिशत अर्थात ६ जना र सबैभन्दा बढी हिन्दु ५६.०० प्रतिशत अर्थात २८ जना रहेको पाईयो । यसबाट के बूझ्न सकिन छ भने अध्ययन क्षेत्रबाट वैदेशिक रोजगारीमा जाने अन्य धर्म मान्नेहरुको तुलनामा हिन्दु धर्म मान्नेहरुकै बाहुल्यता बढि रहेको देखियो । किन भने अन्य धर्मको तुलनामा हिन्दु धर्म मान्नेहरु कट्टर सोचाईका नहुने हुनाले यीनीहरुको संख्या बढि हुन गएको देखिन्छ । यस अध्ययन क्षेत्रबाट मुस्लिम धर्मावलम्बीहरु रोजगारीको निम्ती अन्य खाडी मूलुकहरुमा गएको भएता पनि दक्षिण कोरिया भने नगएको पाईयो ।

## ४.५ वैदेशिक रोजगारीमा जानु पूर्व श्रमिकको पेशागत अवस्था

कुनै पनि व्यक्ति तथा समाजको आर्थिक विकासको महत्वपूर्ण आधारको रुपमा उनीहरुले अवलम्बन गर्ने पेशालाई लिन सकिन्छ । पेशा भन्नाले यस अध्ययन क्षेत्रका व्यक्तिले गर्ने काम वा रोजगारलाई बुझिन्छ, जुन व्यक्तिको जिविकोपार्जनको साथै आर्थिक पक्षसँग सम्बन्धित रहेको हुन्छ। यहाँ

वैदेशिक रोजगारमा संलग्न श्रमिकले वैदेशिक रोजगारीमा जानु पूर्व स्वदेशमा उनीहरुले अंगालेको पेशालाई प्रस्तुत गरिएको छ। जसलाई तलको तालिकाबाट विश्लेषण गर्ने प्रयास गरिएको छ।

**तालिका ४.४ पेशाका आधारमा श्रमिक उत्तरदाताहरु**

| पेशा | श्रमिकको सङ्ख्या | प्रतिशत |
|---|---|---|
| कृषि | २० | ४०.०० |
| सकारी सेवा | १० | २०.०० |
| श्रम | १० | २०.०० |
| व्यापार | ८ | १६.०० |
| अन्य | २ | ०४.०० |
| जम्मा | ५० | १००% |

*स्रोतःस्थलगत अध्ययन २०७४*

तालिका ४.४ अनुसार अध्ययन क्षेत्रका उत्तरदाताहरुको स्थितिलाई हेर्दा सबैभन्दा कम  अन्य ( राजनीति,अध्ययन,मौसमी अस्थायी प्रकृतिको कार्य) पेशा गरेका मानिस ४.०० प्रतिशत अर्थात २ जना र सबैभन्दा बढी कृषि पेशा गरेका  मानिस ४०.०० प्रतिशत अर्थात २० जना रोजगार अनुमती प्रणालीद्धारा दक्षिण कोरिया गएको पाईयो । यसबाट के बूझ्न सकिन छ भने अध्ययन क्षेत्रबाट वैदेशिक रोजगारीमा जाने अन्य पेशाका मानिसहरु भन्दा कृषि पेशा अवलम्वन गरेका मानिसहरु तुलनात्मकरुपमा बढि गएको देखियो । किन भने नेपालमा सरकारले कृषि पेशालाई आधुनिकीकरण गर्न सकेको पनि छैन र उत्पादित वस्तुको सुरक्षाको ग्यारेण्टी दिन सकेको आवस्था छैन । त्यसैले कृषि पेशा अंगालेका मानिस विदेशिन बाध्य भएको पाईयो ।

## ४.६ शैक्षिक अवस्था

मानव विकासका लागि शिक्षा अति नै महत्वपूर्ण आधार हो । शिक्षाले नै मानिसको चौतर्फि विकास गरेर मानव जीवनलाई स्वाबलम्वी, आत्मनिर्भर, र आत्मविश्वासी बनाउन सार्थक भुमिका खेल्दछ । अशिक्षा नै सबै समस्याको जड भएकाले शिक्षा विना देश विकासको कल्पना पनि गर्न सकिदैन । संसारमा भएका विकास निर्माण तथा बिभिन्न वैज्ञानिक चमत्कार शिक्षाकै कारण प्राप्त भएका हुन् । त्यसैले हरेक क्षेत्रको आधारभुत आवश्यकताका रुपमा शिक्षालाई लिने गरेको पनि पाईन्छ। शिक्षा विनाको विकास र समृद्धी असंभव प्राय ठानिन्छ । मानव सभ्यताको उत्पतिकाल देखि आजको यो युग सम्म संसारलाई पु-याउन शिक्षाको अहम भुमिका रहेको पाईन्छ । त्यसैले मानवको सर्वाङ्गिण विकासको आधारभूत तत्वको रुपमा शिक्षालाई लिने गरेको कुरा घाम जस्तै छर्लङ्ग छ ।  कुनै पनि समाजको वा त्यससँग सम्वन्धित वर्ग विशेषको सामाजिक अवस्थाको अध्ययन गर्दा शैक्षिक अवस्थालाई पनि प्रमूख स्थान दिनु पर्छ । शिक्षा मानिसको बौद्धिक पक्षसँग सम्बन्धित रहेको हुन्छ । यहाँ वैदेशिक रोजगारमा संलग्न श्रमिक र घरमूलि उत्तरदाताको शैक्षिक अवस्थालाई प्रस्तुत गरिएको छ।

**तालिका ४.५ शैक्षिक अवस्थाका आधारमा उत्तरदाताहरु**

| शैक्षिक स्थिति | श्रमिक | प्रतिशत | घरमूलि | प्रतिशत | जोडी | प्रतिशत |
|---|---|---|---|---|---|---|
| आधारभुत शिक्षा | २ | ०४.०० | १८ | ३६.०० | ३ | ०८.६० |
| माध्यामिक शिक्षा | १८ | ३६.०० | २० | ४०.०० | २३ | ६५.७० |
| उच्च शिक्षा | ३० | ६०.०० | १२ | २४.०० | ९ | २५.७० |
| जम्मा | ५० | १००% | ५० | १००.% | ३५ | १००% |

*स्रोतःस्थलगत अध्ययन २०७४*

तालिका ४.५ अनुसार अध्ययन क्षेत्रका उत्तरदाताहरुको शैक्षिक स्थितिलाई हेर्दा श्रमिक सबैभन्दा कम आधारभुत शिक्षामात्रै पास गरेका ०४.०० प्रतिशत अर्थात २ जना र सबैभन्दा बढी उच्च शिक्षा पुरा गरेका ६०.०० प्रतिशत अर्थात ३० जना, घरमूली सबैभन्दा कम उच्च शिक्षा पढेका २४.०० प्रतिशत अर्थात १२ जना र सबैभन्दा बढी माध्यामिक शिक्षा पुरा गरेका ४०.०० प्रतिशत अर्थात २० जना र जोडी घरमूली सबैभन्दा कम आधारभूत शिक्षा पढेका ०८.६० प्रतिशत अर्थात ३ जना र सबैभन्दा बढी माध्यामिक शिक्षा पुरा गरेका ६५.७० प्रतिशत अर्थात २३ जना पाईयो । त्यसैगरि आधारभुत शिक्षा प्राप्त परिवारका सदस्यको तुलनामा उच्च शैक्षिक स्तर पूरा गरेका परिवारका सदस्यहरुको संख्या वैदेशिक रोजगारीमा बढि संलग्न भएको देखिन्छ । यसबाट के बुझ्न सकिन्छ भने अध्ययन क्षेत्रबाट वैदेशिक रोजगारीमा जाने उच्च शैक्षिक स्तर पूरा गरेका परिवारका सदस्यहरु तुलनात्मकरुपमा आधारभुत शिक्षा प्राप्त परिवारका सदस्यहरु भन्दा बढि नै शिक्षित देखिन्छन् र शिक्षित युवायुवतीहरुनै रोजगारीका सिलसिलामा पलायन भैईरहेको पनि पाईयो ।

## ४.७ वैवाहिक अवस्था

विवाह समाज विकासको एक महत्वपूर्ण समाजिक संस्था हो । समाज विकासका लागि यस संस्थाले अति नै महत्वपूर्ण भुमिका निर्वाह गरेको हुन्छ । विवाहले नै समाजिक विकासको प्रक्रियालाई एउटा निर्दिष्ट दिशामा निर्देशित गरको ठानिन्छ । त्यसैले परिवार सृजनाको प्रमुख तत्वका रुपमा विवाहलाई लिन सकिने हुनाले यहाँ वैदेशिक रोजगारमा संलग्न उत्तरदाताको वैवाहिक अवस्थालाई प्रस्तुत गरिएको छ।

**तालिका ४.६ वैवाहिक अवस्थाका आधारमा श्रमिक उत्तरदाताहरु**

| वैवाहिक अवस्था | श्रमिकको सङ्ख्या | प्रतिशत |
|---|---|---|
| विवाहित | ३० | ६०.०० |
| अविवाहित | १५ | ३०.०० |
| सम्वन्ध विच्छेद | ५ | १०.०० |
| जम्मा | ५० | १००% |

*स्रोतःस्थलगत अध्ययन २०७४*

तालिका ४.६ अनुसार अध्ययन क्षेत्रका उत्तरदाताहरुको वैवाहिक स्थितिलाई हेर्दा सबैभन्दा कम सम्वन्ध विच्छेद गरेका १० प्रतिशत अर्थात ५ जना र सबैभन्दा बढी विवाहित ६०.०० प्रतिशत अर्थात ३० जना रोजगार अनुमती प्रणालीद्धारा दक्षिण कोरिया गएको पाईयो । तसर्थ यस अध्ययनले के देखाउछ भने नेपाली युवाहरु परिवारको भरण पोषणका लागि विदेशिन बाध्य छन् भने यसको असर सम्वन्ध विच्छेद सम्म पुगेको छ।

## ४.८ लैङ्गिक अवस्था

लैङगिक समानताले समाज विकासमा महत्वपूर्ण भुमिका खेलेको हुन्छ। समाज विकासका लागि कुनै पनि राष्ट्रले समान अवसर, समान वितरण र समान ज्यालाको निती अवलम्वन गरेको हुनु पर्छ। किन भने महिला र पुरुष एक सिक्का दूई पाटा हुन । त्यसैले एकको अभावमा अर्को अगाडी बढ्न सक्दैन । जवसम्म लैङ्गिक असमानताको अन्त्य हुँदैन तबसम्म देशले जतिसुकै आर्थिक विकास गरेता पनि देश विकासको गतिमा अगाडी बढ्न सक्दैन । त्यो त केवल अस्थायी प्रकृतिको विकास मात्र हुन्छ । हाम्रो जस्तो पितृसत्ताले जरो गाडेको समाजमा वैदेशिक रोजगारीमा जान महिलालाई त्यति सजिलै छुट दिएको हुँदैन । यस अध्ययनमा सहभागी उत्तरदाताहरुको लैङगिक अवस्था कस्तो रहेछ भन्ने कुरालाई प्रस्तुत गरिएको छ।

**तालिका ४.७ लैङ्गिक अवस्थाका आधारमा उत्तरदाताहरु**

| लैङ्गिक अवस्था | श्रमिक | प्रतिशत | घरमूली | प्रतिशत | जोडी | प्रतिशत |
|---|---|---|---|---|---|---|
| महिला | १२ | २४.०० | २० | ४०.०० | २९ | ८२.९० |
| पुरुष | ३८ | ७६.०० | ३० | ६०.०० | ६ | १७.१० |
| जम्मा | ५० | १००% | ५० | १००% | ३५ | १००% |

*स्रोत:स्थलगत अध्ययन २०७४*

तालिका ४.७ अनुसार अध्ययन क्षेत्रका उत्तरदाताहरुको लैङ्गिक सहभागिताको स्थितिलाई हेर्दा श्रमिक महिला २४.०० प्रतिशत अर्थात १२ जना, जोडी महिला २९ जना अर्थात ८२.९० प्रतिशत र घरमुलि महिला २० जना अर्थात ४०.०० प्रतिशत छन् भने श्रमिक पुरुष ७६.०० प्रतिशत अर्थात ३८ जना, जोडी पुरुष ६ जना अर्थात १७.१० र घरमुली पुरुष ३० जना अर्थात ६० प्रतिशत रहेको पाईयो । तसर्थ यस अध्ययनले के देखाउछ भने वैदेशिक रोजगारीमा जाने नेपाली महिलाहरुको तुलनामा पुरुषहरुकै बाहुल्यता छ ।

## ४.९ पारिवारिक स्वरुप

नेपाल एउटा परम्परागत चालचलन, रीतिरिवाज, संस्कृति र धर्म भएको देश हो । अझसम्म पनि परिवार तथा समाज संचालनको लागि परम्परागत सोचबाट अगाडी बढिरहेको पाईन्छ। कतै पारिवारिक संरचनालाई पेशा तथा शिक्षाले पनि प्रभावित गरेको पाईएको हुनाले यस अध्ययनमा सहभागी

उत्तरदाताहरु कुन र कस्तो पारिवारिक संरचनामा बसोवास गर्दै आएकाछन् भन्ने कुरालाई तलको तालिकामा प्रस्तुत गरिएको छ।

**तालिका ४.८ श्रमिक उत्तरदाताको पारिवारिक स्वरुप**

| पारिवारिक स्वरुप | उत्तरदाताको सङ्ख्या | प्रतिशत |
|---|---|---|
| एकल परिवार | १० | २०.०० |
| संयुक्त परिवार | ४० | ८०.०० |
| जम्मा | ५० | १००% |

*स्रोत:स्थलगत अध्ययन २०७४*

तालिका ४.८ अनुसार अध्ययन क्षेत्रका उत्तरदाताहरुको पारिवारिक संरचनालाई हेर्दा एकल परिवारमा बस्ने गरेका २०.०० प्रतिशत अर्थात १० जना र  संयुक्त पारिवारिक संरचनामा बस्ने गरेका ८०.०० प्रतिशत अर्थात ४० जना रहेको पाईयो । तसर्थ यस अध्ययनले के  देखाउछ भने वैदेशिक रोजगारीको कारणले पारवारिक संरचनामा समेत प्रभाव पारेको छ।

# अध्यायः पाँच

# वैदेशिक रोजगारीमा आकर्षणको कारण र श्रमिकले भेल्नु परेका समस्याहरु

नेपाल विश्वमानचित्रमा भौगोलिक, सांस्कृतिक र ऐतिहासिक रुपमा सम्पन्न देश हो । यहाँ उपलब्ध स्रोत र साधनहरुको उचित प्रयोग र परिचालन हुन नसक्दा यो देश अविकसित राष्ट्रको रुपमा स्थापित हुन पुगेको छ । नेपालमा पर्याप्त मात्रामा उद्योग कलकारखाना नहुनुको कारणले नै नेपालीहरु विभिन्न वहानामा वैदेशिक रोजगारीमा जान वाध्य भएका छन् । यिनीहरुले नै वार्षिक लाखौको विप्रेषण भित्रायाउने गरेका कारण नेपालको चरम बेरोजगारी र गरिवी केही हदसम्म घटेको महसुश गरिएको छ भने उक्त वैदेशिक रोजगारीका कारण रोजगारीमा संलग्न परिवारहरुको जीवनस्तरमा समेत परिवर्तन आएको पाईन्छ।

वैदेशिक रोजगारीकै कारण विगतमा अर्काको ज्याला मजदुरी गरेर जीविकोपार्जन गर्न बाध्य परिवारहरु वर्तमानमा आफ्ना वालबच्चाहरुलाई राम्रो शिक्षाका लागि शहरमा पढाउने देखि परम्परागत खालको घर, गोठ, शौचालय र भान्साघरलाई समेत आधुनिक स्तरको बनाउन सफल भएको पाईन्छ । विदेशमा सिकेर आएको सिपलाई कतिपय व्यक्तिले स्वदेशमै उतारेर सिपमूलक व्यवसाय समेत संचालन गरि अन्य बेरोजगार युवाहरुलाई रोजगारी समेत दिंदै आएको देखिन्छ।

त्यसैगरी वैदेशिक रोजगारीकै कारण परिवारमा सामाजिक एकता कायम गर्ने, समाजिक क्रियाकलापमा संलग्न हुने, आफ्नो संस्कार र संस्कृतिको जगेर्ना गर्न अग्रसर हुने र समाजमा सामाजिक चेतनामूलक कार्यक्रमहरुको संचालन गर्न थालेको पाईन्छ । यसरी व्यवस्थित भौतिक संरचनाको निर्माणको साथसाथै छोरा र छोरीलाई हेर्ने दृष्टिकोणमा समेत परिवर्तन आई समानता देखिएको, वैवाहिक संवन्धमा परिपक्वता आएको र एकल परिवारको निर्माणमा उद्धत भएको देखिन्छ भने अर्कोतर्फ विदेशी संस्कृतिहरु भित्रिरहेको, खर्चमा बृद्धि भएको, हरेक कुरामा परनिर्भर बनेको, स्वदेशी उत्पादनमा भन्दा विदेशी उत्पादनमा आकर्षित भएको र खानपान, चालचलन तथा लत्ताकपडामा परिवर्तन आएको पाईन्छ । अध्ययन क्षेत्रका उत्तरदाताहरुकै भनाईमा पनि वैदेशिक रोजगारीकै कारण गाउँघरको उर्भर जमिन बाँझो बन्दै गएको र बृद्ध आमाबुवाहरु वेसाहारा बन्दै गएका छन् । कतै कतै श्रीमान श्रीमती बीचको सम्बन्धमा पनि खटपट पैदा हुने गरेको, वहुविवाहका घटनाहरु बढ्दै गएको र सम्पतिको अपचलन भैरहेको र परम्परागत चालचलन र संस्कृतिमा अतिक्रमण भैरहेका जस्ता कुराहरु पनि वैदेशिक रोजगारीमा संलग्न घरपरिवारमा पाईन्छ।

## ५.१ रोजगारीका आकर्षणका कारणहरु

अध्ययनका क्रममा उत्तरदाताहरुलाई वैदेशिक रोजगारीका आकर्षणको मुख्य कारण के थियो भनेर उत्तरदाताहरुको विचार बुदा निम्नानुसारको विवरण प्राप्त हुन आएको थियो जसलाई तलको तालिकामा प्रस्तुत गरिएको छ।

**तालिका ५.१ रोजगारी आकर्षणका कारणहरु**

| आकर्षणका कारणहरु | श्रमिक | प्रतिशत | घरमूली | प्रतिशत | जोडी | प्रतिशत |
|---|---|---|---|---|---|---|
| श्रमिकको सुरक्षा | ३ | ०६.०० | ४ | ०८.०० | ५ | १४.३० |
| सीप र बजारको पहुँच | २५ | ५०.०० | २४ | ४८.०० | १८ | ५२.४० |
| साथीसंगीहरुको देखासिकी | ७ | १४.०० | ६ | १२.०० | ५ | १४.३० |
| श्रमको उचित मुल्य पाउनु | १३ | २६.०० | १३ | २६.०० | ५ | १४.३० |
| अन्य कारण | २ | ०४.०० | ३ | ०६.०० | २ | ०५.७० |
| जम्मा | ५० | १००% | ५० | १००% | ३५ | १००% |

*स्रोतः स्थलगत अध्ययन २०७४*

तालिका ५.१ अनुसार अध्ययन क्षेत्रका उत्तरदाताहरुको उत्तरलाई हेर्दा वैदेशिक रोजगारीका आकर्षक गन्तव्यको कारण हुनुमा सबैभन्दा बढि सीप र बजारको पहुँच हो भन्ने र सबैभन्दा कम अन्य कारण हो भन्ने रहेको पाईयो । तसर्थ यस अध्ययनले के देखाउछ भने वैदेशिक रोजगारीको प्रमुख आकर्षणको कारण कोरियामा काम सजिलै पाईने र श्रमको उचित मूल्य पाउनु नै हो ।

## ५.२ रोजगार अनुमति प्रणाली मार्फत दक्षिण कोरिया अन्य देशको तुलनामा प्रमुख गन्तव्य बन्नुका कारणहरु

कुनै पनि देशको हावापानी, कानून, रहनसहन, मौद्रिक मुल्य तथा आफन्तहरुको बाक्लो उपस्थितीले श्रमिकलाई आकर्षण एवम काम गर्ने वातावरणको अवस्था सृजना गर्ने हुँदा अध्ययनका क्रममा उत्तरदाताहरुलाई वैदेशिक रोजगारीका लागि अन्य मुलुकहरुको तुलनामा रोजगार अनुमति प्रणाली द्वारा दक्षिण कोरिया नै किन मुख्य गन्तव्य बन्नुको कारण के थियो भनेर उत्तरदाताहरुको विचार बुझ्दा निम्नानुसारको विवरण प्राप्त हुन आएको थियो जसलाई तलको तालिकामा प्रस्तुत गरिएको छ।

**तालिका ५.२ दक्षिण कोरिया अन्य देशको तुलनामा प्रमुख गन्तव्य बन्नुका कारणहरु**

| गन्तव्यका कारणहरु | श्रमिक | प्रतिशत | घरमूली | प्रतिशत | जोडी | प्रतिशत |
|---|---|---|---|---|---|---|
| तुलनात्मक रुपमा सहज हावापानी | ४ | ०८.०० | ३ | ०६.०० | ६ | १७.२० |
| सरकारी तहबाटै व्यवस्थित | २४ | ४८.०० | २९ | ५८.०० | २० | ५७.१० |
| यथेष्ट नेपाली कामदार | ८ | १६.०० | ५ | १०.०० | ४ | ११.४० |
| श्रमिकको बिमा राम्रो | १२ | २४.०० | १० | २०.०० | ४ | ११.४० |
| अन्य कारण | २ | ०४.०० | ३ | ०६.०० | १ | ०२.९० |
| जम्मा | ५० | १००% | ५० | १००% | ३५ | १००% |

*स्रोतः स्थलगत अध्ययन २०७४*

तालिका ५.२ अनुसार अध्ययन क्षेत्रका उत्तरदाताहरुको उत्तरलाई हेर्दा वैदेशिक रोजगारीका रुपमा अन्य देशहरुको तुलनामा दक्षिण कोरिया प्रमुख गन्तव्यको हुनुको कारण सबैभन्दा बढि सरकारी तहबाटै व्यवस्थित हो भन्ने र  सबैभन्दा कम अन्य कारण हो भन्ने रहेको पाईयो । तसर्थ यस अध्ययनले के देखाउछ भने वैदेशिक रोजगारीको रुपमा दक्षिण कोरिया प्रमुख गन्तवयको कारण बन्नु सरकारी तहबाटै व्यवस्थित प्रकृया संचालन गरिने हुनाले दलाल मार्फत हुने घोटलाबाट बच्न सकिने एवम श्रमिकको राम्रो बिमा गरिंदा जीवन सुरक्षा समेत हुनु नै हो ।

## वैयक्तिक अध्ययनःएक

*मेरो नाम धारिणी (नाम परिवर्तन) हो ।  मैले स्नातक तह सम्म पढेको छु । परिक्षा सकेर बसेको समयमा साथीहरुले रोजगार अनुमती प्रणाली मार्फत दक्षिण कोरिया जान सकिने कुरा सुनाए । त्यहाँ अन्य खाडी मूलुकहरुमा जस्तो काम धेरै पैसा थोरै छैन भनेर पनि सुनाए । बुझ्दै जाँदा कुनै पनि काममा महिला पुरुष समान हुने र ज्यालामा पनि भेदभाव नहुने कुरा थाहा पाएँ । त्यसपछि घरमा आई यी सब कुरा सुनाउदा केटी भएर विदेश जान हुदैन भन्ने जस्ता बिभिन्न लान्छनाहरुको सामना गर्नु पर्यो । तर पनि घर परिवारलाई म छोरा सरह काम गरि पैसा कमाएर ल्याउन सक्छु भनि सम्झाउन सफल भएँ । अनि म कोरियन भाषा परिक्षा पास गरि दक्षिण कोरिया गएँ । त्यहाँ समयको पूर्ण पालना गर्नु पर्थ्यो । देश भन्दा टाढा, आफ्नो घर परिवारबाट पनि एक्लै भई काम गर्नु पर्दा त कहिले कांही रुदै काम गर्दा दिन बितेको थाहै हुदैनथ्यो । नयाँ ठाउ, नयाँ काम, नयाँ मान्छे, भिन्दै रहनसहन र खाना नमिल्दा त नेपालै जाँउ जस्तो लाग्थ्यो । शुरुको कम्पनीमा काम गा-ह्रो भएकोले एक वर्षपछि अर्को कम्पनीमा काम गर्न थालें । त्यसपछि काम अलि सजिलो हुँदै गयो । मैले त्यहाँको विकासलाई नजिकबाट नियाल्ने मौका पनि पाएँ । हामी सँगै नब्बे वर्षको आमा पनि काम गर्नुहुन्थ्यो । त्यो देखेर म अचम्म पर्थे । हाम्रो देशमा प्रर्याप्त रोजगार नभएर हामी विदेशिन बाध्य थियौं । तर यहाँ हरकोही कडा मिहेनतका साथ काम गर्थे । लगनशील र नम्र स्वभावका कोरियनहरु देखेर म प्रभावित भएकी थिएँ । मैले पनि त्यहाँ कडा मिहेनत र ईमान्दार पूर्वक काम गरेकी थिएँ । काम गर्दै जाँदा म कम्पनीको उच्च पदमा पुग्ने मौका पाएँ । जसले गर्दा मेरो तलव अरुको भन्दा अलि बढिनै थियो । बेला बेलामा बोनस पनि पाउँथे । यो देखेर अन्य नेपाली साथीहरु मेरो इर्ष्या गर्थे । मेरो कमाई राम्रै भएकोले नेपालमा घरघडेरी पनि जोडेकी थिएँ । आफुलाई मात्रै नभई वुवा-आमालाई पालनपोषण गर्न पनि सक्षम भएकी छु ।*

*समष्टिगत रूपमा हेर्दा मलाई एक सक्षम छोरी भएको महसुस भएको छ भने दक्षिण कोरिया जानु पूर्व मेरो परिवारका सदस्यले जुन नजरले मलाई हेर्दथे त्यो अहिले पूर्णरुपमा परिवर्तन भई सकारात्मक व्यवहार गर्न थालेका छन् । त्यहाँको कडा मिहेनतले मलाई अझै कडा परिश्रम गर्न हौसला समेत बढेको छ । नेपाल आएर फेरी पढाईलाई निरन्तरता दिएकी पनि छु  । अब लोक सेवा आयोग पास गरि जागीर खाने लक्ष्य लिएकी छु ।*

## ५.३ वैदेशिक रोजगारमा जानु पर्नाको बाध्यताहरु

अध्ययनका क्रममा उत्तरदाताहरुलाई नेपाली युवायुवतीहरुलाई स्वदेशमै काम नगरि वैदेशिक रोजगारीका लागि विदेशिनु पर्नाको बाध्यता के थियो भनेर बुझ्दा निम्नानुसारको विवरण प्राप्त हुन आएको थियो जसलाई तलको तालिकामा प्रस्तुत गरिएको छ।

**तालिका ५.३ वैदेशिक रोजगारमा जानु पर्नाको बाध्यताहरु**

| कारणहरु | श्रमिक | प्रतिशत | घरमूली | प्रतिशत | जोडी | प्रतिशत |
|---|---|---|---|---|---|---|
| गरिबी | २० | ४०.०० | २१ | ४२.०० | १५ | ४२.८० |
| बेरोजगारी | १५ | ३०.०० | १४ | २८.०० | १२ | ३४.३० |
| व्यवसायको असुरक्षा | १० | २०.०० | ९ | १८.०० | ५ | १४.३० |
| अन्य | ५ | १०.०० | ६ | १२.०० | ३ | ०८.६० |
| जम्मा | ५० | १००% | ५० | १००% | ३५ | १००% |

*स्रोत:स्थलगत अध्ययन २०७४*

तालिका ५.३ अनुसार अध्ययन क्षेत्रका उत्तरदाताहरुको उत्तरलाई हेर्दा वैदेशिक रोजगारीमा जानु पर्नाको बाध्यताहरुमा सबैभन्दा बढि गरिबी र सबैभन्दा कम अन्य कारण हो भन्ने पाईयो । तसर्थ यस अध्ययनले, नेपालीहरुका लागि वैदेशिक रोजगारीमा जान पर्नुका बाध्यताहरुमा प्रमुख रुपमा देशको चरम गरिबी नै हो भन्ने देखाउछ ।

## ५.४ श्रमिक उत्तरदाताको आम्दानीको अवस्था

कुनै पनि व्यक्ति वा परिवारको जीवनलाई गतिशिल बनाउन आम्दानीको स्रोतले महत्वपूर्ण भूमिका खेलेको हुन्छ चाहे त्यो परिमाणमा धेरै वा थोरै नै किन नहोस् । आम्दानी भन्नाले कुनै पनि व्यक्ति वा परिवारले गरेको पेशाको आधारमा सङ्कलित नगद वा जिन्सीलाई बुझ्न सकिन्छ । जुन पेशासँग प्रत्यक्ष सम्बन्धित हुन्छ, किनकी कुनै परिवारको आम्दानीले उनीहरूको जीवन सन्चालित भएको हुन्छ, आफ्नो आम्दानीले परिवारको जीवन संचालन गर्न नसकेको अवस्थामा वैदेशिक रोजगार एउटा माध्यम बनेको छ । त्यसैले अध्ययन क्षेत्रका उत्तरदाताहरुलाई तपाईको वैदेशिक रोजगारीका निम्ति रोजगार अनुमती प्रणाली (भ्एक)द्धारा दक्षिण कोरियामा मासिक आम्दानी कति छ भनि गरिएको प्रश्नको जवाफमा आएको विवरणलाई तलको तलिकामा प्रस्तुत गरिएको छ।

**तालिका ५.४ श्रमिक उत्तरदाताको आम्दानीको अवस्था**

| आम्दानी | उत्तरदाताको सङ्ख्या | प्रतिशत |
|---|---|---|
| रु.एक लाख सम्म | ११ | २२.०० |
| रु.एक लाखदेखि एक लाख पचास हजार सम्म | २१ | ४२.०० |
| रु.दुई लाख सम्म | १३ | २६.०० |
| रु.दई लाख भन्दा बढि | ५ | १०.०० |
| जम्मा | ५० | १००% |

*स्रोत:स्थलगत अध्ययन २०७४*

तालिका नं.५.४ अनुसार सहभागीहरु मध्ये सबैभन्दा बढि ४२.०० प्रतिशत अर्थात २१ जनाले रु.एक लाख देखि एक लाख पचास हजारसम्म आम्दानी गरेको पाईयो भने सबैभन्दा कम १०.०० प्रतिशत अर्थात ५ जनाले रु.दुई लाख भन्दा बढि आम्दानी गरको भन्ने खालको जवाफ दिएका थिए । तसर्थ यसबाट के बुझ्न पनि सकिन्छ भने नेपालमा रहने परिवारहरुले थोरै मात्रामा भए पनि नगद पाएको र उनीहरुको जीवनस्तरमा केही सुधार भएको पाईयो ।

## ५.५ रोजगारीबाट प्रात आम्दानीको खर्चको व्यवस्थापन

अध्ययनका क्रममा उत्तरदाताहरुलाई वैदेशिक रोजगारीका निम्ति रोजगार अनुमती प्रणालीद्धारा दक्षिण कोरियाबाट प्राप्त आम्दानी दैनिक जीवीकोपार्जनको अलवा अन्य कुन -कुन क्षेत्रमा कसरी खर्च गरि सामाजीक जीवन परिवर्तनमा त्यसको कस्तो खालको प्रभाव देखिएको छ भनेर सोध्दा उत्तरदाताहरुबाट निम्नानुसारको विवरण प्राप्त हुन आएको थियो जसलाई तलको तालिकामा प्रस्तुत गरिएको छ।

**तालिका ५.५ आम्दानीको खर्चका व्यवस्थापन**

| खर्चका क्षेत्रहरु | उत्तरदाताको सङ्ख्या | प्रतिशत |
|---|---|---|
| दैनिक जीवीकोपार्जन | २१ | ४२.०० |
| घरघडेरी खरिद | १५ | ३०.०० |
| निमार्ण क्षेत्र | १० | २०.०० |
| उद्योग व्यवसाय संचालन | ४ | ०८.०० |
| जम्मा | ५० | १००% |

*स्रोतःस्थलगत अध्ययन २०७४*

तालिका नं.५.५ अनुसार ५० जना सहभागीहरु मध्ये सबैभन्दा बढि ४२.०० प्रतिशत अर्थात २१ जनाले दैनिक जीवीकोपार्जनमा र सबैभन्दा कम ०८.०० प्रतिशत अर्थात ४ जनाले उद्योग व्यवसाय संचालनमा खर्च गरेको बताएका थिए ।

तसर्थ यसबाट यो बुझ्न पनि सकिन्छ की आज भन्दा ६/७ वर्ष अगाडी खुल्ला स्थानहरुमा दिशा-पिसाव गर्ने धारा, कुवा र पँधेरामा खुल्ला नुहाउने र छुट्टै भान्सा कोठा समेत नबनाएका मानिसहरुले अहिले वैदेशिक रोजगारीको आम्दानी र शिक्षा तथा चेतनाको कारण प्रायः सबै घरले आ-आफ्नो घरमा शौचालय, नुहाउने घर र भान्सा घर समेत व्यवस्थित बनाएको पाईयो । त्यसैले आर्थिक पक्ष सवल बन्दा सामाजिक चेतनाको पक्षलाई पनि गति प्रदान गर्न सक्छ भन्ने कुरा यस अध्ययनबाट पनि बुझ्न सकिन्छ । समग्रमा सहभागीहरूको भनाइको आधारमा वैदेशिक रोजगारको कारणले उनीहरूको आर्थिक अवस्थामा सुधार आई सामाजिक जीवनमा समेत सकारात्मक प्रभाव पारेको देखिन्छ ।

## ५.६ वैदेशिक रोजगारीका क्रममा नेपालीहरुले दक्षिण कोरियामा गर्नु पर्ने कार्य क्षेत्र

अध्ययनका क्रममा उत्तरदाताहरुलाई वैदेशिक रोजगारीका क्रममा दक्षिण कोरियामा के कस्ता प्रकृतिका तथा कुन क्षेत्रमा नेपाली कामदारले काम गर्नु पर्छ भनि प्रश्न गर्दा समान्यतः ठूला उद्योगमा काम नगरि मझौला खालका विशेषतः कृषि उद्योगमा नै काम लगाईन्थियो भन्ने जवाफ पाईएकोले उक्त जवाफहरुलाई तालिकीकरण गरि विश्लेषण गरिएको छ। यसका अलवा घर भित्र गरिने कामलाई अन्यमा राखिएको छ।

**तालिका ५.६ रोजगारीका क्रममा नेपालीहरुले दक्षिण कोरियामा श्रम गर्नु पर्ने क्षेत्रहरु**

| कार्य क्षेत्र | उत्तरदाताको सङ्ख्या | प्रतिशत |
|---|---|---|
| उद्योग | ३२ | ६४.०० |
| कृषि | १६ | ३२.०० |
| अन्य | २ | ०४.०० |
| जम्मा | ५० | १००% |

*स्रोतःस्थलगत अध्ययन २०७४*

तालिका ५.६ अनुसार अध्ययन क्षेत्रका उत्तरदाताहरुको उत्तरलाई हेर्दा वैदेशिक रोजगारीका क्रममा नेपाली युवायुवतीहरुले दक्षिण कोरियामा रहँदा सबैभन्दा बढि उद्योगमा श्रम गर्नु पर्छ भन्ने ६४.०० प्रतिशत अर्थात ३२ जना र सबैभन्दा कम अन्य श्रममा भन्ने ०४.०० प्रतिशत अर्थात २ जना रहेको पाईयो । तसर्थ यस अध्ययनले के देखाउँछ भने उद्योग र कृषि क्षेत्रमा युवाहरुलाई काममा लगाईएको पाईयो ।

## ५.७ वैदेशिक रोजगारीका क्रममा नेपालीहरुले दक्षिण कोरियामा झेल्नु परेका समस्या

अध्ययनका क्रममा उत्तरदाताहरुलाई वैदेशिक रोजगारीका क्रममा दक्षिण कोरियामा के कस्ता प्रकृतिका समस्याहरु नेपाली कामदारले झेल्नु पर्थ्यो भनि प्रश्न गर्दा रोजगारदाताले “हाम्रो श्रम घण्टाका हिसाबले किनेको हुँदा त्यसै अनुरुप हामीलाई प्रयोग गरिन्थ्यो अर्थात मेसिन सरह काममा जोतिनु पर्ने कारणले बिभिन्न प्रकारका भौतिक समस्या झेल्नु परेको थियो” भन्ने जवाफ पाईएकोले उक्त जवाफहरुलाई तालिकीकरण गरि विश्लेषण गरिएको छ।

**तालिका ५.७ रोजगारीका क्रममा नेपालीहरुले दक्षिण कोरियामा झेल्नु परेका समस्या**

| समस्याहरु | उत्तरदाताको सङ्ख्या | प्रतिशत |
|---|---|---|
| आर्थिक | १ | ०२.०० |
| भाषिक | १२ | २४.०० |
| शारीरिक | ३५ | ७०.०० |
| मानसिक | २ | ०४.०० |
| जम्मा | ५० | १००% |

*स्रोतःस्थलगत अध्ययन २०७४*

तालिका ५.७ अनुसार अध्ययन क्षेत्रका उत्तरदाताहरुको उत्तरलाई हेर्दा वैदेशिक रोजगारीका क्रममा नेपाली युवाहरुले दक्षिण कोरियामा रहँदा सबैभन्दा बढि ७०.०० प्रतिशत अर्थात ३५ जनाले शारीरिक समस्या झेल्नु परेको थियो भन्ने कुनै कुनै कम्पनीले समयमा ज्याला नदिंदा र दिएपनि सम्झौता भन्दा कम दिने कारणले कानूनी लडांई लड्दा क्रमश: ०२.०० प्रतिशत अर्थात १ जनाले आर्थिक र ०४.०० प्रतिशत अर्थात ४ जनाले मानसिक समस्या झेल्नु परेको थियो भने भाषा परिक्षा नै पास गरेर गएका भएता पनि भाषिक समस्या २४.०० प्रतिशत अर्थात १२ जनाले झेल्नु परेको पाईयो । तसर्थ यस अध्ययनले के देखाउछ भने कामको समयमा आराम भन्ने कुरा वैदेशिक रोजगारमा कल्पना समेत गर्न सकिदैन ।

## ५.८ वैदेशिक रोजगारीमा भोग्नु परेका शारीरीक समस्याका किसिम

अध्ययनका क्रममा उत्तरदाताहरुलाई वैदेशिक रोजगारीका क्रममा दक्षिण कोरियामा के कस्ता प्रकृतिका शारीरिक समस्याहरु नेपाली कामदारले झेल्नु पर्थ्यो भनि प्रश्न गर्दा रोजगारदाताले हाम्रो श्रम घण्टा हिसाबले किनेको हुँदा त्यसै अनुरुप हामीलाई प्रयोग गरिन्थ्यो अर्थात मेसिन सरह काममा जोतिनु पर्ने त्यो पनि ग्रामिण कृषि फार्महरुमा आराम गर्नलाई स्थानै नहुने र मानव स्वास्थ्यको दृष्टिले खतरनाक काम समेत गर्न बाध्य हुनु पर्नुका कारणले बिभिन्न प्रकारका शारीरीक समस्या झेल्नु परेको थियो भन्ने जवाफ उत्तरदाताहरुबाट पाईएकोले उक्त जवाफहरुलाई तालिकीकरण गरि विश्लेषण गरिएको छ।

**तालिका ५.८ नेपालीले दक्षिण कोरियामा झेल्नु परेका शारीरीक समस्याका किसिम**

| समस्याको किसिम | उत्तरदाताको सङ्ख्या | प्रतिशत |
|---|---|---|
| खुट्टाको | १० | २८.६० |
| कम्मरको | १५ | ४२.९० |
| आँखाको | ४ | ११.४० |
| फोक्सोको | १ | ०२.२० |
| अ न्य | ५ | १४.२० |
| जम्मा | ३५ | १००% |

*स्रोत:स्थलगत अध्ययन २०७४*

तालिका ५.८ अनुसार अध्ययन क्षेत्रका उत्तरदाताहरुको उत्तरलाई हेर्दा वैदेशिक रोजगारीका क्रममा नेपाली युवायुवतीहरुले दक्षिण कोरियामा रहँदा सबैभन्दा बढि ४२.९० प्रतिशत अर्थात १५ जनाले कम्मरको समस्या झेल्नु परेको थियो भन्ने कुनै -कुनै श्रमिक कुखुराको फर्ममा काम गर्नु पर्ने हुँदा फोक्सोको र छिपछपे पानीमा साग टिप्ने काम लगातार दिनमा १२ घण्टा गर्नुपर्दा चिसोले घुंडा र खुट्टाको समस्या भोग्नु परेको पनि पाईयो । जो कामदार ग्रिल उद्धिगमा काम गर्दथे उनीहरुमा आँखाको समस्या पनि देखिएको छ । संख्याको हिसाबले हेर्दा सबैभन्दा कम ०२.९० प्रतिशत अर्थात १ जनाले फोक्सोमा समस्या झेल्नु परेको पाईयो । तसर्थ यस अध्ययनले के देखाउछ भने कोरियामा विदेशी श्रमिकको मानव स्वास्थ्यलाई भन्दा पनि कामलाई बढि प्राथमिकता दिएको पाईयो । अझै पनि केहि श्रमिकले उक्त समस्याको उपचार गराईरहेको पाईयो ।

## वैयक्तिक अध्ययनः दुई


*मेरो नाम दिनेश (नाम परिवर्तन) हो । म नेपालमा सरकारी स्कूल अस्थायी दरवन्दीमा पढाउने काम गर्दथे । मेरो मासिक आम्दानीले घर चल्न पनि हम्मे-हम्मे परेका बेला एउटा साथीले रोजगार अनुमती प्रणाली मार्फत कोरियामा काम गर्दा कम खर्चमा धेरै आम्दानी गर्न सकिने कुरा सुनायो । मैले पनि त्यहाँको जागिर छोडी कोरियन भाषा सिक्न तिर लागे । भाषा परिक्षा पास गरेर कोरिया आउन पनि सफल भए तर नेपालमा सुने जस्तो र फिल्ममा देखे जस्तो कोरियाको काम सजिलो थिएन । कोरिया पुगेपछि त्यहाँको विकासलाई नजिकबाट निहालियो । त्यहाँ त काम छिटो-छिटो र राम्रो सँग गर्नु पर्दो रहेछ । मैले एउटा कागज बनाउने फ्याक्ट्रीमा काम गर्थे । जहाँ न बसेर काम गर्न मिल्छ न उठेर, दिनभर  झुकेर काम गर्नु पर्ने बाध्यता थियो । कामकै क्रममा एक दिन मेरो औंला मेशिनमा च्यापिन पुग्यो र दूई ओटा औंला उछिट्टिएर गए । म आत्तिएर बेहोस भएछु । मेरा सहकर्मी साथीहरुले मलाई तुरुन्तै अस्पताल पु-याएछन । पछि चुंडिएका औंला खोजेर लगि जोडिदिएका पनि रहेछन । उपचार पछि मैले एक महिना आराम पनि गरें । मेरो सबै खर्च बीमा कम्पनीले व्यहोर्यो । त्यहाँ कामदार प्रतिको कोरियनको राम्रो व्यवहार देखेर खुशी पनि लाग्यो । त्यसैले पनि म आफ्नो भिषा अवधी भर सोही कम्पनीमा काम गरेर फर्किए । मैले त्यहाँ कमाएको आम्दानीलाई अहिले बालवच्चाको शिक्षा र परिवारको पालनपोषणमा लगानी गरेको छु । कोरियामा राम्रोकाम गर्नेलाई प्रोत्साहन भत्ता र नराम्रो काम गर्नेलाई सजायँ दिने कानून राम्रो सँग पालना गरेको पाएँ । यी सबैका बावजुत पनि अहिले मलाई कम्मरको समस्या देखिएको छ र त्यसको उपचार गराईरहेको छु ।*

*समष्टिगत रूपमा हेर्दा वहुसंख्यक बेरोजगार र अर्ध बेरोजगार जनशक्ति जसको कमाइ नै नहुने वा भएको कमाइले खर्च नपुग्ने अवस्थाका जनशक्तिहरूले अल्पकालिन रूपमै भए पनि केही आम्दानी गर्ने अवसर वैदेशिक रोजगार मार्फत् प्राप्त गरेको देखियो । वैदेशिक रोजगारको आम्दानीबाट परिवारको आर्थिक र वालबच्चाको शैक्षिक अवस्थामा त सुधार भएको देखिएता पनि मानव स्वास्थ्यमा भने गम्भिर असर पुगेको कुरालाई भने नजरअन्दाज गर्नु हुँदैन ।*

## ५.९ वैदेशिक रोजगारीले श्रमिकको व्यक्तिगत जीवनमा पारेको प्रभाव

अध्ययनका क्रममा उत्तरदाताहरुलाई वैदेशिक रोजगारीले व्यक्तिगत जीवनमा परेको महत्वपूर्ण प्रभावका बारेमा सोध्दा, जव कुनै पनि परिवार वा व्यक्ति आर्थिकरुपमा सम्पन्न हुदै जान्छ तव उसले उचित व्यवसाय संचालन गरि आय आर्जन गर्नुका साथै समाजमा रोजगारीका अवसरहरु पनि सृजना गर्न सक्दछ । यसका अतिरिक्त काममा व्यस्त हुने हुनाले बौद्धिक ज्ञानमा पनि बृद्धि हुनुका साथै सामाजीक प्रतिष्ठा समेत आर्जन गर्न सकिन्छ भन्ने खालका जवाफ पाईएकोले उक्त भनाईहरुलाई विश्लेषण गरि तलको चार्ट प्रस्तुत गरिएको छ।

**चित्र नं. ५.१ श्रमिकको व्यक्तिगत जीवनमा पारेका प्रभाव**




*स्रोत:स्थलगत अध्ययन २०७४*

चित्र नं.५.१ अनुसार अध्ययन क्षेत्रका उत्तरदाताहरुसँग वैदेशिक रोजगारीले व्यक्तिगत जीवनमा के( कस्तो प्रभाव पारेको छ भनि सोध्दा प्राप्त भनाईलाई विश्लेषण गर्दा वैदेशिक रोजगारीले आर्थिक प्रतिष्ठामा सबैभन्दा बढि ५६.०० प्रतिशत अर्थात २८ जना , सांस्कृतिक प्रतिष्ठा सबैभन्दा कम १४.०० प्रतिशत र सामाजिक प्रतिष्ठा भन्ने ३० प्रतिशत अर्थात १५ जना पाईयो । तसर्थ यस अध्ययनले के देखाउछ भने श्रमिकहरुले रोजगारीबाट प्राप्त रकमको ठूलो भाग घर घडेरी तथा बालबच्चा घर परिवारको शिक्षा स्वास्थ्यका क्षेत्रमा लगानी गरि आर्थिक प्रतिष्ठा कायम गर्दै गरेको पाईयो ।

## वैयक्तिक अध्ययनःतीन

*मेरो नाम धन बहादुर (नाम परिर्वतन) हो । म वि. सं. २०६६ साल तिर रोजगार अनुमती प्रणाली मार्फत कोरियन भाषा पास गरि कामका लागि कोरिया गएको थिएँ । शुरुका दिनहरुमा त्यहाँ काम गर्न अतिनै गाह्रो भएको थियो । जे काम गर्दा पनि, जति छिटो गरे पनि अझै छिटो र राम्रो गर भनेर दवाव दिईरहने गर्दथे । मैले कोरिया जानु पूर्व नेपालमा बिजुली सम्वन्धी काम गर्दथे । कोरिया गएपछि फलाम कम्पनीमा काम गर्नु परेको थियो । काम छोटो समयमा एकदम धेरै गर्नु पर्दथ्यो । काम गर्दा कहिलेकाहीं केही गल्ति भयो भने साहुको गाली खानु पर्थ्यो । परिवारलाई राम्रोसँग पाल्न र समाजमा ईज्जत कायम गर्न वैदेशिक रोजगारीमा होमिएको थिएँ । जति कडा मेहनत गर्नु परे पनि, राम्रो पैसा आउने हुनाले मन बुझाउने गरेको थिएँ । छोटो अवधिको कमाईले नेपालमा केही घर जग्गा जोड्न पनि सफल भएको छु । अहिले यहाँ आफ्नै खेतमा कृषि फार्म खोली तरकारी खेति पनि संचालन गरेको छु । तरकारी किन्न मान्छेहरु घरमै आउने गर्दछन । पहिला ऋण दिन हिचकिचाउने छिमेकीहरु अहिले केही परेमा हामीलाई पनि सम्झनुस है भनेर भन्छन । विहान बेलुका बारीमा काम गर्छु भने दिउँसोको समय विजुलीको काम पनि गर्ने गरेको छु । समाजमा सबैको उदाहरण बन्न सफल भएको छु । तर कोरियाको निरन्तरको कडा परिश्रमले होला अहिले आएर आँखामा समस्या देखिएको छ । तर पनि मैले त्यहाँ बस्दा के सिके भने कोरिया यत्तिकै विकासको नमूना देश बन्न सफल भएको रहेनछ सम्पूर्ण जनताको कडा मेहनत र लगनशिलताका कारण विकसित देश बनेको रहेछ।*

*तसर्थ कोरियाको आम्दानीले सामाजिक र पारिवारिक जीवन त सुखी बन्यो तर उसको शारिरिक अवस्थामा भने दीर्घकालिन समस्या देखियो । विकास भनेको त आर्थिक समृद्धि मात्रै होईन यो मानव स्वास्थ्य, समानता,मेलमिलाप, सामूहिक भावना र समान वितरण पनि हो ।*

## ५.१० वैदेशिक रोजगारीबाट फर्केपछि अबलम्वन गरेको पेशा

पेशा भन्नाले यस अध्ययन क्षेत्रका उत्तरदाताहरुले गर्ने काम वा रोजगारीलाई बुझिन्छ । जुन व्यक्तिको जीवीकोपार्जनसँग सम्वन्धित रहेको हुन्छ । मुख्यतः पेशाले अर्थोपार्जनलाई जनाउछ । यहाँ वैदेशिक रोजगारमा संलग्न भएर फर्केर आईसकेपछि सहभागीहरूले के-कस्तो पेशा अँगालेका छन् भनी वैदेशिक रोजगारमा संलग्न परिवारको हालको मुख्य पेशालाई प्रस्तुत गरिएको छ।

**तालिका ५.९ हालको पेशा**

| हालको पेशा | उत्तरदाताको सङ्ख्या | प्रतिशत |
|---|---|---|
| व्यापार | २० | ४०.०० |
| उद्योग | १५ | ३०.०० |
| कृषि | १० | २०.०० |
| अन्य | ५ | १०.०० |
| जम्मा | ५० | १००% |

*स्रोतःस्थलगत अध्ययन २०७४*

तालिका नं.५.९ अनुसार वैदेशिक रोजगारबाट फर्किएपछिको पेशागत विवरणलाई विश्लेषण गरिएको छ । अध्ययन क्षेत्रमा वैदेशिक रोजगारबाट फर्किएका ५० जना मध्ये सबैभन्दा बढि ४०.०० प्रतिशत अर्थात २० जनाले व्यापार व्यवसाय गरेको पाईयो भने सबै भन्दा कम १०.०० प्रतिशत अर्थात ५ जनाले अन्य पेशा संचालन गरेको पनि पाईयो । वैदेशिक रोजगारबाट फर्किएपछि सहभागीहरू मध्ये धेरैजसो स्वरोजगारमा व्यस्त रहेको बताए, केहीले वैदेशिक रोजगारबाट कमाएर ल्याएको रकमले कृषि र व्यापार व्यवसाय संचालन गर्न थालेको बताए । यसरी सहभागीहरूको भनाई अनुसार आफ्नो देशमा रोजगारको अवस्था सिर्जना हुन सके वैदेशिक रोजगारमा नजाने पनि भावना व्यक्त गरेका थिए । तसर्थ वैदेशिक रोजगारबाट फर्किएपछि उनीहरूले विदेशमा सिकेको सीप स्थानीय स्तरमा बिभिन्न पेशामा अवलम्वन गरेको पाईयो ।

## वैयक्तिक अध्ययनः चार

*मेरो नाम हर्क बहादुर (नाम परिवर्तन) हो । म सानैदेखि पढ्नमा तीक्ष्ण विद्यार्थी थिएँ । मेरो घरको आर्थिक स्थिती सामान्य भएकाले १२ कक्षा पास गरेपछि क्याम्पस शिक्षालाई निरन्तरता असमर्थ भएँ । यस्तैमा मैले न पढाईलाई अगाडी बढाउन सकें न मेरो सामु नेपालमा रोजगारीको अवसर नै थियो तर बिभिन्न संचार माध्यमबाट रोजगार अनुमति प्रणाली मार्फत कोरिया जान पाईने कुराको जानकारी पाएँ । त्यसपछि कोरियन भाषा पढि भाषा परिक्षा समेत पास गरें । यस्तैमा पहिल्यै पटक कोरिया जाने मौका पनि मिल्यो । त्यहाँ गएर कपडा उद्योगमा काम पाएँ । सबै कोरियनहरुको माझमा म एउटा नेपाली मात्रै थिएँ । शुरुका दिनहरुमा विदाको बेला नेपालीहरु भेट्दा नेपालै पुगे जस्तो अनुभव हुन्थ्यो । म बोल्नमा फरासिलो र काम गर्नमा मेहनती भएको कारण मलाई कोरियनहरुले एकदम माया गर्थे । त्यहाँ मैले कोरियन भाषा अझ राम्रो सँग सिक्ने मौका पाएँ । विदाको दिनमा म त्यहाँको चर्चमा कोरियन भाषा नेपालीमा उल्था गर्ने काम गर्थें । कोरियामा -१४ डिग्री सेल्सियसमा काम गर्नु हाम्रो वाध्यता थियो तर पनि काम अनुसारको पारिश्रमिक पाईने हुनाले सन्तुष्टिनै थिए । अहिले पनि म घर परिवारको आर्थिक मेरुदण्ड बनेको छु । अहिले म नेपाल आएर पूरानो माटोको घर भत्काई नयाँ पक्की घर निर्माण गरेको छु । साथीहरुसँग मिली एउटा राम्रो खाजा घर पनि संचालन गरेको छु । विहानको समयमा कोरियन भाषा पढाउने काम पनि गरेको छु भने दिउसो र वेलुका आफ्नै खाजा घरमा काम गर्ने गरेको छु । त्यहाँ छोटो समयमा कमाएको पैसाले नेपालमा आई आफ्नै व्यवसाय शुरु गर्न पाउँदा खुशी लागेको छ । घरमा बाबा आमालाई पनि साथै राखेर राम्रो हेरचाह पु-याएको छु भने भाईलाई नेपालकै प्रतिष्ठित कलेजमा पनि पढाएको छु । अहिले मेरो परिवार खुशी परिवार भएको छ।*

*यसबाट पनि के स्पष्ट हुन्छ भने वैदेशिक रोजगारको आम्दानीबाट परिवारको आर्थिक अवस्थामा सुधार हुनुको साथै नेपालमै नयाँ व्यवसाय संचालन गरि स्वयं आत्मनिर्भर भई बेरोजगारीलाई समेत कम गर्न सहयोग पुगेको छ।*

# अध्यायः छ
# वैदेशिक रोजगारीले पारिवारिक सम्वन्ध प्रणालीमा देखिएका प्रभाव

नेपालको अर्थतन्त्रको अधिकांश भाग वैदेशिक रोजगारीबाट प्राप्त रेमिट्यान्सले नै ओगटेको छ । यहाँ उपलब्ध स्रोत र साधनहरुको उचित प्रयोग र परिचालन हुन नसक्दा यो देश अविकसित राष्ट्रको रुपमा स्थापित हुन पुगेको हो । सन् १९६० सम्म नेपालले दक्षिण कोरियामा धान आपूर्ति गर्नेगरेको ईतिहास हामी सामु सेलाउन नपाउदै आज यो मुलुकका होनाहार युवाहरु रोजगारीका निम्ति दक्षिण कोरियामा पसिना बगाउन बाध्य भएका छन् । नेपालमा पर्याप्त मात्रामा उद्योग कलकारखाना नहुनुको कारणलेनै नेपालीहरु विभिन्न वाहानामा वैदेशिक रोजगारीमा जान वाध्य भएका हुन् । यिनीहरुले नै वार्षिक लाखौको विप्रेषण भित्र्याउने गरेका कारण नेपालको चरम बेरोजगारी र गरीवी केही हदसम्म घढेको र केही हदसम्म भए पनि अर्थतन्त्रलाई चलायमान बनाई राखेको महसुश गरिएको छ भने उक्त वैदेशिक रोजगारीका कारण रोजगारीमा संलग्न परिवारहरुको जीवनस्तरमा समेत सामान्य अस्थायी किसिमको परिवर्तन आएको पाईन्छ।


वैदेशिक रोजगारमा रोजगार अनुमति प्रणाली द्धारा दक्षिण कोरियामा संलग्न घरपरिवारमध्ये धेरैको मुख्य पेशा कृषि रहेको देखिन्छ । सवै जातिले पेशा जे-जस्तो गरेको भएता पनि आफ्नो गरि राखेको पेशाबाट भएको आम्दानी निकै कम भएको कारणले आफ्नो परिवारको पालन-पोषणमा समेत समस्या देखिन थालेपछि परिवारका सदस्य वैदेशिक रोजगारमा संलग्न हुन बाध्य भएको देखिन्छ । वैदेशिक रोजगारमा संलग्न भएपछि आम्दानीमा वृद्धि भएकोले केही परिवारले आफ्नो पहिलाको पेशामा परिवर्तन गरेका छन् भने केही परिवारले आफ्नो कृषि पेशा छोडेर व्यापार-व्यवसायमा लागेको छन् जुन वैदेशिक रोजगारसँग प्रत्यक्ष सम्बन्ध रहेको देखियो ।

तसर्थ यस अध्ययनमा रोजगार अनुमती प्रणाली द्धारा दक्षिण कोरियामा रोजगारीमा संलग्न घर परिवारको वैदेशिक रोजगारी प्रतिको धारणा, ज्ञान, त्यसका सकारात्मक र नकारात्मक पक्ष, वैदेशिक रोजगारीकै कारण उनीहरुको पारिवारिक जीवनमा आएको सामाजिक, सांस्कृतिक एवं शैक्षिक परिवर्तन साथै पारिवारिक र नातेदार बिचको सम्वन्धमा देखिएको परिवर्तन तथा युवा जनशक्तिलाई स्वदेशमै रोकेर उत्पादनमूलक काम लगाउन के गर्नु पर्ला भन्ने जस्ता विषयवस्तुमा केन्द्रित रहेर विश्लेषण गर्ने प्रयास गरिएको छ।

## ६.१ अभिभावक र सन्तती सम्वन्धमा परेको प्रभाव

यदाकदा वैदेशिक रोजगारीमा गएका मानिसहरुले बिभिन्न प्रकारका बाधा व्यवधानहरु सामना गर्नु परेका घटनाहरु सुन्दै आईरहेको अवस्थामा त्यसलाई चिर्न अध्ययनका क्रममा उत्तरदाताहरुलाई वैदेशिक रोजगारीले पारिवारिक सम्वन्धमा पारेको प्रभावका बारेमा उनीहरुको धारणा बुझ्न "राम्रो  वा नराम्रो र ठिकै" भनि जान्न खोजिएको थियो जसमा उत्तरदाताहरुबाट निम्नानुसारको विवरण प्राप्त हुन आएको थियो जुन तलको स्तम्भमा प्रस्तुत गरिएको छ।

चित्र नं. ६.१ अभिभावक र सन्तती  सम्वन्धमा पारेको प्रभाव





*स्रोत: स्थलगत अध्ययन २०७४*

चित्र नं. ६.१ अनुसार सहभागी उत्तरदाताहरु मध्ये सबैभन्दा बढि सन्तती ७४.०० प्रतिशत अर्थात ३७ जना र अभिभावक ७० प्रतिशत अर्थात ३५ जनाले अभिभावक र सन्तती बीचको सम्वन्ध राम्रो छ भने, सबैभन्दा कम सन्तती र अभिभावक दुबै समूहका उत्तरदाता १०.०० प्रतिशत अर्थात ५।५ जनाले नराम्रो र सन्तती १६.०० प्रतिशत अर्थात ८ जनाबाट एवम अभिभावक २०.०० प्रतिशत अर्थात १० जनाले ठिकै छ भनि जवाफ दिएका थिए । तसर्थ उपर्युक्त अध्ययन क्षेत्रका उत्तरदाताहरुको भनाईबाट के बुझ्न पनि सकिन्छ भने वैदेशिक रोजगारीबाट केहि आम्दानी भएकै कारण सन्ततीहरु स्वाबलम्वी बन्दै गएकाले अभिभावकसँगको सम्वन्धलाई केहि हदसम्म भए पनि दुरी राख्न पुगेको पाईन्छ।

## ६.२ श्रमिक र श्रमिकका नातेदार तथा परिवारका अन्य सदस्यहरु बीचको सम्वन्धको अवस्था

संस्कृति एक ठाउँबाट अर्को ठाउँमा प्रसारण हुने प्रक्रिया हो । समाजशास्त्रीय सिद्धान्त अनुसार पनि संस्कृतिको प्रसार हुने कुरा गरिएको छ । आजको विश्व सूचना तथा प्रविधिको विकासको कारण संसार साँघुरिँदै गएको छ अर्थात् सम्पूर्ण विश्वलाई एउटै गाउँ बनाएको छ । प्रत्यक्ष सम्पर्कको कारणले संस्कृति अझ छिटो प्रसार हुने हुनाले वैदेशिक रोजगारमा जाने आउने प्रक्रियाले गर्दा आफ्नो संस्कृति विदेशमा छोड्ने अथवा विदेशी धर्म, संस्कृतिलाई आफ्नो घरपरिवारमा भित्र्याउने र परिवारले सिक्ने प्रक्रियाले गर्दा परिवार भित्रै विदेशी चालचलन र व्यबहार हावी भई आफन्तलाई गर्नु पर्ने सेवा सत्कार समेत गर्न हिचकिचाईरहेको अवस्थामा आफु, आफ्नो  नातेदार तथा परिवारका अन्य सदस्यहरु बीचको सम्वन्ध कस्तो छ भनि सोध्दा निम्नानुसाको भनाई आएकोले तलको बृत चित्रमा प्रस्तुत गरिएको छ।

चित्र नं.६.२ श्रमिक र श्रमिकका नातेदार तथा परिवारका अन्य सदस्यहरु बीचको सम्वन्ध




*स्रोत: स्थलगत अध्ययन २०७४*

चित्र नं.६.२ अनुसार ५० जना सहभागीहरु मध्ये सबैभन्दा बढि ५४ प्रतिशत अर्थात २७ जनाले राम्रो सम्वन्ध रहेको, सबैभन्दा कम १६ प्रतिशत अर्थात ८ जनाले नराम्रो सम्वन्ध भएको जनाए र ३० प्रतिशत अर्थात १५ जनाले सुमधुर सम्वन्ध रहेको बताएका थिए । यसबाट के स्पष्ट हुन्छ भने वैदेशिक रोजगारीबाट पैसाको साथ साथै स्वार्थको समेत आर्जन गरेर आएकोले उनिहरुले नातेदार र परिवारका अन्य सदस्यहरुको माग पुर्ति गर्न अस्वीकार गरेकोले पनि सम्वन्धमा दरार आएको देखिन्छ।

## ६.३ आम्दानीले वैवाहिक जोडीको सम्बन्धमा पारेको प्रभाव

पारिवारीक सम्बन्धले व्यक्ति र समाजको सर्वाङिगण विकासमा महत्वपूर्ण भुमिका खेलेको हुन्छ । यदि पारिवारीक सम्बन्धमा खटपट देखियो भने त्यसले सिङ्गो समाजलाई नै नकारात्मक असर पु-याएको हुन्छ। यसअर्थ अध्ययनका क्रममा उत्तरदाताहरुलाई वैदेशिक रोजगारीको आम्दानीले तपाईको पारिवारीक सम्बन्धमा कस्तो प्रभाव पारेको छ भनेर सोध्दा उत्तरदाताहरुबाट निम्नानुसारको विवरण प्राप्त हुन आएको थियो जसलाई तलको तालिकामा प्रस्तुत गरिएको छ।

**तालिका ६.१ जोडीको सम्वन्धमा पारेको प्रभाव**

| प्रभाव | उत्तरदाताको सङ्ख्या | प्रतिशत |
|---|---|---|
| सम्वन्ध विच्छेद | ५ | १४.३० |
| वहुविवाह | २ | ०५.७० |
| राम्रो | २८ | ८०.०० |
| जम्मा | ३५ | १००% |

*स्रोतःस्थलगत अध्ययन २०७४*

तालिका नं.६.१ अनुसार ३५ जना बिवाहित जोडी मध्ये सबैभन्दा बढि ८०.०० प्रतिशत अर्थात २८ जनाले बैवाहिक जोडीको सम्वन्ध राम्रो र सबैभन्दा कम ०५.७० प्रतिशत अर्थात २ जनाले बहुविवाह भएको बताएका थिए ।

तसर्थ यसबाट अहिले वैदेशिक रोजगारीको आम्दानीले पारिवारिक सम्वन्धलाई केहि अपवाद बाहेक सुखी र सम्पन्न बनाएको देखिन्छ । अधिकांशले आम्दानीको सम्पूर्ण रकम पारिवारिक समस्यालाई व्यवस्थित बनाउन खर्चेको पाईयो । त्यसैले आर्थिक पक्ष सवल बन्दा सामाजिक चेतनाको पक्षलाई पनि गति प्रदान गर्न सक्छ भन्ने कुरा यस अध्ययनबाट पनि बुझ्न सकिन्छ । समग्रमा सहभागीहरूको भनाइको आधारमा वैदेशिक रोजगारीको आम्दानीको कारणले उनीहरूको आर्थिक अवस्थामा सुधार आई पारिवारीक जीवनमा समेत सकारात्मक प्रभाव पारेको देखिन्छ।

## वैयक्तिक अध्ययन: पाँच

*मेरो नाम सौदानी (नाम परिवर्तन) हो । म अहिले ३० वर्षकी भएँ । मैले १७ वर्षको उमेरमा विवाह गरेकी थिएँ । हामीबाट एक छोरीको पनि जन्म भएको छ । अन्तरजातिय विवाह गरेकाले घरमा पनि सम्वन्ध कहिल्यै राम्रो हुन सकेन । हामी श्रीमान र श्रीमती छुट्टै भाडामा कोठा लिएर बस्थ्यौं । पछि आर्थिक स्थिती कमजोर हुँदै गएपछि म रोजगार अनुमति प्रणाली (ईपिएस) मार्फत दक्षिण कोरिया गएँ । श्रीमानको पनि जागिर भएकाले मैले छोरीलाई माईतमा राखें । मलाई कोरियामा काम गर्दा साह्रै गा-ह्रो हुन्थ्यो । बिहान ६ बजेवाट बेलुका ६ बजे सम्म लगातार काम गरिरहनु पर्थ्यो । घर परिवारबाट टाढा रहे पनि आम्दानी राम्रो भएकाले मन बुझाई बसेकी थिए । महिनामा एक लाख नेपाली रुपैयाँ भन्दा बढिनै कमाई हुन्थ्यो । यहि आम्दानीले मैले छोरीलाई निजी स्कूल पढाएर श्रीमानलाई पनि अलि अलि खर्च पठाई रहेकी थिए । पछि श्रीमान अझ बढि पैसाको अपेक्षा गर्दै जानु भयो । उहाँको माग अनुसारको पैसा मैले पठाउन सकिन अनि हामी बीच झगडाको विझारोपण भयो । यसरी दिन प्रति दिनको झगडाले उग्ररुप लिन थाले पछि मैले माईतका दाईहरुसँग सल्लाह लिंदा थाहा भयो कि उहाँ नेपालमा अर्कै केटी लिई वस्नु भएको रहेछ । आफ्नो प्राण भन्दा प्यारो मान्छेले यस्तो धोका दिएकोले मलाई धेरै दुःख लाग्यो । म आफु विदेशमा थिएँ । मैले साँझ विहान मरिमेटेर उनीहरुकै लागि काम गर्नु पर्थ्यो । विदेशमा काम नजान्दा कति गालि खाएर एकनास काम गरिरहँदा जीउ, हात गोडा र टाउको समेत दुख्ने गर्थ्यो । यी सब बाधाहरु सहेर पनि मैले काम गरिरहेकी थिएँ । ४ वर्ष १० महिना पछि म नेपाल फर्किएँ । अहिले छोरीलाई साथमा राखेर राम्रै स्कूल पढाई रहेकी छु । कोरियाको आम्दानीले शहरमा एउटा जग्गा किनी सानो घर पनि जोडेकी छु । बाँकी पैसाले सानो तिनो व्यपार शुरु गरेकी छु भने धोका दिने श्रीमानलाई सम्वन्ध विच्छेद पनि गरिदिएकी छु । माईतीहरुको पूर्ण सहयोमा आफ्नो जीवीका चलाई बसेकी छु ।*

*समष्टिगत रूपमा हेर्दा वहुसंख्यक बेरोजगार र अर्ध बेरोजगार जनशक्ति जसको कमाइ नै नहुने वा भएको कमाइले खर्च नपुग्ने अवस्थाका जनशक्तिहरूले अल्पकालिन रूपमै भए पनि केही आम्दानी गर्ने अवसर वैदेशिक रोजगार मार्फत् प्राप्त गरेको देखियो । जसको कारण वैदेशिक रोजगारका आम्दानीबाट परिवारको आर्थिक र वालबच्चाको शैक्षिक अवस्थामा त सुधार आएको देखिएता पनि पारिवारिक सम्बन्धमा दरार छाएको पाईयो ।*

## ६.४ वैदेशिक रोजगारीले पारेको सकारात्मक प्रभाव

वैदेशिक रोजगारीबाट प्राप्त आम्दानीले देशको राष्ट्रिय अर्थतन्त्रमा मात्रै सहयोग पु-याएको होईन यसले श्रमिक परिवारको जीवनमा समेत पारिवारिक, सामाजिक, आर्थिक एवं शैक्षिक परिवर्तन ल्याएको छ । यो केवल अस्थायी प्रकृतिको परिवर्तन मात्रै हो नकि दीर्घकालिन समस्याको समाधान भने होईन । यसै सन्दर्भमा अध्ययन क्षेत्रका उत्तरदाताहरुलाई वैदेशिक रोजगारीका सकारात्मक पक्ष बारे सोधिएको प्रश्नको जवाफमा निम्नानुसारको विवरण आएको छ जुन तलको तालिकामा प्रस्तुत गरिएको छ।

**तालिका ६.२ वैदेशिक रोजगारीले पारेको सकारात्मक प्रभाव**

| प्रभाव | श्रमिक | प्रतिशत | घरमूली | प्रतिशत | जोडी | प्रतिशत |
|---|---|---|---|---|---|---|
| आर्थिक उन्नती | १७ | ३४.०० | १५ | ३०.०० | ११ | ३१.४० |
| गरिबी समस्याको हल | ३ | ०६.०० | ५ | १०.०० | २ | ०५.७० |
| आधरभूत आवस्यकता पूर्ति | २५ | ५०.०० | २३ | ४६.०० | १७ | ४८.६० |
| बेरोजगारी समस्यामा सुधार | ५ | १०.०० | ७ | १४.०० | ५ | १४.३० |
| जम्मा | ५० | १००% | ५० | १००% | ३५ | १००% |

*स्रोतःस्थलगत अध्ययन २०७४*

तालिका नं.६.२ अनुसार सहभागीहरु मध्ये सबैभन्दा बढि श्रमिक उत्तरदाता ५०.०० प्रतिशत अर्थात २५ जना, घरमूली उत्तरदाता ४६.०० प्रतिशत अर्थात २३ जना, जोडी उत्तरदाता ४८.६० प्रतिशत अर्थात १७ जनाले आधारभूत आवस्यकताको पूर्ति र सबैभन्दा कम श्रमिक उत्तरदाता ०६.०० प्रतिशत अर्थात ३ जना, घरमूली उत्तरदाता १०.०० प्रतिशत अर्थात ५ जना, जोडी उत्तरदाता ०५.७० प्रतिशत अर्थात २ जनाले ले गरिवी समस्याको हलको क्षेत्रमा प्रभाव परेको बताएका थिए ।

तसर्थ वैदेशिक रोजगारीको आम्दानीले अस्थायी रुपमा देश र पारिवारिक आर्थिक समस्यालाई हल गरेको भएता पनि स्थायी समाधान भने यो हुन सक्दैन ।

## ६.५ वैदेशिक रोजगारीले पारेको नकारात्मक प्रभाव

वैदेशिक रोजगारीबाट प्राप्त आम्दानीले देशको राष्ट्रिय अर्थतन्त्रमा मात्रै सहयोग पु-याएको होईन यसले श्रमिकको सामाजीक, पारिवारिक, आर्थिक एवं शैक्षिक क्षेत्रमा प्रतिकूल परिवर्तन ल्याएको छ । यसका साथसाथै परम्परा देखि चलिआएका रीतिरीवाज एवम संस्कृतिहरु समेत धरासाही बन्दै गएको पाईन्छ । यसै सन्दर्भमा अध्ययन क्षेत्रका उत्तरदाताहरुलाई वैदेशिक रोजगारीका नकारात्मक पक्ष बारे सोधिएको प्रश्नको जवाफमा निम्नानुसारको विवरण आएको छ जुन तलको तालिकामा प्रस्तुत गरिएको छ।

तालिका ६.३ वैदेशिक रोजगारीले पारेको नकारात्मक प्रभाव

| प्रभाव | श्रमिक | प्रतिशत | घरमूली | प्रतिशत | जोडी | प्रतिशत |
|---|---|---|---|---|---|---|
| युवा जनशक्ति पलायन | २८ | ५६.०० | २४ | ४८.०० | १८ | ५१.४० |
| बसाईसराईको समस्या | ३ | ०६.०० | ६ | १२.०० | २ | ०५.७० |
| देश विकासमा वाधा | ५ | १०.०० | ७ | १४.०० | ३ | ०८.६० |
| फजुल खर्चमा बृद्धि | १४ | २८.०० | १३ | २६.०० | १२ | ३४.३० |
| जम्मा | ५० | १००% | ५० | १००% | ३५ | १००% |

*स्रोतःस्थलगत अध्ययन २०७४*

तालिका नं. ६.३ अनुसार सहभागीहरु मध्ये सबैभन्दा बढि श्रमिक उत्तरदाता ५६.०० प्रतिशत अर्थात २८ जना, घरमूली ४८.०० प्रतिशत अर्थात २४ जना, जोडि ५१.४० प्रतिशत अर्थात १८ जनाले युवा शक्ति पलायन र सबैभन्दा कम श्रमिक उत्तरदाता ०६.०० प्रतिशत अर्थात ३ जना, घरमूली १२.०० प्रतिशत अर्थात ६ जना, जोडी ०५.७० प्रतिशत अर्थात २ जनाले बसाईसराईको समस्या भएको बताएका थिए ।

तसर्थ वैदेशिक रोजगारीको आम्दानीले अस्थायी रुपमा देश र पारिवारिक आर्थिक समस्यालाई हल गरेको भएता पनि स्थायी समाधान भने यो हुन सक्दैन । देशको ठूलो युवा जनशक्ति विदेश पलायन हुँदा देशमा मानव संसाधनको अभावले उपलब्ध स्रोत साधनको सदुपयोग हुन नसक्दा कुल गाह्रस्थ उत्पादनमा समेत ह्रास आई देश परनिर्भर भई चरम गरिबीको चपेटामा धकेलिन सक्नेछ । यसका साथसाथै रेमिट्यान्सबाट प्राप्त रकम पनि दैनिक उपभोग्य सामान खरिद गर्दा होस वा विलासिताका समान, आखिर यो रकम पनि जुन बाटो आएको थियो सोही बाटो विदेश पलायन भएको देखिन्छ।

## ६.६ युवा शक्ति सस्तो मूल्यमा विदेशिने समस्या समाधान प्रति उत्तरदाताको धारणा

आफ्नो देश प्राकृतिक स्रोत साधनले धनी हुँदा हुँदै पनि गतिलो र व्यवस्थित सरकार नहुनाले देशले चरम वेरोजगारीको समस्या व्यहोर्नु परेको छ । देशमा विद्यमान वेरोजगारीको कारणले नै नेपाली युवाहरु सस्तो दरमा विदेशिन वाध्य भईरहेको अवस्थामा अध्ययन क्षेत्रका उत्तरदाताहरुसँग नेपालमा विद्यमान वेरोजगारी समस्या समाधन गर्न युवा शक्ति पलायन हुनबाट रोक्न नेपाल सरकारले के गर्नु पर्छ भनि सोधिएको प्रश्नमा निम्नानुसारको विवरण प्राप्त भएको थियो जुन तलको तालिकामा प्रस्तुत गरिएको छ ।

**तालिका ६.४ युवा शक्ति सस्तो मुल्यमा विदेशिने समस्या प्रति उत्तरदाताको धारणा**

| धारणा | श्रमिक | प्रतिशत | घरमूली | प्रतिशत | जोडी | प्रतिशत |
|---|---|---|---|---|---|---|
| स्वदेशमै रोजगारीको अवसर | २८ | ५६.०० | १० | २०.०० | ११ | ३१.४० |
| प्रविधिक व्यवसयिक शिक्षा | १५ | ३०.०० | २५ | ५०.०० | ५ | १४.३० |
| आर्थिक सहयोग् | २ | ०४.०० | ६ | १२.०० | ४ | ११.४० |
| उद्योग-यवसायको सुरक्षा | ५ | १०.०० | ९ | १८.०० | १५ | ४२.९० |
| जम्मा | ५० | १००% | ५० | १००% | ३५ | १००% |

*स्रोत: स्थलगत अध्ययन २०७४*

तालिका नं.६.४ अनुसार सहभागीहरु मध्ये सबैभन्दा बढि ५६.०० प्रतिशत अर्थात २८ जनाले स्वदेशमै रोजगारीको अवसर सृजना गर्न सके बेरोजगारीको समस्याबाट मुक्ति पाउन सकिने बताए भने सबैभन्दा कम ०४.०० प्रतिशत अर्थात २ जनाले सरकारले आर्थिक सहयोग उपलब्ध गराए बेरोजगारीको समस्या समाधान गर्न  सकिने बताएका थिए भने घरमूलीले सबैभन्दा बढी ५०.०० प्रतिशत अर्थात २५ जना प्राविधिक व्यवसायिक शिक्षाको अवसर दिनु पर्ने बताएका थिए भने सबै भन्दा कम १२.०० प्रतिशत अर्थात ६ जनाले आर्थिक सहयोग प्रदान गर्नु पर्ने बताएका थिए । त्यसैगरि जोडी उत्तरदाताले सबैभन्दा बढि ४२.९० प्रतिशत अर्थात १५  जनाले उद्योग व्यवसायको सुरक्षा हुनु पर्नेमा जोड दिएका थिए र सबैभन्दा कम ११.४० प्रतिशत अर्थात ४ जनाले आर्थिक सहयोग दिनु पर्नेमा जोड दिएका थिए ।

तसर्थ यस अध्ययनबाट के स्पष्ट हुन्छ भने देशमा स्थायी सरकार र उपयुक्त श्रम नीति र व्यवसायको सुरक्षा भएको खण्डमा केही हदसम्म भए पनि नेपाल सरकार वेरोजगारी समस्या समाधान गर्न र युवा जनशक्तिलाई पलायन हुनबाट रोक्न सक्षम हुनेछ अन्यथा राजनीतिक खिचातानी र अव्यवारिक शिक्षा नीति र परम्परागत शिक्षा प्रणाली रहिरहने हो भने देशबाट युवा जनशक्ति पलायन हुने क्रम रोकिन गाह्रो छ ।

# अध्यायः सात
# सारांश र निष्कर्ष

## ७.१ अध्ययनको सारांश

वैदेशिक रोजगारप्रतिको आकर्षण तथा समस्याहरु र नेपाली समाजमा परेको प्रभाव सम्बन्धमा विश्लेषण गर्नको लागि लम्जुङ्ग जिल्लाको सुन्दरबजार नगरपालिका वार्ड नं. ६, ७ र ८ लाई छनौट गरिएको थियो । यस क्षेत्रमा स्थानिय स्तरका रोजगारी पर्याप्त नभएको तथा ग्रामिण क्षेत्र भएकाले पनि अन्य रोजगारीका लागि प्रशस्त संभावना नभएकाले कृषिमा मात्रै निर्भर रहनुपरेको हुँदा वैकल्पिक रोजगारीका रूपमा युवा जनशक्ति वैदेशिक रोजगारमा जाने क्रम निरन्तर चलिरहेको छ । जसको कारण रोजगार अनुमति प्रणालीद्धारा रोजगारीका लागि दक्षिण कोरिया आकर्षक गन्तव्य बनेको छ । यसले गर्दा यस क्षेत्रमा वैदेशिक रोजगारले व्यक्तिगत, पारिवारिक तथा सामाजिक जीवनमा बिभिन्न खालको प्रभाव पारेको देखिन्छ । यस अध्ययन क्षेत्रमा रोजगार अनुमति प्रणालीद्धारा रोजगारीमा दक्षिण कोरियामा संलग्न व्यक्तिको घरपरिवार तथा नातेदारसँगको सम्वन्धमा कस्तो प्रभाव पारेको छ त भन्ने बारेमा बुझ्नको लागि यस अध्ययन क्षेत्रको छनौट गरिएको थियो ।

यस अध्ययनको लागि विभिन्न समस्यालाई उठान गरिएको थियो । वैदेशिक रोजगारमा जानको लागि मुख्य रुपमा के कुराले आकर्षण गरेको थियो, रोजगारीको क्रममा झेल्नु परेका समस्याहरु के कस्ता थिए, वैदेशिक रोजगारीले नेपाली समाजमा र परिवारमा कस्तो प्रभाव पारेको थियो र वैदेशिक रोजगारमा जाने कामदारहरूको उमेर, शैक्षिक अवस्था के कस्तो रहेको थियो भन्ने बारेमा विश्लेषण गरिएको थियो ।

यस शोधको सामान्य उदेश्य रोजगार अनुमति प्रणालीबाट दक्षिण कोरिया जाने श्रमिकहरुको पारिवारिक अवस्थाको साथै त्यसको कारण र असर खोज्ने राखिएको थियो भने विशिष्ट उदेश्य निम्नानुसारको लिईएको थियो ।

(क) नेपाली समाजमा दक्षिण कोरिया जान आकर्षण बढ्नुको कारण र श्रमिकले झेल्नु परेको समस्याका बारे खोजी गर्नु ।

(ख) रोजगारीको निम्ती दक्षिण कोरिया जाने अभ्यासले श्रमिकको परिवारिक सम्बन्ध प्रणालीमा पारेको प्रभाव बारेमा खोजी गर्नु ।

अध्ययनको उद्देश्यको आधारमा तयार पारिएका प्रश्नहरुमा आधारित भएर वैदेशिक रोजगारमा संलग्न व्यक्ति तथा परिवारसँग विभिन्न अनुसन्धान विधि अन्तर्वार्ता, अवलोकन, समूह छलफल तथा वैयक्तिक अध्ययनबाट तथ्याङ्क संकलन गरी विश्लेषण गरिएको थियो ।

वैदेशिक रोजगारमा संलग्न व्यक्ति तथा परिवारहरूमा सवै जातहरुको संलग्नता भएको पाईयो । अध्ययन क्षेत्रमा जनजाती समुदाय बढी मात्रामा वैदेशिक रोजगारमा संलग्न भएको पाईयो भने दलित

कम भएको देखिन्छ। लैङ्गिक रूपमा हेर्दा पुरुषको संलग्नता बढी रहेको पाईयो । ५० जना सहभागी मध्ये महिला जम्मा १२ जना मात्र वैदेशिक रोजगारमा संलग्न भएको पाईयो ।

सहभागीहरु मध्ये ब्राह्मण समुदायका सात जना, जनजाती समुदायबाट २३, क्षेत्री समूदायबाट १५ र दलितबाट जम्मा ५ जनाको सहभागिता रहेको थियो । त्यस्तै गरी उमेरगत समूहका हिसावले पनि सवै जातमा आर्थिक रूपमा सक्रिय अर्थात् उत्पादनसिल श्रमशक्ति नै २८-३३ वर्ष उमेर समूहका युवाहरू बढी मात्रामा वैदेशिक रोजगारमा संलग्न भएको पाईयो । धार्मिक आस्थाका आधारमा हेर्ने हो भने हिन्दु धर्म मान्ने २८ घरपरिवारका सदस्य सबैभन्दा बढि रोजगारीका लागि कोरिया गएको र मुस्लिम धर्म मान्ने कोहि पनि नभएको पाईयो । यस अध्ययनले वैदेशिक रोजगारीमा जानु पूर्व कृषि पेशामा संलग्न व्यक्तिहरु बढी र अन्य पेशामा संलग्न व्यक्ति कम वैदेशिक रोजगारमा सहभागि भएको देखाइको थियो भने शैक्षिक अवस्थाका आधारमा हेर्दा शिक्षासँग पनि वैदेशिक रोजगारको सम्बन्ध रहेको पाईयो किनकी वैदेशिक रोजगारमा शिक्षित युवाहरु यूरोप र अमेरीका नगई जम्मा सहभागी ५० जनामा सबैभन्दा बढि उच्च शिक्षा पास गरेका ३० जना युवायुवतीहरु वैदेशिक रोजगारीका लागि दक्षिण कोरिया गएको देखियो ।

देशमा रोजगारीको अवसरहरु सृजना हुन नसक्दा विभिन्न कारणबाट उत्पादनशील युवा जनशक्ति दिनानुदिन विदेश पलायन भईरहेको सन्दर्भमा यस अध्ययनले पनि वैदेशिक रोजगारीका लागि दक्षिण कोरिया किन आकर्षक बन्दै गईरहेको छ भन्ने तथ्यलाई केलाउदा सिप र बजारको पहुँच कोरियामा सहज भएको कारण ५० जना सहभागी मध्ये २५ जनाले स्वीकार गरेका थिए । यसरी जाने श्रमिकहरुले दक्षिण कोरियामा सबैभन्दा बढि उद्योग र कृषि क्षेत्रमा काम गरेको देखियो । रोजगारीका क्रममा धेरै प्रकारका समस्याहरु भोल्नु परिरहेको अवस्थामा मुख्यतः दक्षिण कोरियामा नेपाली श्रमिकले शारीरीक र भाषिक समस्या भोल्नु परेको बताएका थिए । यस्तो शारीरीक समस्यामा पनि न बसेर, न उठेर काम गर्न सकिने खालको काम गर्नु पर्ने हुदा सबैभन्दा बढि कम्मर र खुट्टा सम्वन्धी दीर्घकालिन समस्या भोल्नु परेको पाईयो ।

वैदेशिक रोजगारीबाट प्राप्त आम्दानीको केहि अंश घर घडेरी किन्नमा खर्च गरेता पनि अधिकांश रकम दैनिक जीवीकोपार्जनमा नै खर्च गरेको देखियो । वैदेशिक रोजगारीबाट श्रमिकले मनग्य आम्दानी गर्दा त्यसको प्रभाव उसको अभिभावक र सन्ततीहरुमा समेत पर्न जाने हुनाले यस सम्वन्धमा विश्लेषण गर्दा सबैभन्दा बढि ७४ प्रतिशतले राम्रो र सबैभन्दा कम १० प्रतिशतले नराम्रो सम्वन्ध रहेको कुरा बताएको देखियो । त्यसैगरि नातेदारसँगको सम्वन्धलाई हेर्दा पनि सबैभन्दा बढि ५४ प्रतिशतले राम्रो सम्वन्ध रहेको बताएका थिए भने सुमधुर छ भन्नेमा ३० प्रतिशत भेटियो भने जोडीको सम्वन्धलाई केलाउदा जम्मा वैवाहिक जोडी ३५ जना मध्ये सबैभन्दा बढि २८ जना अर्थात ८० प्रतिशतले राम्रो र सबैभन्दा कम २ जना अर्थात ०५.७० प्रतिशतले बहुविवाह गरेको कुरा स्वीकार गरेका थिए ।

वैदेशिक रोजगारीबाट प्राप्त आम्दानीले देशको राष्ट्रिय अर्थतन्त्रमा मात्रै सहयोग पु-याएको होईन यसले श्रमिक परिवारको जीवनमा समेत सामाजिक, आर्थिक एवं शैक्षिक परिवर्तन ल्याएको छ । यो केवल अस्थायी प्रकृतिको परिवर्तन मात्रै हो नकि दीर्घकालिन समस्याको समाधान भने होईन । यसै सन्दर्भमा अध्ययन क्षेत्रका उत्तरदाताहरुलाई वैदेशिक रोजगारीका सकारात्मक पक्ष बारे सोधिएको

प्रश्नको जवाफमा स्थायी किसिमको बेरोजगारी र गरिबीको समस्या हल हुनुको साथै आधारभूत आवस्यकता पूर्ति गरेको कुरा सबै भन्दा बढि ५० प्रतिशत सहभागीले स्वीकारेका थिए । साथसाथै यसका नकारात्मक पक्षहरु पनि केही छन् कि भनि उत्तरदातासँग सोध्दा युवा जनशक्ति पलायन र फजुल खर्चमा बृद्धि जस्ता नकारात्मक असरहरु सबैभन्दा बढि परेका छन् भन्ने जवाफ पाईयो ।

आफ्नो देश प्राकृतिक स्रोत साधनले धनी हुँदा हुँदै पनि गतिलो र व्यवस्थित स्थायी सरकार नहुनाले देशले चरम वेरोजगारीको समस्या व्यहोर्नु परेको छ । देशमा विद्यमान वेरोजगारीको कारणले नै नेपाली युवाहरु सस्तो दरमा विदेशिन वाध्य भईरहेको अवस्थामा अध्ययन क्षेत्रका उत्तरदाताहरुसँग नेपालमा विद्यमान वेरोजगारी समस्या समाधान गर्न युवा शक्ति पलायन हुनबाट रोक्न नेपाल सरकारले के गर्नु पर्छ भनि सोधिएको प्रश्नमा धेरै जसो सहभागीहरुले स्वदेशमै रोजगारिको अवसर सृजना गर्नु र प्राविधिक व्यवसायिक शिक्षा प्रणालीमा जोड दिनु पर्ने कुरा बताएको पाईयो ।

## ७.२ अध्ययनको निष्कर्ष

एक मुलुकको श्रम बजारको श्रमशक्ति अर्को मुलुकको श्रमबजारमा व्यवस्थित रूपमा गई रोजगारी गर्नुलाई वैदेशिक रोजगार सेवा भनिन्छ । मुलुकमा रोजगारीको अवसर कम भएको कारण वैदेशिक रोजगारलाई वैकल्पिक माध्यमको रूपमा लिइएको छ । जसले वैदेशिक रोजगारमा संलग्न परिवारहरूको आर्थिक अवस्थामा सुधार ल्याई सामाजिक सम्बन्धमा समेत सकारात्मक एवम नकारात्मक दुवै खालको प्रभाव पारेको देखिन्छ। अध्ययनको उद्देश्य अनुरूप सहभागीहरूले दिएको सूचना वा तथ्याङ्कको आधारमा यस शोधपत्रको निष्कर्षलाई तल उल्लेख गरिएको छ।

अध्ययन क्षेत्रका व्यक्तिहरू धेरै अगाडि देखि नै कामको सिलसिलामा भारतका विभिन्न ठाउँमा गएको भए तापनि यस अध्ययनमा रोजगार अनुमति प्रणाली द्धारा दक्षिण कोरियामा रोजगारीको लागि गएका व्यक्तिहरूलाई मात्र संलग्न गराएकोले वैदेशिक रोजगारका लागि दक्षिण कोरियामामा जाने चलन निकै पछिबाट भएको पाइन्छ । सर्वप्रथम यस क्षेत्रबाट वि.सं.२०४२ सालमा केही परिवारका सदस्यहरु वैदेशिक रोजगारीको लागि दुबई गएका थिए । उनीहरु वैदेशिक रोजगारमा गएपछि उनीहरुको घर परिवारको आर्थिक अवस्थामा धेरै सुधार आएपछि अन्य व्यक्तिहरू पनि वैदेशिक रोजगारप्रति आकर्षण हुन थालेको कुरा देखियो । यसपछि वैदेशिक रोजगारको लागि अन्य देशमा जाने क्रम बढेको पाईएको थियो । खाडी मुलुकहरूमा जानको लागि रु.५० हजार देखि १ लाख ५० हजार सम्म लागत लगाएर विभिन्न मेनपावर तथा दलाल मार्फत् युवाहरू विदेश पुग्न थालेका रहेछन् । पछिल्लो समयमा दक्षिण कोरिया, अमेरिका, अष्ट्रेलिया र क्यानडा जस्ता मुलुकहरूमा जाने क्रम बढेको पनि देखियो । यसरी वैदेशिक रोजगारमा जानेको संख्या वृद्धि हुनुको मुख्य कारण देशमा भएको राजनैतिक अस्थिरता, बेरोजगार र सिप र श्रम बजार पहुँचमा कमी जस्ता समस्याले सृजना गरेको सामाजिक असहजताको कारण वि.सं.२०६४ देखि वि.सं.२०७४ सम्म यस क्षेत्रबाट दक्षिण कोरिया जाने युवाहरूको उल्लेख्य संख्या वृद्धि भएको देखियो ।

वैदेशिक रोजगारमा संलग्न भएका सवै जातीका मानिस आर्थिक क्रियाकलापमा सक्रिय रहने उमेर समूहका युवा जनशक्ति बढी मात्रामा रोजगारमा संलग्न भएको देखियो । जसको मुख्य कारण गरिबीको

कारणले गर्दा नै वैदेशिक रोजगारमा जानु पर्ने वाध्यता भएको बताएका थिए । वैदेशिक रोजगारमा संलग्न पुरुषको संख्या नै बढी देखियो । यसो हुनुको मुख्य कारण पितृसत्तात्मक समाजको वाहुल्यता रहेको कारणले गर्दा हो । बैदेशिक रोजगारमा आम्दानी हुने तथा नहुने सबै परिवारबाट संलग्न भएको पाईयो । सहभागिहरुको भनाई अनुसार नगद आम्दानी हुने कार्यलाई मात्र आम्दानीको रुपमा लिएको पाइयो ।

जातिगत आधारमा हेर्दा सवै जातका व्यक्तिहरू रोजगारमा संलग्न भएको पाईयो, सवै पेशा, व्यवसाय गर्ने व्यक्तिहरू पनि रोजगारमा संलग्न भएको पाईयो । जसले गर्दा परम्परागत तथा जातिगत आधारमा गरिने पेशामा क्रमशः परिवर्तन हुँदै आएको देखियो ।

वैदेशिक रोजगारमा पुरुषको संलग्नता बढी भएपछि महिलाहरू माथि दोहोरो भूमिका तथा जिम्मेवारी थपिन गएको देखियो जसले गर्दा हिजोका दिनमा घरभित्र मात्र सिमित हुने महिला अहिले निर्णय प्रक्रिया जस्ता कुरामा अगाडि आएको देखियो । यसको कारण समाजमा हुने लैङ्गिक विभेद कम भएको देखियो । वैदेशिक रोजगारबाट प्राप्त आम्दानीले सहभागीहरूको परिवारको आर्थिक अवस्थामा सुधार आएको देखियो । यसरी आर्थिक रूपमा सवल भएपछि सामाजिक सम्बन्धमा पनि सुधार आएको देखियो ।

समग्रमा वर्तमान अवस्थामा वैदेशिक रोजगारले सहभागीहरूको आर्थिक अवस्थामा सुधार ल्याए तापनि यो पेशा दीर्घकालिन रूपमा रहिरहन सक्ने अवस्था देखिंदैन । सहभागीमध्ये धेरैजसो सस्तो मूल्यमा अर्धदक्ष श्रमिकको रूपमा विदेशमा काम गरेको पाईयो । जसको कारण स्वदेशमा युवा जनशक्तिको अभावले आफ्नो देशमा भएको साना घरेलु उद्योग तथा कृषि क्षेत्र संकटमा पर्दै गएको देखियो । यसले गर्दा धेरैजसो परिवारहरू बजारमुखी भएका पाईयो । वैदेशिक रोजगारमा रहँदा अथवा स्वदेश फर्किंदा आफु र आफ्नो परिवारको लागि विभिन्न सामानहरू (घडी, टेलिभिजन, ल्यापटप, मोवाइल) जस्ता महँगा सामान खरिद गर्ने भएकोले विदेशमा कमाएको पूँजी विदेशमा नै छोडेर आएको पाईयो ।

यसरी अध्ययन क्षेत्रका मानिसहरु विश्व बजारमा पाइने वस्तुहरूको प्रयोग गर्दै विश्वव्यापीकरण तर्फ अगाडि बढेको देखियो भने अर्कोतिर विदेशी सामानको खरिद गर्दा आफुले कमाएको पूँजी विदेशमा नै फर्किएको देखियो । जसको कारण वैदेशिक रोजगारले परनिर्भरताको स्थिति सृजना गर्न सक्ने देखिन्छ।

जसरी बालेस्टाइनले विश्व व्यवस्था अन्तर्गत विकसित (केन्द्र) देशहरूले अविकसित (पृष्ठ क्षेत्रका) देशहरूबाट अदक्ष श्रमिकहरू निर्यात मात्र गर्दैनन्, सस्तो मूल्यमा काममा लगाएर बढी भन्दा बढी नाफा कमाएका हुन्छन् र विदेशमा कमाएको पूँजी पनि विभिन्न वाहानामा विलासिताका सामानहरू लगायत अन्य वस्तुहरूको खरिद गर्न बाध्य पारि पूँजी विकसित देशतर्फ नै लैजान्छन् भनेका थिए । बालेस्टाइनले विश्व अर्थतन्त्रमा तिनवटा क्षेत्रको धारणालाई अगाडी सारेका थिए । विश्व संरचनामा केन्द्र क्षेत्रले अर्धपृष्ठ र पृष्ठ क्षेत्रलाई शोषण गरिरहेका हुन्छन् भने अर्धपृष्ठ क्षेत्रले पनि पृष्ठ क्षेत्रलाई शोषण गरिरहेका हुन्छन् । त्यसरी नै नेपाल जस्तो पृष्ठ क्षेत्रबाट अर्धपृष्ठ तथा केन्द्र क्षेत्र तर्फ रोजगारमा गएका श्रमिकहरुलाई श्रम शोषण गर्ने गरेका हुन्छन् । उनिहरुलाई कम ज्यालामा काममा लगाएर बढि भन्दा

बढि नाफा कमाएका हुन्छन् । पृष्ठ क्षेत्रका श्रमिकहरुले आधुनिक बन्नको लागि विदेशमा कमाएको पुँजि विदेशी सामान खरिद गरेर फर्कने प्रक्रियाले गर्दा केन्द्र क्षेत्र र अर्धपृष्ठ क्षेत्र झन् झन् धनि हुने तर पृष्ठ क्षेत्रमा परनिर्भरता बढ्दै जाने स्थिती रहेको छ।

यसरी अध्ययन क्षेत्रबाट रोजगारको शिलशिलामा केन्द्र तथा अर्ध पृष्ठ क्षेत्र तर्फ जाने क्रम बढेको छ । जसको कारण स्थानिय क्षेत्र अथवा पृष्ठ क्षेत्रमा युवा जनशक्तिको अभावले विकास निर्माण, स्थानिय घरेलु तथा साना उद्योग बन्द हुने अवस्थामा छन्, खेतीयोग्य भुमि बाँझो रहेको देखियो । अध्ययन क्षेत्रमा स्थानिय स्तरमा विकासका संभावना प्रशस्त भएता पनि नाफा मुलक उत्पादन हुन नसकेकोले युवा जनशक्ति बैदशिक रोजगारमा जाने क्रम बढि रहेको देखियो ।

अन्त्यमा अध्ययनले देखाएका तथ्यहरुको निष्कर्ष यस प्रकार रहेको छ ।

- सुरक्षीत उच्च बजार मूल्य प्राप्तीको सम्भावना वलियो भएकोले कोरीयाली श्रमबजारमा नेपाली युवाश्रमिकहरुको आकर्षण बढेको हो ।
- त्यसकारण सुरक्षीत उच्च मूल्य प्राप्तीको सम्भावना सवल वा दुर्वल हुनाका कारण कुनैपनि वैदेशिक रोजगार स्थल आकर्षण या विकर्षण हुने आधार निमार्ण गदर्छ ।
- वैदेशिक रोजगारका समस्याहरु अनुकुलन क्षमतामा आधारीत छन् । पर्यावरणीय, शारीरिक, मानसिक र प्राविधिक अनुकुलनता राम्रो हुन सकेमा श्रमिकका लागि वैदेशिक रोजगार समस्या पूर्ण छैनन् तर त्यही तत्वमा अनुकुलनता कमजोर देखिएका श्रमिकका लागि वैदेशिक रोजगार बढी समस्यापूर्ण देखिन्छन् । त्यसकारण अनुकुलनताको मात्रा बढाउदा समस्या थोरै हुने र अनुकुलनताको मात्रा कमजोर हुँदा समस्याको मात्रामा बढी हुने देखिएको छ ।
- वैदेशिक रोजगारीबाट प्राप्त आम्दानीले पारिवारिक जीवनस्तरमा सुधार ल्याएता पनि पारिवारिक सम्बन्ध प्रणालीमा सकारात्मक तथा नकारात्मक दुवै किसिमका प्रभावहरु पारेको पाइयो ।
- वैदेशिक रोजगारीका आम्दानीले अस्थायी रुपमा देश र परिवारको आर्थिक समस्यालाई हल गरेको देखिएता पनि यो स्थायी किसिमको आम्दानीको स्रोत बन्न नसक्दा जुन बाटोबाट प्राप्त भएको छ सोही बाटो भएर फर्किएको पाइयो ।

# सन्दर्भ सामाग्री

के.सी., नवराज (२०६६): *“नयाँ नेपाल निर्माणमा वैदेशिक रोजगारले खेल्न सक्ने भुमिका”*, काठमाडौं: वैदेशिक रोजगार पत्रकार संघ।

घर्तिमगर, मनोज (२०७१): *“भर्तीको फन्दा”,* काठमाण्डौ, मिडियामेट प्रिन्टप्वाइन्ट, ।

घले, प्रेम बहादुर (२०७२): *“गोरखा भर्तीले नेपाली जनजीवनमा पारेको प्रभाव एक समाजशास्त्रीय अध्ययन”,* (अप्रकाशित शोधपत्र), पोखरा, पृथ्वी नारायण क्याम्पस ।

डाँगी, युवराज (२०६७): “वैदेशिक रोजगार र नेपाली समाज: एक समाजशास्त्रीय अध्ययन”, (अप्रकाशित शोधपत्र), त्रिभूवन विश्वविद्यालय, किर्तिपूर ।

थापा, दिल बहादुर (२०७०): *“वैदेशिक रोजगारले समाजमा पारेको प्रभाव: एक समाजशास्त्रीय अध्ययन”,* (अप्रकाशित शोधपत्र), पोखरा, पृथ्वी नारायण क्याम्पस, ।

दाहाल, गणेश (२०६६): *“वैदेशिक रोजगारका विविध पक्षहरू”,* काठमाण्डौ, प्याराडाईज इ.प्रा.लि.।

नेपाल वैदेशिक रोजगार संघ, (२०४९)

नेपाल राष्ट्र  बैंक (२०७४): *वार्षिक प्रतिवेदन,*  ने.रा.बैक काठमाण्डौ, नेपाल ।

नेपाल सरकार वैदेशिक रोजगार ऐन, २०४२, २०६४, काठमाण्डौ, कानुनी किताब व्यवस्था समिति, ववरमहल ।

पण्डित, सूर्यकुमार (२०५६): *“नेपालमा वैदेशिक रोजगार”,* काठमाण्डौ, वैदेशिक रोजगार पत्रकार संघ ।

पोखरेल, नारयणदत्त (२०५७)*: “वैदेशिक रोजगारले नेपाली समाजमा पारेको प्रभाव: एक समाजशास्त्रीय अध्ययन”,* (अप्रकाशित शोधपत्र) त्रिभूवन विश्वविद्यालय, कीर्तिपुर ।

रेग्मी, हेमराज (२०५६): *Labor Statistics,*काठमाडौं: नेपाल सरकार केन्द्रिय तथ्याङ्क विभाग।

राष्ट्रिय जनगणना, (२०६८): *प्रारम्भीक नतिजा,* काठमाण्डौ, केन्द्रिय तथ्याङ्क विभाग, ।

राष्ट्रिय योजना आयोग, (२०३७): छैटौं योजनाको आधारपत्रै, काठमाण्डौ,  ।

राष्ट्रिय योजना आयोग (२०६५): *अन्तरिम त्रि-वर्षिय योजनाको प्रतिवेदन,* सिहंदरबार, काठमाण्डौ ।

वैदेशिक रोजगार ऐन, (२०६४): नेपाल सरकार, श्रम तथा रोजगार मन्त्रालय, काठमाडौ ।

वैदेशिक रोजगार नियमावली, (२०५४): नेपाल सरकार ।

वैदेशिक रोजगार विभाग, २०६८, *वार्षिक प्रतिवेदन,* काठमाण्डौ, वैदेशिक रोजगार सरोकार पत्रकार संघ ।

विश्व बैंक (२०१८): वार्षिक प्रतिवेदन ।

शर्मा, पिताम्वर (२०७३): ***"वैदेशिक रोजगारले ग्रामिण जीवनमा पारेको प्रभावः एक समाजशास्त्रीय अध्ययन",*** (अप्रकाशित शोधपत्र), पोखरा, पृथ्वी नारायण क्याम्पस ।

शाही, डालकुमारी (२०७०): ***"वैदेशिक रोजगार र यसले समाजमा ल्याएको परिवर्तनः एक समाजशास्त्रीय अध्ययन",*** (अप्रकाशित शोधपत्र) त्रिभूवन विश्वविद्यालय, किर्तिपूर ।

श्रम डेस्क रजिष्ट्रार, (१९९८), त्रिभुवन अन्तराष्ट्रिय विमानस्थल, रेकर्ड बुक्स, काठमाण्डौ, श्रम विभाग ।

ई.पि.एस.सन् (२०१७), *वार्षिक प्रतिवेदन,* रोजगार अनुमति शाखा, ललितपुर ।

English :

Pessino, C. (1991), *"sequential migration theory and evidence",* Peru, NCBI information

Ravenstein, G. (1889), *"Law Of Migration"* Retrieved from www2.harpercollege.edu/mhealy/migrat/xp/mgravn.htm

Ritzer, G. (1992), *"The modern sociological theory",* 7th Edition, New York Press

**अनुसूचीः एक**

**श्रमिक उत्तरदाताको लागि**

**"वैदेशिक रोजगारीप्रतिको आकर्षण तथा समस्याहरु, दक्षिण कोरियाका नेपाली श्रमिकमा आधारित समाजशास्त्रीय अध्ययन" का लागि स्थलगत अन्तर्वार्ता अनुसूची -२०७४**

**उत्तरदाता महोदय नमस्कार !**

त्रिभुवन विश्वविद्यालयको पृथ्वी नारायण क्याम्पसबाट समाजशास्त्र विषयमा स्नातकोत्तर तहको शोधपत्र तयार गर्ने प्रयोजनका लागि माथिको शिर्षकमा शोधकार्य गर्न लागिरहेको छु । त्यस कार्यमा वैदेशिक रोजगार सम्वन्धमा तपाईको सुचना र जानकारी अति महत्वपूर्ण हुने भएकोले मलाई आवश्यक सुचना दिनुहुन अनुरोध गर्दछु । तपाईले दिएका सुचनाहरु तथ्याङ्क ऐन २०१५ बमोजिम गोप्य राख्ने प्रतिवद्धता जनाउदछु ।

**शान्ति अधिकारी**
**रोल नं.५१४**
**पृथ्वी नारायण क्याम्पस, समाजशास्त्र विभाग**

**खण्ड (क) -उत्तरदाताको सामान्य पृष्ठभूमि**

| प्रश्न नं. | प्रश्नहरु | प्रतिक्रिया वर्गिकरण |
|---|---|---|
| १ | उत्तरदाताको नाम | ............. |
| २. | उमेर | १.२३-२८वर्ष २.२८- ३३वर्ष ३.३३ देखि माथी |
| ३. | जातरजाती | १.ब्राह्मण २.क्षेत्री ३.दलित ४.जनजाती<br>५. अन्य ................... |
| ४. | धर्म | १.हिन्दु २.बौद्ध ३. मुस्लिम ४.क्रिश्चियन<br>५.अन्य................ |
| ५. | पेशा व्यवसाय | १.कृषि २. सरकारी सेवा ३.श्रम<br>४. व्यापार ५. अध्ययन<br>६. अन्य ........ |
| ६. | शैक्षिक स्तर | १.आधरभूत शिक्षा २.माध्यामिक शिक्षा ३.उच्च शिक्षा<br>४. अन्य....................... |
| ७. | वैवाहिक अवस्था | .विवाहित २.अविवाहित ३.सम्बन्ध विच्छेद<br>४. अन्य................ |
| ८. | लैङ्गिक अवस्था | १.महिला २.पुरुष ३. तेस्रो लिङ्गी |
| ९ | परिवारको किसिम | १.एकल परिवार २.संयुक्त परिवार<br>३. अन्य... |

**खण्ड(ख)-उत्तरदाता (श्रमिक) को वैदेशिक रोजगारीप्रतिको आकर्षण तथा समस्याहरु................**

| प्रश्न नं. | प्रश्नहरु | प्रतिक्रिया वर्गीकरण |
|---|---|---|
| १. | तपाईलाई वैदेशिक रोजगारमा जानु पर्नाको दिएका मध्ये मुख्य-मुख्य बाध्यताहरु कुन-कुन हुन ? | १. गरिबी<br>२. बेरोजगारी<br>३. व्यवसायको असुरक्षा<br>४. अन्य |
| २. | नेपाली युवायुवतिका लागि दक्षिण कोरियाको रोजगारी गन्तव्यका रुपमा छनौट हुनुका मुख्य आकर्षणका कारणहरु के हुन सक्छन् ? | १. स्वदेशमा श्रमको उचित मुल्य नपाउनु<br>२. सिप र बजारको पहुँच<br>३. साथीसंगीहरुको देखासिकी<br>४. विदेशमा श्रमको मुल्य बढी पाउनु<br>५. अन्य |
| ३. | अन्य देशको तुलनामा रोजगारीको निम्ति दक्षिण कोरिया प्रमुख गन्तव्य बन्नुका कारण के-के हुन सक्छन् ? | १. तुलनात्मक रुपमा सहज हावापानी<br>२. सरकारी तहबाटै व्यवस्थित<br>३. यथेष्ट नेपाली कामदार<br>४. श्रमिकको बिमा राम्रो<br>५. अन्य............. |
| ४. | नेपालीहरुलाई मुख्यरुपमा कस्तो प्रकारको काममा लगाईन्छ ? | १.कृषि २.उधोग<br>३. निर्माण ४.शैक्षिक क्षेत्र<br>५.अन्य.......... |
| ५. | रोजगारीमा मुख्य कस्तो प्रकारको समस्या भेल्नु परेको थियो ? | १.आर्थिक २. भाषिक<br>३.शारीरिक ४.मानसिक<br>५.अन्य.................... |
| ६. | यदि शारीरिक हो भने दिएका मध्ये कस्तो खालको हो छुट्टाईदिनुहोस ? | १.खुट्टाको २.कम्मरको<br>३.आँखाको ४.फोक्सोको<br>५. अन्य....................... |
| ७. | वैदेशिक रोजगारका सकारात्मक पक्षहरु के-के हुन सक्छन् ? | १. आर्थिक उन्नती<br>२. गरिबी समस्याको हल<br>३. आधारभूत आवस्यकता परिपुर्ति<br>४. बेरोजगारी समस्याको हल<br>५. अन्य........ |
| ८. | वैदेशिक रोजगारका नकारात्मक पक्षहरु के - के हुन सक्छन् ? | १. युवा जनशक्ति पलायन<br>२. बसाई सराईको समस्या<br>३. देश विकासमा वाधा<br>४. फजुल खर्चमा बृद्धि |

**खण्ड(ग)-वैदेशिक रोजगारीले व्यक्तिगत जीवन तथा पारिवारीक सम्वन्ध प्रणालीमा पारेको प्रभाव....................**

| प्रश्न नं. | प्रश्नहरु | प्रतिक्रिया वर्गिकरण |
|---|---|---|
| १. | सामाजिक रुपमा रोजगारीले तपाईको व्यक्तिगत जीवनमा कुन महत्वपूर्ण प्रभाव पारेको महशुस गर्नु भएको छ ? | १.सामाजिक प्रतिष्ठा<br>२.सास्कृतिक<br>३.आर्थिक प्रतिष्ठा<br>४. अन्य.......................... |
| २. | अभिभावक सगँको सम्वन्ध कस्तो रहेको छ ? | १................................<br>२..............................<br>३................................ |
| ३. | रोजगारीबाट मासिक आम्दानी कति थियो ? | १.रु.एक लाख<br>२.रु.एक लाख देखि एकलाख पचास हजार सम्म<br>३.रु. दुई लाख सम्म<br>४.रु.दुई लाख भन्दा बढि |
| ४. | यस्तो आम्दानीको महत्वपूर्ण भाग मूख्यतः कुन कुन शिर्षकमा खर्च भएको छ ? | १. जीवन निर्वाह गर्न<br>२. निर्माण क्षेत्र<br>३. घरजग्गा खरिद गर्न<br>४. उद्योग व्यवसाय चलाउन<br>५. अन्य................. |
| ५. | तपाई र तपाईका नातेदार तथा परिवारका अन्य सदस्यहरुसँगको सम्वन्ध कस्तो रहेको छ ? | ............................. |
| ६. | वैदेशिक रोजगारबाट फर्केपछि तपाईले दिएका मध्ये नेपालमा मुख्यतः कुन पेशा अवलम्वन गर्नु भएको छ ? | १.व्यापार<br>२.उधोग<br>३. कृषि<br>४. अन्य...................... |

**धन्यबाद !**

**घरमूली उत्तरदाताको लागि**

**“वैदेशिक रोजगारीप्रतिको आकर्षण तथा समस्याहरु, दक्षिण कोरियाका नेपाली श्रमिकहरुमा आधारित समाजशास्त्रीय अध्ययन” का लागि स्थलगत अन्तर्वार्ता अनुसूची -२०७४**

**उत्तरदाता महोदय नमस्कार !**

त्रिभुवन विश्वविद्यालयको पृथ्वी नारायण क्याम्पसबाट समाजशास्त्र विषयमा स्नातकोत्तर तहको शोधपत्र तयार गर्ने प्रयोजनका लागि माथिको शिर्षकमा शोधकार्य गर्न लागिरहेकी छु । त्यस कार्यमा वैदेशिक रोजगार सम्वन्धमा तपाईको सुचना र जानकारी अति महत्वपूर्ण हुने भएकोले मलाई आवश्यक सुचना दिनुहुन अनुरोध गर्दछु । तपाईले दिएका सुचनाहरु तथ्याङ्क ऐन २०१५ बमोजिम गोप्य राख्ने प्रतिवद्धता जनाउदछु ।

**शान्ति अधिकारी**
**रोल नं.५१४**
**पृथ्वी नारायण क्याम्पस, समाजशास्त्र विभाग**

**खण्ड (क)- श्रमिकको घरमूलीको सामान्य पृष्ठभूमी............**

| प्रश्न नं. | प्रश्नहरु | प्रतिक्रिया वर्गिकरण |
|---|---|---|
| १. | उत्तरदाताको नाम | ............. |
| २. | उमेर | ......................... |
| ३. | जात / जाती | १.ब्राह्मण २.क्षेत्री ३.दलित<br>४.जनजाती ५. अन्य.............. |
| ४. | धर्म | १.हिन्दु २.बौद्ध ३.मुस्लिम<br>४.क्रिश्चियन ५.अन्य................. |
| ५. | पेशा / व्यवसाय | १.कृषि २. सरकारी सेवा ३.श्रम ४. व्यापार<br>५. अध्ययन ६. अन्य........... |
| ६. | शैक्षिक स्तर | १.आधारभूत शिक्षा २.माध्यामिक शिक्षा ३.उच्च शिक्षा ४. अन्य.................... |
| ७. | लैङ्गिक अवस्था | १.महिला २.पुरुष ३. तेस्रो लिङ्गी |
| ८. | परिवारको किसिम | १.एकल परिवार २.संयुक्त परिवार<br>३. अन्य...................... |
| ९. | तपाईका छोरा छोरी कति छन् ? | ....................................... |
| १०. | कति जना छोरा छोरी वैदेशिक रोजगारीका रुपमा दक्षिण कोरियामा काम गर्छन ? | .................................... |

**खण्ड (ख)( वैदेशिक रोजगारका निम्ति दक्षिण कोरिया जानुको कारण र प्रभाव......................**

| प्रश्न नं. | प्रश्नहरु | प्रतिक्रिया वर्गिकरण |
|---|---|---|
| १. | वैदेशिक रोजगारीका रुपमा दक्षिण कोरियामा पठाउनुको मूख्य कारण के थियो ? | १..............................<br>२..............................<br>३. ................................ |
| २. | अन्य देशको तुलनामा रोजगारीको निम्ति दक्षिण कोरिया प्रमुख गन्तव्य बन्नुका कारण के(के हुन सक्छन् ? | १. तुलनात्मक रुपमा सहज हावापानी<br>२. सरकारी तहबाटै व्यवस्थित<br>३. यथेष्ट नेपाली कामदार<br>४. श्रमिकको बिमा राम्रो<br>५. अन्य............. |
| ३. | तपाईका छोरा-छोरीले मासिक कति पैसा पठाउने गरेका छन् ? | ............ |
| ४. | उक्त रकम मुख्य रुपमा के मा खर्च गर्नु भएको छ ? | १.निर्माण क्षेत्रमा २.घरघडेरी किन्न<br>३. दैनिक जीवीकोपार्जन<br>४. अन्य........................ |
| ५. | कोरिया गएका कारण तपाई र छोराछोरी बिच पारिवारीक सम्वन्ध कस्तो छ ? | १...........................<br>२. ................................. |
| ६. | तपाईको परिवारको सदस्य वैदेशिक रोजगारमा संलग्न भएपछि कुन-कुन क्षेत्रमा परिवर्तन भएको महसुस गर्नु भएको छ ? | १.सामाजीक प्रतिष्ठा २.सास्कृतिक<br>३.आर्थिक प्रतिष्ठा ४.अन्य .......... |
| ७. | नेपाली युवायुवतिका लागि दक्षिण कोरियाको रोजगारी गन्तव्यका रुपमा छनौट हुनुका मुख्य आकर्षणका कारणहरु के हुन सक्छन् ? | १.स्वदेशमा श्रमको उचित मुल्य नपाउनु<br>२. सिप र बजारको पहुँच<br>३. साथीसंगीहरुको देखासिकी<br>४. विदेशमा श्रमको मुल्य बढी पाउनु५. अन्य |
| ८. | वैदेशिक रोजगारका सकारात्मक पक्षहरु के- के हुन सक्छन् ? | १.आर्थिक उन्नती २. गरिबी समस्याको हल<br>३.आधारभूत आवस्यकता परिपुर्ति<br>४. बेरोजगारी समस्याको हल ५. अन्य........ |
| ९. | वैदेशिक रोजगारका सकारात्मक पक्षहरु के-के हुन सक्छन् ? | १. युवा जनशक्ति पलायन २. बसाई सराईको समस्या ३. देश विकासमा वाधा ४. फजुल खर्चमा बृद्धि |
| १०. | वैदेशिक रोजगारका नकारात्मक पक्षहरु के-के हुन सक्छन् ? | १. स्वदेशमै रोजगारीको अवसर<br>२. प्राविधिक व्यवसायिक शिक्षा प्रणाली<br>३.आर्थिक सहयोग ४.व्यवसायमा सुरक्षाको प्रत्याभूति |

## वैवाहिक जोडीको लागि

**"वैदेशिक रोजगारीप्रतिको आकर्षण तथा समस्याहरु, दक्षिण कोरियाका नेपाली श्रमिकहरुमा आधारित समाजशास्त्रीय अध्ययन" का लागि स्थलगत अन्तर्वार्ता अनुसूची -२०७४**

**उत्तरदाता महोदय नमस्कार !**

त्रिभुवन विश्वविद्यालयको पृथ्वी नारायण क्याम्पसबाट समाजशास्त्र विषयमा स्नातकोत्तर तहको शोधपत्र तयार गर्ने प्रयोजनका लागि माथिको शिर्षकमा शोधकार्य गर्न लागिरहेकी छु । त्यस कार्यमा वैदेशिक रोजगार सम्वन्धमा तपाईको सुचना र जानकारी अति महत्वपूर्ण हुने भएकोले मलाई आवश्यक सुचना दिनुहुन अनुरोध गर्दछु । तपाईले दिएका सुचनाहरु तथ्याङ्क ऐन २०१५ बमोजिम गोप्य राख्ने प्रतिवद्धता जनाउदछु ।

**शान्ति अधिकारी**
**रोल नं.५१४**
**पृथ्वी नारायण क्याम्पस, समाजशास्त्र विभाग**

**खण्ड (क) -उत्तरदाताको सामान्य पृष्ठभूमि**

| प्रश्न नं. | प्रश्नहरु | प्रतिक्रिया वर्गिकरण |
|---|---|---|
| १. | उत्तरदाताको नाम | ............. |
| २. | उमेर | ......................... |
| ३. | जातरजाती | १.ब्राह्मण २.क्षेत्री<br>३.दलित ४.जनजाती<br>५. अन्य ................... |
| ४. | धर्म | १.हिन्दु २.बौद्ध<br>३.मुस्लिम ४.क्रिश्चियन<br>५.अन्य................ |
| ५. | पेशा / व्यवसाय | १.कृषि २. सरकारी सेवा ३.श्रम<br>४. व्यापार ५. अध्ययन<br>६. अन्य ........ |
| ६. | शैक्षिक स्तर | १.आधरभूत शिक्षा २.माध्यामिक शिक्षा ३.उच्च शिक्षा<br>४. अन्य....................... |
| ७. | वैवाहिक अवस्था | १.विवाहित २.बहुविवाह ३.सम्बन्ध विच्छेद<br>४.अन्य............... |
| ८. | लैङ्गिक अवस्था | १.महिला २.पुरुष ३.तेस्रो लिङ्गी |
| ९. | परिवारको किसिम | १.एकल परिवार २.संयुक्त परिवार<br>३.अन्य... |

**खण्ड (ख)-वैदेशिक रोजगारका निम्ति दक्षिण कोरिया जानुको कारण र प्रभाव.......................**

| प्रश्न नं. | प्रश्नहरु | प्रतिक्रिया वर्गीकरण |
|---|---|---|
| १. | वैदेशिक रोजगारीका जान कुन कारणले प्रेरित गर्यो ? | १.............. |
| २. | अन्य देशको तुलनामा रोजगारीको निम्ति दक्षिण कोरिया प्रमुख गन्तव्य बन्नुका कारण के-के हुन सक्छन् ? | १. तुलनात्मक रुपमा सहज हावापानी<br>२. सरकारी तहबाटै व्यवस्थित<br>३. यथेष्ट नेपाली कामदार<br>४. श्रमिकको बिमा राम्रो<br>५. अन्य............. |
| ३. | वैदेशिक रोजगारीले श्रीमान र श्रीमती बिचको सम्वन्धमा कस्तो प्रभाव परेको छ ? | १. सम्वन्ध विच्छेद २. वहुविवाह<br>३.छुट्टभिन्न ४.सुमधुर |
| ४. | तपाई र तपाईका नातेदार तथा परिवारका अन्य सदस्यहरुसँगको सम्वन्ध कस्तो रहेको छ ? | ............... |
| ५. | तपाईको परिवारको सदस्य वैदेशिक रोजगारमा संलग्न भएपछि कुन(कुन क्षेत्रमा परिवर्तन भएको महसुस गर्नु भएको छ ? | १.सामाजीक प्रतिष्ठा २.सास्कृतिक<br>३.आर्थिक प्रतिष्ठा<br>४. अन्य ................. |
| ६. | वैदेशिक रोजगारीका माध्यमबाट भईरहेरको युवाशक्ति पलायनलाई रोक्न के गर्नु पर्ला ? | १. स्वदेशमै रोजगारीको अवसर<br>२. प्राविधिक व्यवसायिक शिक्षा प्रणाली<br>३. आर्थिक सहयोग<br>४. व्यवसायमा सुरक्षाको प्रत्याभूति |
| ७. | वैदेशिक रोजगारका सकारात्मक पक्षहरु के( के हुन सक्छन् ? | १. आर्थिक उन्नती<br>२. गरिबी समस्याको हल<br>३. आधारभूत आवस्यकता परिपुर्ति<br>४. बेरोजगारी समस्याको हल ५. अन्य........ |
| ८. | वैदेशिक रोजगारका नकारात्मक पक्षहरु के( के हुन सक्छन् ? | १. युवा जनशक्ति पलायन २.बसाईसराईको समस्या ३. देश विकासमा वाधा<br>४.फजुल खर्चमा बृद्धि<br>५. अन्य............................... |
| ९. | नेपाली युवायुवतिका लागि दक्षिण कोरियाको रोजगारी गन्तव्यका रुपमा छनौट हुनुका मुख्य आकर्षणका कारणहरु के हुन सक्छन् ? | १. स्वदेशमा श्रमको उचित मुल्य नपाउनु<br>२. सिप र बजारको पहुँच<br>३. साथीसंगीहरुको देखासिकी<br>४. विदेशमा श्रमको मुल्य बढी पाउनु<br>५. अन्य |

**धन्यवाद !**

## समूह छलफलको लागि

**“वैदेशिक रोजगारीप्रतिको आकर्षण तथा समस्याहरु, दक्षिण कोरियाका नेपाली श्रमिकमा आधारित समाजशास्त्रीय अध्ययन” का लागि स्थलगत अन्तर्वार्ता अनुसूची -२०७४**

**खण्ड (क) - वैदेशिक रोजगारीमा देखिएका समस्या समाधानका उपायहरु**

| प्रश्न नं. | प्रश्नहरु | प्रतिक्रिया वर्गिकरण |
|---|---|---|
| १. | वैदेशिक रोजगारका बारेमा तपाईहरुको धरणा कस्तो छ ? | ............................. |
| २. | वैदेशिक रोजगारी जानु ठिक की वेठिक ? | ............................. |
| ३. | वैदेशिक रोजगारीका क्रममा नेपाली युवाहरुले भ्रेल्नु परेका समस्या समाधान गर्न के गर्नु पर्ला ? | १. जनचेतना अभिवृद्धि<br>२. कानूनको कार्यान्वयन<br>३. श्रम सहचारीको व्यवस्था<br>४.गैह्रकानूनी कामदारलाई निरुत्साहीत<br>५. अन्य........................... |
| ४. | बेरोजगारी समस्याको हल गर्न नेपाल सरकार सक्षम छ ? | १. सक्षम छ २.गा-ह्रो छ ३. थाहा छैन |
| ५. | वैदेशिक रोजगारीका कारण पारिवारिक सम्वन्धमा देखिएका नकारात्मक प्रभावलाई रोक्न के गर्नु पर्ला ? | १.......................२.......................<br>३................. |
| ६. | माथी उल्लेख गरिएका बाहेक समस्या समाधानका लागि केही सुझाव र सल्लाह छन् की ? | १.......................२.......................<br>३................. |
| ७. | वैदेशिक रोजगारका सकारात्मक पक्षहरु के- के हुन सक्छन् ? | १. आर्थिक उन्नती<br>२. गरिबी समस्याको हल<br>३.आधारभूत आवस्यकता परिपुर्ति<br>४.बेरोजगारी समस्याको हल<br>५. अन्य........ |
| ८. | वैदेशिक रोजगारका नकारात्मक पक्षहरु के- के हुन सक्छन् ? | १. युवा जनशक्ति पलायन<br>२.बसाईसराईको समस्या<br>३. देश विकासमा वाधा<br>४.फजुल खर्चमा बृद्धि<br>५. अन्य................................ |
| ९. | वैदेशिक रोजगारीका माध्यमबाट भईरहेरको युवाशक्ति पलायनलाई रोक्न के गर्नु पर्ला ? | १.स्वदेशमै रोजगारीको अवसर<br>२.प्राविधिक व्यवसायिक शिक्षा प्रणाली<br>३.आर्थिक सहयोग<br>४.व्यवसायमा सुरक्षाको प्रत्याभूति |

**धन्यवाद !**


अनुसूचीः दुई

## सामूहिक छलफलमा सहभागीहरुको नामावली

१. ईश्वरी गुरुङ
२.केदार अधिकारी
३.कोपिला गुरुङ
४.चुना गुरुङ
५.जितेन्द्र बाँनिया
६.मन बहादुर मल्ल
७.माया मगर
८.दिपक पोखेल
९.दिनेश श्रेष्ठ
१०.युवराज कार्की
११.रत्नमणी अधिकारी
१२.विष्णु भुषाल
१३.शान्ती गुरुङ
१४ शोभा पन्त
१५ सरस्वती गुरुङ
१७.सृजना नेपाली
१८.सृजना श्रेष्ठ
१९. सिता नेपाली
२०.सुनिल राउत
२१.हरि पोखेल

अनुसूचीः तीन

## लम्जुङ्ग, सुन्दरबजार नगरपालिकाको नक्शा



अनुसूचीः   चार

## क्षेत्र अध्ययनका क्रममा उत्तरदातासँग लिईएका तस्विरहरु



















दीपावली

